पवित्र आत्माका वरदानहरू प्राप्त गर्नु

# RECEIVING

# THE GIFTS OF THE HOLY SPIRIT

BILL SUBRITZKY

# पवित्र आत्माका वरदानहरु प्राप्त गर्नु

**Bill Subritzky**

**Good News Publisher**
**Kathmandu**

**RECEIVING TE GIFTS OF THE HOLY SPIRIT**
SovereignWorld Lotd.
PO Box 777
Tonbridge
Kent TN11 OZS
England (UK)

Copyright © 2002
Dove Ministries Ltd.
PO Box 48036
Blockhouse Bay
Auckland 1230
New Zealand

Translated and published in Nepali language by:
Good News Publisher
PO Box 1083
Kathmandu, Nepal
EM: goodnews@enet.com.np

Published in Nepali language - 2007

# विषय सूची


| | | |
|---|---|---|
| प्रस्तावना | ... ... ... ... ... | ७ |
| भूमिका | ... ... ... ... ... | ९ |
| १. | विश्वास आवश्यक हुन्छ ... ... ... | ११ |
| २. | पवित्र आत्माका वरदानहरू र फलहरूको बीचमा भेद गर्नु | १७ |
| ३. | ख्रीष्टको शरीरमा आफ्नो ठाउँ (स्थान) भेट्टाउनु ... | २१ |
| ४. | पवित्र आत्माका वरदानहरू प्राप्त गर्नु ... ... | २६ |
| ५. | परमेश्वरको अभिषेक ... ... ... | २९ |
| ६. | प्रेम ... ... ... ... ... | ३८ |
| ७. | अगमवाणी बोल्नु ... ... ... | ४१ |
| ८. | बुद्धिका कुरा ... ... ... ... | ४९ |
| ९. | ज्ञानका कुरा ... ... ... ... | ५६ |
| १०. | विश्वासको वरदान ... ... ... | ६९ |
| ११. | रोग निको पार्ने (चंगाईको) वरदान ... ... | ७६ |
| १२. | आश्चर्य कामहरू ... ... ... | ८४ |
| १३. | आत्माहरू छुट्ट्याउने वरदान ... ... | ९३ |
| १४. | अन्य भाषाहरू बोल्नु ... ... ... | १०१ |
| १५. | अन्य भाषाहरूको अर्थ खोलिदिने ... ... | १०७ |
| १६. | सभाको लागि अगुवादल ... ... ... | ११० |
| १७. | पवित्र आत्माका वरदानहरू कसरी प्राप्त गर्ने ? ... | ११५ |
| १८. | अन्तिम व्यवहारिक अन्तर्दृष्टिहरू ... ... | १२१ |

# प्रस्तावना

बिल सुब्रिज्की मण्डलीको भाषामा भन्दा उनी मण्डलीमा एक साधारण सदस्य हुन्। उनी एउटा ठूलो कानूनी फर्मका वरिष्ठ साझेदार थिए। साथै उनी न्यूजिल्याण्डमा सबैभन्दा ठूला भवन निर्माण कम्पनीहरूमध्ये एउटाको संस्थापक र व्यवस्थापकीय निर्देशक थिए। तर उनी एक सामान्य सेवक हुन्। यथार्थमा, उनी धेरै सेवकहरूका लागि पूर्णरूपले अपरिचित, तर अधिकारको बोधसहित एउटा क्षेत्रमा सेवकाई गर्दछन्।

उनले एंग्लिकन चर्चको साधारण सदस्यको खातिर खुला हरेक पदमा काम गरेका तथ्यले उनलाई असाधारण बनाएको होइन। बरू, विश्वासीहरूको पूजारीगिरीको नयाँ करारको सिद्धान्तको उनको खोज र धेरैले चुकेका मात्रासम्म यस सत्यलाई आफ्नो जस्तो गरी चलाउने काम गरेकाले उनी असाधारण भएका छन्।

बिल सुब्रिज्कीको कथा परमेश्वरको पवित्र आत्माले भरिएको सेवकमा परिवर्तित एक समर्थ मण्डली सेवकको कथाभन्दा धेरै बढी हो। यो एउटा मानिसको विवरण हो, जसमा पुनरुत्थित ख्रीष्ट वास गर्नुहुन्छ, र जसद्वारा पवित्र आत्माले आत्मिक वरदानहरू प्रदान गर्नुहुन्छ। आफ्नो जीवन आमूल परिवर्तन गरेका आत्मिक खोजहरू बाँडचुँड गर्ने प्रबल लालसा भएको एकजना मानिसको बोझालाई यस पुस्तकले प्रकट गर्दछ।

यस पुस्तकमा निहित सन्देशहरू फुल गोस्पल बिजिनेस मेन्स फेलोशिप इन्टरनेसनल फिलाडेल्फिया, पेन्सिलभेनिया, यु.एस.ए.को विश्व सम्मेलनमा दिइएका थिए। हजारौं मानिसहरूलाई त्यति गम्भीरतापूर्वक उत्तेजित गराएको त्यस सन्देशको प्रतिलिपिको शैली र आत्मा जोगाउन हरसम्भव प्रयत्नसाथ सम्पादन गरिएको छ।

परमेश्वरले लेखकको खातिर उनको जन्मथलो न्यूजिल्याण्डबाट फिलिपिन्स, सिंगापुर, क्यानाडा र अमेरिकालगायत धेरै ठाउँहरूमा सेवकाई गर्न ढोकाहरू खोल्नुभएको छ। उनले जतासुकै सेवा गरे तापनि यस्तो भयो, मानौं उनी सर्वसाधारण मानिसहरूबाट प्रयोग गरिन र आनन्द

मनाइनको लागि परमेश्वरबाट आएका सुन्दर आत्मिक वरदानहरू दिइरहेका र तीबाट पर्दा उघारिरहेका थिए ।

क्रिश्चियन समुदायलाई यस पुस्तकको खाँचो छ । कसैले क्रिश्चियन समुदायलाई आज एउटा भकुन्डो खेल्ने मैदान समान हेरेका छन्, जहाँ थुप्रै परिश्रम गरेका पास्टरहरू, विश्रामको साह्रै खाँचो परेका बाइस जना थकित खेलाडीहरू जस्तै छन् । तिनीहरूलाई अभ्यासको निकै आवश्यकता भएका पचास हजार दर्शकहरू हेर्दैछन् । "पवित्र आत्माका वरदानहरू प्राप्त गर्नु" खेलको मैदानको तल्लो आसनहरूबाट बाहिर निस्किआउन र परमेश्वरले तिनीहरू हुनको लागि योजना गर्नुभएको राजा र पूजारीहरूका रूपमा आ-आफ्नो जिम्मेवारी र विशेषाधिकारहरू धारण गर्नको निम्ति आत्माले भरिएका सारा विश्वासीहरूको लागि एउटा बोलावट हो ।

**नेल्सन बी मेल्भिन डीडी**
वरिष्ठ सम्पादक
भ्वायस म्यागेजिन

# भूमिका

तीस वर्षअघि मैले पवित्र आत्मामा बप्तिस्मा पाएको थिएँ । त्यसै समयदेखि मैले अनुभव गरेको छु, धेरै मानिसहरू १कोरिन्थी १२ मा स्थापित पवित्र आत्माका वरदानहरूमा पूर्णरूपमा काम गर्ने उत्कट चाहना गर्दछन् । ती वरदानहरू हुन्, बुद्धिका कुरा बोल्ने, ज्ञानका कुरा बोल्ने, विश्वास गर्ने, रोग निको पार्ने वरदानहरू, अगमवाणी बोल्ने, आत्माहरू छुट्याउन सक्ने, भिन्न भिन्न किसिमका भाषाहरू बोल्ने र ती भाषाहरूको अर्थ खोलिदिने ।

म जोडदार विश्वास गर्दछु, परमेश्वरले यी वरदानहरूलाई आत्मिक वृद्धिको निम्ति, खासगरी यी अन्तका दिनहरूमा ख्रीष्टको शरीरभित्र राख्नुभएको छ । जहाँकहिँ म मण्डलीहरूलाई यी वरदानहरूमा काम गरिरहेका भेट्टाउँछु, त्यहाँ म एउटा नयाँ र ताजा आत्मिक जीवन भएको देख्छु ।

धेरै विश्वासीहरूको पक्षबाट यसको निम्ति देखाइएको तीव्र इच्छा बोध गर्दै मैले वरदानमा पाइला चाल्न कसरी सुरु गरैं सो व्याख्या गर्ने प्रयत्न गरेको छु । पवित्र आत्माबाट डोऱ्याइएर मैले यो काम सजिलैसँग बुझ्न सकिने तरिकामा गर्ने कोसिस गरेको छु । म विश्वास गर्दछु, जसै तपाई यी पृष्ठहरू पढ्नुहुन्छ, परमेश्वरले तपाईंलाई प्रशस्त आशिष दिनुको साथसाथै उहाँका आशिषहरूको गहिरो समझ दिनुहुनेछ ।

यसका पूर्व संस्करणहरू छापिएदेखि म विश्वास गर्दछु, प्रभुले मलाई वरदानहरूको अझ गहन समझमा डोऱ्याउनुभएको छ । साथै उहाँले क्रिश्चियनहरूलाई ती वरदानहरूमा काम गर्नको लागि प्रोत्साहन दिने थप तरिका (उपाय)हरू दिनुभएको छ ।

उहाँले मलाई केही वरदानहरूको स्वभाव अझ प्रष्ट्याउनुभएको छ । त्यसैअनुसार मैले पाँचौं अध्यायमा परमेश्वरको अभिषेकमाथि विस्तृत चर्चा

गरेको छु, र वरदानहरूको क्रमलाई परिवर्तन गरेको छु, ताकि अगमवाणी बोल्ने विषय माथिको अध्याय पहिले आओस् ।

साथै, मानिसहरूलाई अगमवाणी बोल्न कसरी प्रोत्साहित गर्ने सो मैले बढी विस्तारमा व्याख्या गरेको छु । बुद्धिका कुरा बोल्नुका कृयाका उदाहरणहरू दिँदै यससँग व्यवहार गर्ने अध्यायलाई मैले विस्तारित गरेको छु ।

ज्ञानका कुरा बोल्नुका घटनामा मैले सेवकाई गर्ने तरिकाका व्यवहारिक उदाहरणहरू थपेको छु । ज्ञानका कुरा र आश्चर्यकामहरूसँग व्यवहार गर्ने अध्यायहरूमा मैले गवाहीहरू समेत थपेको छु ।

भिन्न भिन्न भाषाहरू बोल्नेसँग व्यवहार गर्ने अध्यायमा मैले पवित्र आत्माको बप्तिस्मा प्राप्त गर्नुमाथि अर्तीहरू थपेको छु ।

मैले अध्याय “समूहहरूमा सिक्नु” लाई “पवित्र आत्माका वरदानहरू कसरी प्राप्त गर्ने” मा परिवर्तन गरेको छु । धेरै सभाहरू सञ्चालन गरेको परिणामस्वरूप मानिसहरूलाई कसरी वरदानहरू प्राप्त गर्न प्रोत्साहन दिने सो मैले बढी स्पष्टता र विस्तारमा व्याख्या गर्न सफल भएको छु भन्ने म ठान्दछु ।

## पहिलो अध्याय

# विश्वास आवश्यक हुन्छ

विगत चालीस वर्षको अवधिमा परमेश्वरले संसारभरि आफ्ना पवित्र आत्मा खन्याउनुभएकोले संसारमा धेरै जागृतिहरू, नवीकरणहरू र जागरणहरू भएका छन् । यी घटनाहरूको क्रममा त्यहाँ मानिसहरूमा पवित्र आत्माका वरदानहरू प्राप्त गर्ने चाहनामा धेरै वृद्धि भएको छ । १कोरिन्थी १२ः८-१० मा वर्णन गरिएका ती बुद्धिका कुरा बोल्ने, ज्ञानका कुरा बोल्ने, विश्वास गर्ने, रोग निको पार्ने, आश्चर्यकामहरू गर्ने, अगमवाणी बोल्ने, आत्माहरू छुट्याउन सक्ने, भिन्न भिन्न किसिमका भाषाहरू बोल्ने र ती भाषाहरूको अर्थ खोल्ने वरदानहरू छन् ।

पवित्र आत्माका वरदानहरू परमेश्वरकहाँ पुग्न, र तिनमा विश्वास गर्न तयार भएका ख्रीष्टको शरीरका सारा अंगहरू तीबाट प्रयोग गरिन उपलब्ध छन् । मैले धेरै घटनाहरूमा सभाको सामु उभिने, ज्ञानका कुरा बोलेर बिरामीहरूको निम्ति प्रार्थना गर्ने, उद्धारको निम्ति प्रार्थना गर्ने, र भूतहरू धपाउने वा विश्वासका विविध क्षेत्रहरूमा काम गर्ने सौभाग्य प्राप्त गरेको छु । त्यस समयमा मैले सेवकाईको यस क्षेत्रमा संलग्न हुन धेरै मानिसहरूको तर्फबाट देखाएको ठूलो चाहना मेरो आत्मामा बोध गरेको छु । वर्षौंदेखि प्रभुले मलाई भन्नुभएको छ, मैले सिकेका पाठहरू अरूहरूसँग बाँडचुँड गर्नुपर्दछ, र तिनीहरूलाई यी वरदानहरूमा प्रवेश गर्न हौसला दिनुपर्दछ ।

मण्डलीको सेवाका बीस वर्षपछि मैले येशू ख्रीष्टलाई आफ्नो व्यक्तिगत उद्धारकर्ताका रूपमा चिन्न थालें । समयको त्यस बिन्दुमा मैले पवित्र आत्मामा बप्तिस्मा पाएको थिएँ । त्यो अनुभवले एक वकिल र व्यापारीको रूपमा मेरो सम्पूर्ण विचार परिवर्तन गऱ्यो । मैले परमेश्वरको वचन खोलेर तिनलाई एकपल्ट सम्झन सुरु गरेपछि म मेरो जीवनमा

प्रथम पटक यस निम्ति धेरै भोकाएँ, र मैले पवित्र आत्माका वरदानहरूमा चाँडै अगाडि बढ्न चाहें । यसै समयमा प्रभुले मेरो हृदयमा एक प्रचारक हुने बोलावट राखिदिनुभयो । त्यस बेलादेखि मैले संसारभरिका धेरै देशहरूमा सयौं सुसमाचार प्रचारात्मक सभाहरू सञ्चालन गर्ने सौभाग्य पाएको छु ।

पवित्र आत्माका वरदानहरूमा चल्नको लागि हामीले नयाँ गरी जन्मनु र पवित्र आत्मामा बप्तिस्मा पाउनु आवश्यक हुन्छ । पवित्र आत्मामा बप्तिस्मा पाउनको निम्ति मानिसहरूको लागि प्रार्थना गर्दा म तिनीहरूलाई परमेश्वरको सामुन्ने आफ्ना पापहरूको पश्चाताप गर्न, येशू मरेकाहरूबाट पुनर्जीवित हुनुभएको र परमेश्वरको दाहिने बाहुलिपट्टि विराजमान हुनुभएको, र उहाँ तिनीहरूका प्रभु र उद्धारकर्ता हुनुहुन्छ भनी स्वीकार गर्न सधैं प्रोत्साहन दिन्छु । मानिसहरूले १कोरिन्थी १२ का वरदानहरूको लालसा गर्दछन् भने तिनीहरूले आफूलाई परमेश्वरको पूर्ण शक्तिमा चल्ने योग्य तुल्याउँदै पवित्र आत्माको बप्तिस्मा पूर्ण विस्तारमा ग्रहण गर्ने तयारी गर्नुपर्छ भनी म तिनीहरूलाई सधैं भन्दछु ।

लूकाको सुसमाचारमा पुनरुत्थित येशूले आफ्ना चेलाहरूलाई यसो भनिरहनुभएको हामी पाउँछौं,

> ***"हेर म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरूञ्जेल तिमीहरू यही शहरमा बसिरहो"*** (लूका २४:४९) ।

फेरि प्रेरितमा हामी उहाँले आफ्नो पुनरूत्थानपछि चेलाहरूसँग यिनै कुराहरू बोल्नुभएको पाउँदछौं,

> ***"तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ"*** (प्रेरित १:८) ।

हामी जान्दछौं, पेन्तिकोसको दिनमा यो शक्ति तिनीहरूमाथि आयो । हामी यसको वर्णन प्रेरितको पुस्तकमा पाउँदछौं,

*"जब पेन्तिकोसको दिन आयो, तिनीहरू सबै एकै ठाउँमा भेला भएका थिए । अनि स्वर्गबाट अचानक ठूलो बतासको झोक्काजस्तै एउटा आवाज आयो, र तिनीहरू बसेको पूरा घरै भरिदियो । आगोका जिब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे, र भाग भाग भएर तिनीहरू हरेकमाथि बसे । अनि तिनीहरू सबैजना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे"* (प्रेरित २:१-४) ।

आफ्नो जीवन येशू ख्रीष्टको खातिर अर्पण गरेको र उहाँलाई प्रभु र उद्धारकर्ताको रूपमा ग्रहण गरेको जुनसुकै व्यक्तिले यस अनुभवलाई आफ्नो समस्त हृदयले खोजी गरेमा यसमा सजिलैसँग आउन सक्छ ।

पवित्र आत्मामा बप्तिस्मा पाउन भनेर मैले हजारौं मानिसहरूको निम्ति प्रार्थना गर्ने सौभाग्य प्राप्त गरेको छु । मेरो अनुभव छ, मानिसहरूलाई उचित तरिकासँग सिकाइयो र तिनका हृदय प्रभुको खातिर खाँच्चै खुला भयो भने एउटा सानो प्रतिशत मात्र अन्य भाषाहरूमा बोल्ने वरदानमा तुरून्त आउन असफल हुन्छन् । सारा डर र पूर्वाग्रहलाई एकातिर पन्छाएर हामी साना बालकहरूजस्तै हुनु आवश्यक छ । येशू भन्नुहुन्छ,

*"...मन परिवर्तन भएर तिमीहरू साना बालकहरूजस्ता भएनौ भने कहिल्यै स्वर्गको राज्यमा पस्नेछैनौ"* (मत्ती १८:३) ।

मानिसहरूले पवित्र आत्माको बप्तिस्मा प्राप्त गरून् भनी प्रार्थना गर्दा म तिनीहरूलाई समस्त अविश्वास, सन्देह, डर र गुप्तविद्यामा कुनै पनि किसिमको संलग्नता त्याग्न हौसला दिन्छु । म तिनीहरूलाई पुनरूत्थान हुनुभएको येशू ख्रीष्टमाथि आ-आफ्ना हृदय एकाग्र गर्दै प्रभुको सामुन्ने चूपचाप प्रतीक्षा गर्न भन्दछु । यस विन्दुमा तिनीहरूले परमेश्वरतर्फ आफ्ना हातहरू उठाएर उभिरहनु पर्दछ, अनि प्रभुको न्यानो उपस्थिति तिनीहरूमाथि खस्नेछ ।

साना बालकहरू हुँदा कसरी तिनीहरूका आमाबाबुले तिनीहरूलाई आफ्ना मातृ भाषामा सिकाएका कुराहरू उच्चारण गरे त्यसका

उदाहरणहरू उल्लेख गर्दा यस क्षणमा सधैँ सहायक भएको मैले पाएको छु, चाहे त्यो अंग्रेजी होस् वा कुनै अर्को भाषा । त्यसपछि म तिनीहरूलाई “अब्बा” शब्द भनेर सुरु गर्न प्रोत्साहन दिन्छु । किनकि यो “पिता” को लागि धेरै व्यक्तिगत हिब्रू शब्द हो । सुरु गर्नको निम्ति यो एउटा उपयुक्त शब्द हो, कारण यो परमेश्वरको निम्ति श्रद्धाको शब्द हो भने, यो तिनीहरूका कानका निम्ति अपरिचित शब्द हो । तिनीहरूलाई पवित्र आत्माले बप्तिस्मा दिन भनेर येशूसित प्रार्थना गरिसकेपछि म तिनीहरूलाई “अब्बा” शब्दसँग प्रारम्भ गर्दै तिनीहरूका नयाँ भाषामा बोल्न भन्दछु । अक्षरहरू तिनीहरूका मुखबाट बाहिर आउन थाल्छन्, र तिनीहरूलाई थप प्रोत्साहन दिएपछि एउटा नयाँ भाषा मुखबाट निस्कन्छ ।

हामी भिन्दाभिन्दै तरिकाबाट प्रतिकृया गर्दछौं, तर यी अनुभवहरूमा आउन हामी सबैलाई प्रोत्साहन र प्रेमको खाँचो पर्दछ । हाम्रा हृदयमा परमेश्वर आफैले विश्वासको बीउ रोप्नुहुन्छ । तथापि उहाँ हामीलाई यसको प्रयोग गर्न भन्नुहुन्छ । हामीले त्यसो गर्नाबित्तिकै उहाँ आशिष दिन सक्षम हुनुहुन्छ ।

परमेश्वरको वचनमा सम्पूर्ण र पूरा विश्वास हुनु आवश्यक छ । मैले उद्धार पाउनु र पवित्र आत्मामा बप्तिस्मा प्राप्त गर्नुपूर्व यो कुरा एक वकिलको रूपमा मेरो निम्ति कठीन थियो । म ख्रीष्ट केन्द्रित प्रतिबद्धता नभइकन मण्डलीमा उपस्थित भइरहँदा ममा परमेश्वरको वचनमाथि विश्वास पनि थियो । यो विश्वास मेरो हृदयबाट नभइ बौद्धिक थियो । मैले पवित्र आत्मामा बप्तिस्मा पाएपछि मसँग एउटा आश्चर्यजनक घटना घट्यो, परमेश्वरको वचनमा विश्वास मेरो मनबाट मेरो हृदयमा सरेको थियो । यसले वचनको मेरो समझ (बुझाई)लाई पूर्ण परिवर्तन गऱ्यो । त्यसपछि मसँग परमेश्वरको वचनमा पूर्ण विश्वास थियो ।

वास्तवमा मलाई विश्वासको ठाउँमा केले ल्यायो । यो परमेश्वरको वचनको रूपमा बाइबलको पूर्ण र बालकजस्तै स्वीकार थियो । बिना कुनै प्रश्न, बिना कुनै डर म आफैमा विश्वस्त थिएँ, *यो परमेश्वरको वचन हो ।*

मैले वरदानहरूमा काम गर्न लागेको धेरै समय नबित्दै परमेश्वरको वचनमा यो दृढ विश्वासको महत्वतर्फ मेरो ध्यान बलियोसँग खिँचियो । मैले भूत लागेका मानिसहरूलाई धर्मशास्त्रीय पदहरूमा उदाहरण गर्न सुरु

गरेपछि भूतहरू तिनीहरूबाट ठूलो सोरमा कराउँदै बाहिर निस्कन लागे। तपाईं जे भन्नुहुन्छ त्यो तपाईंको अभिप्राय हो, र त्यसमा तपाई विश्वास गर्नुहुन्छ भन्ने भूतहरूले बुझेपछि (र म विश्वास गर्दछु, केही परिस्थितिहरूमा भूतहरूले तपाईका अनुभूतिहरू र विचारहरू बोध गर्नसक्छन्) तिनीहरू निस्कनेछन्, तर त्यसभन्दा अघि होइन । मैले परमेश्वरको वचन पूर्ण विश्वासमा बोलेपछि भूतहरू चित्कार गर्न थाल्छन्, खासगरी यस्ता पदहरू बोलेपछि, ***"... मृत्यु र पाताल अग्नि कुण्डमा फालिए"*** (प्रकाश २०:१४) । म भूतहरूलाई यसो पनि भन्दछु, तिनीहरूको परिणति अग्नि कुण्ड हुनेछ । ती चिच्याउन सुरु गर्दछन्, "होइन होइन, होइन, हामी यी शब्दहरू सुन्न चाहँदैनौं।"

पवित्र आत्माको कुनै वरदान काम गर्नमा परमेश्वरको वचनको प्रमाणिकतामा पूर्ण विश्वास अनिवार्य हुन्छ। तपाईं प्रभुसँग घनिष्ठतामा हिँडिरहनुभएको छ र आफूले परमेश्वरबाट केही कुरा प्राप्त गरिरहेको तपाईं विश्वास गर्नुहुन्छ भने उहाँले तपाईंलाई अगाडि बढ्नको लागि त्यो थप विश्वास दिनुहुन्छ। उदाहरणको लागि, येशूका कोर्राका चोटहरूले हामी निको पारिएका थियौं भन्ने पूर्ण निश्चय नहुञ्जेल तपाईं चंगाईको वरदानमा काम गर्नसक्नुहुन्न । मानिसहरू वरदानहरूमा केवल सतही स्तरमा काम गर्ने प्रयत्न गर्दछन्, तसर्थ तिनीहरू वरदान सञ्चालनमा पनि सतही मात्र हुन पुग्छन्।

पवित्र आत्मामा बप्तिस्मा पाएको केही समयपछि आफ्नो मोटर हाँकेर गइरहेको बेला मैले एउटा आकस्मिक संकटको सामना गरें। मेरो मोटरमा पेट्रोल सिद्धिनै लागेको मैले थाहा पाएँ। मेरो लागि तर्कसंगत कुरो मोटर त्यहीँ रोक्नु र केही पेट्रोल प्राप्त गर्नु हुन्थ्यो। तर पवित्र आत्मामा बप्तिस्माको यो नयाँ अनुभव गर्दै मेरो निम्ति परमेश्वरको इच्छा भनी त्यस क्षणमा विश्वास गर्दै र परमेश्वरको वचनमा हठात विश्वाससहित मेरो मोटरको टङ्की भरिनेछ भनेर मैले प्रार्थना गरें।

मैले धेरै माइलहरूको यात्रा गरिसकेको थिएँ, पहाडको उकालो र ओरालोहरू हुँदो गएको थिएँ। अन्तिम केही माइलहरूको त्यस यात्रामा पेट्रोलको स्थिति देखाउने संकेत सुइले "रित्तो" तिरै औँल्याइरहेको थियो।

सुइको स्थितिबारे एकदमै भूल थिएन । मैले प्रार्थना गरेपछि मेरो घोर आश्चर्यसहित सियो माथितिर उठ्न लाग्यो । अब, त्यसले मेरो स्वाभाविक मनलाई चकित पाऱ्यो, तर मेरो आत्मालाई होइन । त्यस समयमा मैले पूरा गर्नुपर्ने आकस्मिक काम पूरा गर्न प्रभुले मेरो खातिर पर्याप्त पेट्रोल जुटाइ दिनुभयो । त्योभन्दा बढी उहाँले मलाई प्रशस्त दूरी यात्रा गर्न योग्य तुल्याउनुभयो, अनि पो म झल्याँस्स भएँ, प्रभुले जुटाइदिनुभएको पेट्रोलले धान्नेभन्दा बढी दूरी मैले यात्रा गरिसकेको रहेछु । त्यसपछि मैले पेट्रोल पम्पमा गएर आफ्नो मोटरमा तेल भरेँ ।

त्यस अनुभवले मेरो साथ कहिल्यै नछोडेको परमेश्वरको वचनमा स्तरीय विश्वास मलाई दियो । मेरो बाइबलको जिल्ला अगाडिको भित्री पृष्ठमा मैले परमेश्वरको वचनमा मेरो समझ र विश्वास दुवै प्रकट गर्ने यी शब्दहरू कोरेको छु,

> *यो परमेश्वरको वचन हो । यो मौलिकतामा अलौकिक छ, स्थायित्वमा अनन्त, मूल्यमा अवर्णनीय, क्षेत्रमा असीमित, शक्तिमा ओजस्वी, अधिकारमा अचूक, चाखमा विश्वव्यापी, पूर्णतामा प्रेरित, यसलाई अद्योपान्त पढ, यसलाई लेख, यसमा प्रार्थना गर, यसैबमोजिम काम गर, अनि यो अरूलाई सुम्पिदेऊ ।*

अनि, जसै मैले उहाँको वचनलाई सम्पूर्णतामा विश्वास गरेँ यो विगत तीस वर्षदेखि मेरो गवाही भएको छ ।

दोस्रो अध्याय

# पवित्र आत्माका वरदानहरू र फलको बीचमा भेद गर्नु

१कोरिन्थी १२ः८-१० मा स्थापित पवित्र आत्माका वरदानहरू र गलाती ५ः२२-२३ मा उल्लेख भएको पवित्र आत्माका फलबीच भेद गर्नु महत्वपूर्ण हुन्छ । गलातीको अंशमा हामी पाउँछौं, पवित्र आत्माको फल प्रेम, आनन्द, शान्ति, धैर्य, दया ,भलाइ, विश्वस्तता, नम्रता, संयम हुन् ।

मेरो क्रिश्चियन जीवनको सुरुका वर्षहरूमा म निकै छक्क परेको थिएँ। किनकि मैले पवित्र आत्माका उत्तम वरदानहरूमा मानिसहरूलाई काम गरिरहेका देखेँ, जसले आफूलाई असाधारण परमेश्वरका अभिषिक्त मानिसहरू ठाने । तर तिनका व्यक्तिगत जीवनमा धेरै कुरा अझै अधुरो थियो । म तिनको झनै नजिक आएपछि यस्ता अनुभवहरूले मलाई एक जवान क्रिश्चियनको रूपमा झण्डै विचलित पारेको थियो । मैले थाहा पाएँ, तिनका जीवनमा ठूलो पाप थियो । त्यसपछि मैले धर्मशास्त्रमा खोजी गरेँ, अनि मैले आत्मसात गर्न थालेँ, परमेश्वरका वरदानहरू यथार्थमा अटलतामा दिइएका छन् । यस सम्बन्धमा रोमीको पुस्तक घोषणा गर्दछ, *"परमेश्वरका वरदान र बोलावट अटल छन्"* (रोमी ११ः२९) ।

यसरी परमेश्वरले कुनै कुरा दिनुभएपछि उहाँ यसलाई पूर्ण रूपमा दिनुहुन्छ, यसलाई फेरि फिर्ता माग्नुहुन्न । हामी आफै यसलाई त्याग्न वा परमेश्वरबाट बरालिएर जानसक्छौँ । यसरी हामी वरदानहरूमा ठीकसँग काम गर्दैनौं, र परिणाममा पवित्र आत्माको शक्ति गुमाउँछौं ।

येशूले मत्तीको सुसमाचारमा भन्नुभएको कथनको अर्थ मैले बुझ्न पनि सुरु गरेँ,

> ***"असल फल नफलाउने हरेक रूख काटी ढालिन्छ, र आगोमा फालिन्छ । यसरी ती अगमवक्ताहरूलाई तिमीहरू तिनीहरूका फलबाट चिन्नेछौ । मलाई "प्रभु, प्रभु" भन्ने सबै***

*स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन् । स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ । त्यो दिन धेरैले मलाई भन्नेछन्, 'प्रभु प्रभु, के हामीले तपाईंको नाउँमा अगमवाणी बोलेनौं ? तपाईंको नाउँमा भूतहरू धपाएनौं । र तपाईंको नाउँमा अनेक शक्तिशाली काम गरेनौं र ? अनि म तिनीहरूलाई सफासँग भन्नेछु, "मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ । ए अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ"* (मत्ती ७:१९-२३) ।

यसरी, पिताको इच्छा पालन गर्ने मानिसले मात्र राज्यमा प्रवेश गर्नेछ, भलै यस्तो मानिसले अगमवाणी बोलेको र भूतहरू धपाएको होस् । यसर्थ हामी परमेश्वरको राज्यमा प्रवेश गर्ने हो भने परमेश्वरको वचनमा हामी आज्ञाकारी हुनैपर्दछ, र उहाँका आज्ञाहरूको अनुसरण गर्नुपर्दछ । सबैभन्दा माथि हामीले एक अर्कालाई प्रेम गर्नुपर्ने नयाँ आज्ञा पालन गर्नुपर्दछ, जसरी उहाँले हामीलाई प्रेम गर्नुभयो ।

उहाँले हामीलाई वरदानहरू दिनुअघि हामी सिद्ध नहुञ्जेल परमेश्वर प्रतीक्षा गर्नुहुन्न । विश्वासमा उहाँतिर फर्केर उहाँको वचनमा हामीले विश्वास गरेपछि उहाँले हामीलाई पवित्र आत्माका वरदानहरू दिनुहुन्छ । नयाँ करारमा उल्लेख गरिएको पहिलो वरदान धार्मिकताको वरदान हो । हामी पापमा हुँदै पनि परमेश्वरले हामीलाई यो वरदान दिनुहुन्छ । हामी साँचो पश्चातापमा उहाँतिर फर्केपछि हामीले हाम्रो मुक्तिको अंगको रूपमा प्राप्त गर्ने यो ख्रीष्टको धार्मिकता हो । उहाँले यो वरदान हामीलाई प्रदान गर्नुपूर्व हामी पवित्र र सिद्ध नहुञ्जेल उहाँ पर्खनुहुन्न । त्यसैगरी, हामीलाई पवित्र आत्माका वरदानहरू दिनुअघि हामी सिद्ध नहुञ्जेलसम्म उहाँ प्रतीक्षा गर्नुहुन्न । येशूले मत्तीको सुसमाचारमा भन्नुभयो,

*"माग त तिमीहरूलाई दिइनेछ, खोज त तिमीहरूले भेट्टाउनेछौ, ढक्ढक्याओ त तिमीहरूका निम्ति उघारिनेछ । किनकि जसले माग्छ, त्यसले पाउँछ, जसले खोज्छ, त्यसले भेट्टाउँछ, जसले ढक्ढक्याउँछ, त्यसको निम्ति ढोका उघारिनेछ । तिमीहरूमध्ये कुन मानिस होला, जसको छोराले*

*रोटी माग्दा त्यसलाई ढुङ्गा देला ? कि माछा माग्दा त्यसलाई साँप देला ? यसकारण तिमीहरू दुष्ट भएर आफ्ना छोराछोरीहरूलाई असल चीज दिन जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई कति बढी गरेर असल चीज दिनुहुनेछ"* मत्ती ७:७-११) ।

हाम्रा निम्ति पवित्र आत्माका वरदानहरू र पवित्र आत्माको फलबीचको भिन्नता बुझ्नु धेरै महत्वपूर्ण छ । हामी गलातीमा पढ्दछौँ, *"तर तिनीहरू, जो ख्रीष्ट येशूका हुन्, तिनीहरूले पाप स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिदिएका छन्"* (गलाती ५:२४) । पवित्र आत्माको फल पवित्र आत्माकै हुन् । हामी प्रभुको नजिकै भएर हिँड्न थालेपछि यी हाम्रा जीवनमा स्पष्ट देखिन्छन् । पवित्र आत्माका वरदानहरू होइन, प्रभुबाट हामीमाथि हुने हाम्रो न्यायका आधार ती हुनेछन् ।

प्रसंगवश, मैले आत्मिक शुद्धताको सम्बन्धमा एउटा रोचक बुँदा देखेको छु । भूतहरू धपाउनुमा धेरै लाभकारी आत्माहरू छुट्याउने वरदानले माग गर्दछ, ताकि त्यस मानिसको जीवन विवेकपूर्ण तवरमा शुद्ध होस् । पापले तपाईंको जीवनको कुनै क्षेत्रमा राज्य गरिरहेको छ र तपाईं अर्को मानिसबाट भूतात्मालाई बाहिर निकाल्न सुरु गर्नुहुन्छ भने शैतानले तपाईंमाथि बारम्बार अभियोग लगाउनेछ । अनि तपाईं एउटा अप्रभावकारी हतियार हुनुहुनेछ । म विश्वास गर्दछु, यी खास वरदानहरूलाई प्रचुर मात्रामा प्रयोग नगरिनुको एउटा कारण हो, "भाइहरूलाई दोष लगाउने" ले आफ्नो साँचो स्वभाव प्रकट गर्न सुरु गर्दछ । तपाईंको जीवनमा पाप छ, र तपाईं अर्को मानिसको जीवनमा पापमाथि आधारित भूतलाई धपाउने प्रयास गरिरहनुभएको छ भने तपाई भेट्टाउनुहुनेछ, आफूले गर्ने कोसिस गरिरहनुभएको सेवकाईमा तपाईंले चाँडो वा ढीलो निश्चितता हराउन सुरु गर्नुहुनेछ ।

सावधानीको माथिका कुराहरू भनिसकेपछि हामीले सन्तुलन कायम गर्नु महत्वपूर्ण हुन्छ । केही मानिसहरूले पवित्र आत्माको फलमा प्राधान्यता प्राप्त गरेका छन् भने केहीले पवित्र आत्माका वरदानहरूमा विशेषता हासिल गरेका छन्, तर हामीले यसमा आत्मिक सन्तुलनको बोध

गर्नुपर्दछ । परमेश्वर हामीलाई आत्मिक वृद्धि गर्न, अर्ती दिन, सान्त्वना दिन र उच्चतामा निर्माण गर्नको लागि ख्रीष्टको शरीरमा पवित्र आत्माका वरदानहरू प्रवाहित भएको चाहनुहुन्छ । यसैकारण हाम्रा जीवनमा पवित्र आत्माको फल फल्दैफुल्दै आत्माका वरदानहरू हाम्रा मण्डलीहरूमा प्रयोग गरिनुपर्दछ ।

वरदानहरूको प्रयोगद्वारा प्रोत्साहन दिइएपछि आत्मिक जीवनको वास्तविक उठानले आफूलाई स्थानीय मण्डलीमा एउटा नयाँ ढाँचामा प्रस्फुटन गर्न सुरु गर्दछ ।

## तेस्रो अध्याय
# ख्रीष्टको शरीरमा आफ्नो ठाउँ (स्थान) भेट्टाउनु

वरदानहरूमा चल्नको निम्ति चाहिने अर्को आवश्यकता ख्रीष्टको शरीरमा हाम्रो स्थान भेट्टाउनु हो । यो निश्चित सिद्धान्तहरूको एउटा स्पष्ट कथन रोमी १२ः१-६मा धेरै प्रष्टसँग परिभाषित गरिएको छ । पावल भन्दछन्,

*"यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर"* (रोमी १२ः१) ।

यसकारण हामी १कोरिन्थी १२ मा उल्लेख भएका अरू वरदानहरू लगायत परमेश्वरका अन्य वरदानहरूमा अगाडि बढ्न गइरहेका छौं भने पहिलो चरण हाम्रा आ-आफ्ना शरीरलाई जिउँदो बलिको रूपमा अर्पण गर्नु हो । हामीले हाम्रा शरीरको साथसाथै हाम्रा मन पनि परमेश्वरलाई समर्पण गर्नुपर्दछ । यो उहाँको निम्ति हाम्रो अर्पण हो । हामी अर्को पदमा दोस्रो चरण पाउँछौं,

*"यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्णरूपले परिवर्तित होओ ..."* (रोमी १२ः२) ।

हामी येशू ख्रीष्टकहाँ एउटा सानो बालकको रूपमा आउँछौं र उहाँलाई उद्धारकर्ताको रूपमा ग्रहण गर्दछौं भने हामी आत्मिक मन प्राप्त गर्न थाल्छौं ।

*"किनभने, पाप स्वभावमा मन लगाउनुचाहिँ मृत्यु हो, तर पवित्र आत्मामा मन लगाउनु जीवन र शान्ति हो । किनभने पापमय शरीरतिर लागेको मनचाहिँ परमेश्वरप्रति शत्रुता*

*हो । परमेश्वरका व्यवस्थाको अधीनमा त्यो हुँदैन, नता त्यो कहिल्यै हुनसक्छ"* (रोमी ८:६-७) ।

हाम्रो सांसारिक मनले परमेश्वरका कुराहरू कहिल्यै बुझ्ने छैन । पावल यो तथ्य सजीवतापूर्वक व्याख्या गर्दछन्,

*"जो मानिस आत्मिक छैन, त्यसले परमेश्वरका आत्माका कुराहरू ग्रहण गर्दैन । किनकि ती कुराहरू त्यसको निम्ति मूर्खता हुन्छन्, र त्यसले ती बुझ्न सक्दैन, किनकि ती कुराहरू आत्मिक रीतिले मात्र चिन्न सकिन्छ"* (१कोरिन्थी २:१४) ।

म मण्डलीमा नियमित उपस्थित हुने गर्थें, तैपनि एक प्रतिबद्ध क्रिश्चियन भइसकेको थिइनँ । त्यसैताका म केही क्रिश्चियन मण्डलीहरूबाट गठन भएको प्रतिनिधिहरूको एउटा दलको अध्यक्ष थिएँ । मेरो घरमा हामी अक्सर एकसाथ भेला हुन्थ्यौं । त्यसैबेला म एकजना मानिसको शान्त आचरणबाट सधैं प्रभावित थिएँ । उनी धेरै कम बोल्थे, तर उनले बोलेपछि त्यसमा हाम्रो ध्यान दिनु महत्वपूर्ण हुन्थ्यो । मैले उनमा परमेश्वरको वचनको गहन बुझाइ भएको बोध गरें ।

एउटा सभापछि एकरात उनले मसँग भने, "बिल, तिमी वास्तवमा नयाँ गरी नजन्मुञ्जेल बाइबल कहिल्यै बुझ्न सक्दैनौ । परमेश्वरका कुराहरू आत्मिक रूपमा चिनिन्छन् र तिमी नयाँ गरी नजन्मुञ्जेल तिमीमा बाइबलीय सत्यतामा अन्तर्दृष्टिको अभाव हुन्छ ।"

उनी जति राम्ररी सक्थे, त्यसैगरी म बाइबल पढ्न सक्थें भनी मैले दृढ प्रतिवाद गरें, तर म मेरो अन्तरात्मामा बुझ्थें, यो कुरो साँचो थिएन । धेरैपल्ट मैले आफ्नो बाइबल खोलेपछि त्यसको अर्थ बुझ्न म सक्दिनथें । अनि म एक सानो बालकजस्तै भएपछि, परमेश्वरको सामुन्ने मलाई होच्याएपछि मेरा पापहरूको खातिर मलाई क्षमादान दिन उहाँसँग प्रार्थना गरेपछि र येशूलाई मेरो जीवनको प्रभु हुन निम्त्याएपछि मात्र म मेरो मनमा अचानक परिवर्तित भएँ, र मेरो निम्ति परमेश्वरको वचनको अर्थ खुल्यो ।

हाम्रो मनमा नयाँ भइ पूर्णरूपले परिवर्तित भएपछि हामी यो कुरा पाउँदछौं, *"परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक"* (रोमी १२:२) । यो अर्को चरण हो । ध्यान दिनुहोस्, यो आरोहणको क्रममा छ, पहिले असलबाट सुरु हुन्छ, र ग्रहणयोग्य हुँदै अन्तमा सिद्धतामा पुग्छ । मैले पाएको छु, परमेश्वरका वरदानहरूमा चल्ने क्रममा मैले मेरो मन पूर्ण रूपमा नयाँगरि परिवर्तित गर्नुपरेको थियो, ताकि म असल कुरो के हो सो पत्ता लगाउन सकूँ, त्यसपछि ग्रहणयोग्य, अनि परमेश्वरको सिद्ध इच्छा । यो परमेश्वरको वचनमा आज्ञापालनको परिणामस्वरूप आयो ।

परमेश्वरले हामी प्रत्येकलाई विश्वासको एउटा नाप दिनुभएको छ ।

> ***"किनभने मलाई दिइएको अनुग्रहद्वारा तिमीहरूमध्ये हरेकलाई म आग्रह गर्दछु, जसले आफूलाई जस्तो सम्झनुपर्छ त्यसभन्दा बढी नसम्झोस्, तर परमेश्वरले हरेकलाई दिनुभएको विश्वासको नापबमोजिम सन्तुलित विचारले सोचोस्"*** (रोमी १२:३) ।

हरेक मानिससँग परमेश्वरले दिनुभएको विश्वासको एउटा नाप छ । हामीले ख्रीष्टको शरीरमा हाम्रो स्थान फेला पार्न सुरु गरेपछि त्यो विश्वास वृद्धि हुन्छ । पावल भन्छन्,

> ***"किनकि जसरी हाम्रो एउटै शरीरमा धेरै अङ्ग हुन्छन्, तर सबै अङ्गहरूको एउटै काम हुँदैन, त्यसरी नै हामी जो धेरै छौं, हामी पनि ख्रीष्टमा एउटै शरीर हौं, र प्रत्येक एक अर्काका अङ्ग हौं"*** (रोमी १२:४-५) ।

ख्रीष्टको शरीरमा हाम्रो स्थान भेट्टाउनु हाम्रा खातिर आज्ञासूचक छ । हामी एकलकाँटे हुन सक्दैनौं, हामी ख्रीष्टको शरीरको कुनै अंगको एक सदस्य हुनै पर्दछ । जहाँ येशू ख्रीष्ट प्रभु हुनुहुन्छ र जहाँ जहाँ यसै रूपमा पूजिनुहुन्छ, त्यस्तो एउटा स्थानीय मण्डलीमा उपस्थित हुनु परमेश्वरका वरदानहरूमा काम गर्नुमा एउटा अनिवार्य तत्व हुन्छ । हामी ख्रीष्टमा विश्वासीहरूको स्थानीय शरीरमा आफ्नो स्थान भेट्टाउन र त्यस झुण्डको अधिकारको ढाँचामा आफूलाई अधीनमा राख्न तयार छौं भने परमेश्वर

हामीलाई प्रशस्त आशिष दिन योग्य हुनुहुन्छ । हामीले एउटाले अर्कोलाई उत्साह दिनु जरूरी हुन्छ । तसर्थ, ख्रीष्टको शरीरको कुनै अंगको सदस्य हुनु आवश्यक छ, जहाँ हामी त्यो उत्साह पाउन सकौँ । मैले पवित्र आत्माका वरदानहरूमा हिँडडुल गर्न लागेपछि म विश्वासीहरूको एउटा स्थानीय मण्डलीबाट प्रोत्साहित भएको थिएँ । उनीहरूले मसँग बाँडचुँड गरे र यसो भने, "हामी तपाईंलाई यी वरदानहरूमा प्रोत्साहन दिन चाहन्छौँ ।" यस्तो किसिमबाट मैले पवित्र आत्माका वरदानहरूमा चल्न सुरु गरेँ ।

परमेश्वरका सन्तानविरूद्ध शैतानले प्रयोग गर्ने एउटा हतियार 'घमण्ड' हो । हामीले परमेश्वरका वरदानहरूमा काम गर्न सुरु गरेपछि हामी अर्को मानिसभन्दा केही मात्रामा उत्तम छौँ भनी विचार गर्न लगाएर हामीलाई धोखा दिने प्रयत्नमा परीक्षा हामो दिमागमा पस्दछ । यस्तै प्रकारले शैतानले हाम्रो सेवकाईमा हामीलाई आक्रमण गर्दछ । हाम्रो सांसारिक मनले आफ्नो खेल खेल्दछ, र हामी परमेश्वरबाट आएकाभन्दा बरू आफूबाट आएका कुरा सुन्न सुरु गर्दछौँ । यस स्थितिमा हामी ख्रीष्टको शरीरको जुन अंगका सदस्यहरू छौँ, त्यसले हामी कुनै अरू आत्मामुनि होइन तर पवित्र आत्माको अभिषेकमुनि परमेश्वरका वरदानहरूमा वास्तवमा काम गरिरहेछौँ भनी छुट्याउन योग्य हुनु जरूरी हुन्छ । यसकारण येशूले भन्नुभयो, *"जसले आफूलाई उच्च पार्छ, त्यो होच्याइनेछ, र जसले आफूलाई होच्याउँछ, त्यो उच्च पारिनेछ"* (मत्ती २३:१२) ।

वरदानहरूको प्रयोग गर्न थालेपछि ख्रीष्टको शरीरको सामुन्ने हामीले आफूलाई होच्याउनुपर्दछ, ताकि ती वरदानहरूको जाँच गर्नमा साँचो चिनाइ र प्रेम हुन सकोस् । हामी शरीरको स्थानीय अंगमा अधिकारको अधीनमा रहन तयार छैनौ भने हामी वरदानहरूको सम्भावित दुरूपयोग र आत्मिक निरर्थकताको वास्तविक खतरामा हुन्छौँ ।

अब हामी अन्तिम चरणमा आउँदछौँ,

***"हामीलाई दिइएको अनुग्रहअनुसार अलग अलग वरदानहरू हामी प्रयोग गरौँ । अगमवाणी हो भने, विश्वासको परिमाणअनुसार, सेवाको हो भने, सेवाको काममा, शिक्षा***

*दिनेले शिक्षा दिने काममा, अर्ती दिनेले अर्ती दिने काममा, दान दिनेले उदारचित्तले, सहायता दिनेले जोशसाथ, कृपाको काम गर्नेले खुशीसित"* (रोमी १२:६-८)।

यसपछि मात्र हामी वरदानहरू प्राप्त गर्दछौँ।

यसकारण आत्मिक वरदानहरू धारण गर्नु र तिनलाई ठीकसँग प्रयोग गर्नु तपाईंको जीवनको खातिर परमेश्वरको स्थापित ढाँचा अनुसरण गर्नुको परिपूर्ति - भरिपूर्णता हो।

## चौथो अध्याय
# पवित्र आत्माका वरदानहरू प्राप्त गर्नु

ख्रीष्टको शरीरको अंग हुनुको खाँचोको विषयमा पछिल्लो अध्यायमा जोड दिइएको छ । शरीरको अंगको नाताले हामी आफूमाथि हात राखिएर धर्मशास्त्रीय विधिअनुसार पवित्र आत्माका वरदानहरू प्राप्त गर्नसक्छौँ ।

रोमीहरूलाई लेखेको पत्रमा पावल भन्छन्,

*"किनभने तिमीहरूलाई बलिया पार्नलाई केही आत्मिक वरदान तिमीहरूलाई दिनसकूँ भनेर म तिमीहरूलाई भेट्ने उत्कट इच्छा गर्दछु । यसरी तिमीहरूको र मेरो हाम्रो पारस्परिक विश्वासबाट हामी दुवैले एउटा अर्काबाट प्रोत्साहन पाउन सकौँ"* (रोमी १:११-१२) ।

यहाँ पावल अरूलाई वरदानहरू दिने उत्कट इच्छा र उनले त्यो काम परमेश्वरका आत्माको अभिषेकमुनि गर्नसक्ने विश्वास स्पष्टसँग देखाइरहेका छन् । यसरी, जवान चेला तिमोथीलाई लेखेको उनको पत्रमा यो कुरा पढ्दा चकित हुनुपर्दैन,

*"त्यसैकारण म तिमीलाई याद दिलाउँछु, कि मैले तिमीमाथि हात राखिदिएर तिमीले पाएका परमेश्वरको वरदानलाई प्रज्वलित राख"* (२तिमोथी १:६) ।

प्रष्टै छ, पवित्र आत्माका वरदानहरू प्राप्त गर्नको लागि पावलले तिमोथीमाथि हात राखिदिए ।

फेरि हामी उनलाई यसो भनिरहेका पाउँछौँ,

*"तिमीसँग भएका वरदानको अवहेलना नगर, जुन वरदान एल्डरहरूले तिनीहरूका हात तिमीमाथि राख्दा अगमवाणीद्वारा तिमीलाई मिलेको थियो"* (१तिमोथी ४:१४) ।

स्पष्ट छ, पावल लगायत एल्डरहरू तिनीहरूका हात शिरमाथि राख्नका लागि भेला भए र त्यो अगमवाणी त्यसै समयमा दिइएको थियो। पावल फेरि भन्दछन्,

> ***"मेरो छोरो तिमोथी, म तिमीलाई यो आज्ञा दिँदैछु, कि तिम्रो सम्बन्धमा अघि कहिएको अगमवाणीअनुसार तिमी असल लडाइँ लड्न सक"*** (१तिमोथी १:१८)।

मेरो अनुभव छ, मानिसहरूलाई पवित्र आत्माका वरदानहरू प्राप्त गर्नका खातिर प्रोत्साहन दिने यो एउटा उत्कृष्ट तरिका हो।

केही वर्षसम्म म एउटा निश्चित मण्डलीमा गएँ, र तिनीहरूमाथि पवित्र आत्माका वरदानहरू हालिदिन एल्डरहरूसँग प्रार्थना गरेँ। सुरुमा मैले तिनीहरू हरेकमाथि हात राख्दै एल्डरहरूसाथ प्रार्थना गरेँ। म प्रायः पाउँछु, मैले प्रभुको प्रतीक्षा गर्दा उहाँले निश्चित समयमा कुनै मानिसलाई दिने इच्छा गर्नुभएका विभिन्न वरदानहरू ममा सजीव पार्नुहुन्छ, र विश्वासद्वारा म तिनलाई मुखबाट बोल्दछु । त्यसपछि अगमवाणी बोल्ने वरदानमा काम गर्ने मेरी पत्नी प्याटले त्यस मानिसको सम्बन्धमा एउटा अगमवाणी गर्दछिन्, जसले तिनीहरूलाई थप उच्चतामा निर्माण गर्दछ। त्यो मण्डलीमा हरेक वर्ष फर्केर आउनु, र जसै एल्डरहरू आफैले सभाका अरू सदस्यहरूमाथि हात राखिदिन्छन्, यी वरदानहरूलाई अझ गहनतामा सेवकाई गरिएको देख्नु एउटा सौभाग्य हो।

केही वर्षपछि मेलबोर्न, अस्ट्रेलियामा एउटा सभामा यसैसँग मेल खाने शिक्षा दिइरहेको समयमा मैले केही पास्टर (क्लर्जी) लाई अगाडि आउन बोलाएँ। पहिलो व्यक्तिको लागि प्रार्थना गरेपछि मैले उनीमाथि हात राखेँ, र पवित्र आत्माले दिमागमा ल्याइरहनुभएको भनी आफूले विश्वास गरेका ती वरदानहरू मैले बोलेँ, र प्याटले एउटा अगमवाणी गरिन्। मैले ती मानिसलाई उनको पछि उभिएका मानिसमाथि हात राखिदिन तुरून्तै प्रोत्साहन दिएँ। उनले त्यसो गरेपछि प्रभुले त्यो मानिसमाथि राखिदिने इच्छा गर्नुभएका वरदानहरू उनको मनमा ल्याउन सुरु गर्नुभयो। तिनलाई बोलेर प्रकट गर्नासाथ म आफै तीमध्ये हरेकको लागि साक्षी भएँ। त्यसपछि ती दुईजनाले अरू दुईजना मानिसमाथि हात राखे, र फेरि उही

कार्य विधि अपनाइयो र यो क्रम चलिरह्यो, जबसम्म हामीले सारा पास्टरहरूको लागि प्रार्थना गरिसिध्याएनौं । हामी त्यसै क्रममा धेरै अगाडि बढ्नअघि नै परमेश्वरको शक्ति हामीमाथि खस्यो, र परमेश्वरको शक्तिले तिनीहरूलाई छोएपछि केही पास्टरहरू पवित्र आत्मामा भरिएका थिए ।

मैले प्रार्थना गर्दा म सामान्यतया यस्ता किसिमका शब्दहरू प्रयोग गर्दछु, "प्रभु येशू, म तपाईंलाई यी र यस्तै अरू वरदानहरू हाम्रा भाइ (वा बहिनीहरू) माथि हालिदिन विन्ती गर्दछु ।" हामी परमेश्वरलाई सीमाबद्ध गर्नसक्दैनौं, साथै यस्तो पनि हुनसक्छ, त्यस घडी हामीमा सास फुकिएका वरदानहरूबाहेक अन्य वरदान त्यस मानिसले प्राप्त गर्नको लागि योजना गरिएको होस् ।

यस्ता ढाँचामा वरदानहरू प्राप्त गर्न मानिसहरूमाथि हात राखिएपछि मैले ठूला ठूला कुराहरू भएका देखेको छु । त्यसैक्षण मानिसहरू निको भएका छन्, मानिसहरूले अन्य भाषाहरूमा बोले, ती भाषाहरूको अर्थ खोलियो, र अगमवाणी बोलिए । यसर्थ म तपाईंलाई वरदानहरू प्राप्त गर्ने यो धर्मशास्त्रीय आधार, अर्थात मानिसहरूमाथि हात राख्नुलाई स्मरण गर्न प्रोत्साहन दिन्छु ।

परमेश्वर त्यो विधिमा सीमित हुनुहुन्छ भन्ने म विश्वास गर्दिनँ, तर तपाईं आफ्नो मण्डलीमा ख्रीष्टको शरीरको प्रेममा सेवा गरिरहेको हुनुहुन्छ भने पवित्र आत्माका वरदानहरू प्राप्त गर्न आफूमाथि हात राखिदिन एल्डरहरूलाई अनुरोध गर्नु आश्चर्यजनक हुन्छ । यो धेरै महत्वपूर्ण छ, किनकि ख्रीष्टको शरीरमै वरदानहरू छुट्टिन सुरु हुन्छ । मानिसहरू भन्न थाल्छन्, *"भाइ बहिनी हो, म विश्वास गर्दछु, तिमीले अगमवाणी बोल्ने वरदान पाएका छौ"* (वा यो आत्माहरू छुट्ट्याउने, वा विश्वास गर्ने वा निको पार्ने वरदान हुनसक्छ) । येशूमा तपाईंलाई प्रेम गर्नेहरूबाट तपाईंले ख्रीष्टको शरीरमा उत्साह पाउनुहुन्छ ।

पवित्र आत्माका वरदानहरूको सम्बन्धमा मैले जे जति सिकेको छु, तीमध्ये अधिकांश कुरा साना साना प्रार्थना सभाहरूमा सिकेको छु, जहाँ येशूको प्रेम उपस्थित थियो । त्यसैबेला मैले उहाँको सोर सुन्न सुरु गरें, र यस विषयमा मलाई पछि गएर धेरै कुरा भन्नु छ ।

पाँचौं अध्याय

# परमेश्वरको अभिषेक

१कोरिन्थी १२ मा उल्लेख गरिएका वरदानहरूलाई अन्ततः हेर्नुअघि म परमेश्वरको अभिषेकको बारेमा चर्चा गर्दछु,

*"तिमीहरूले उहाँबाट पाएको अभिषेक तिमीहरूमा रहिरहन्छ, र कसैले तिमीहरूलाई सिकाउने आवश्यकता पर्दैन । तर उहाँको अभिषेकले तिमीहरूलाई सबै कुराका विषयमा सिकाउँछ, अनि त्यो अभिषेक सत्य छ, त्यो बनावटी होइन । यस अभिषेकले तिमीहरूलाई सिकाएबमोजिम ख्रीष्टमा रहिरहो"* (१यूहन्ना २:२७) ।

अभिषेक १यूहन्ना २:२० मा पनि उल्लेख गरिएको छ, *"तर तिमीहरूको अभिषेक महापवित्रबाट भएको छ, र तिमीहरू सबैले सत्य जान्दछौ ।"*

यसैकारण सुस्पष्ट छ, हामी आफूभित्र अभिषेक छ । यो कसरी हामीभित्र आउँदछ ?

अभिषेक हामीभित्र पवित्र आत्माको कामको हिस्सा हो । येशूले यूहन्ना १६:१३ मा भन्नुभयो,

*"जब उहाँ, अर्थात सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ । उहाँ आफ्नो तर्फबाट बोल्नु हुनेछैन । उहाँ जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ ।"*

पवित्र आत्माले परमेश्वरबाट सुन्नुभएका कुराहरू हामीसँग बोल्न उहाँ संसारमा आउनुभएको छ ।

पुरानो करारमा हामीलाई स्पष्टसँग संकेत गरिएको छ : मूर्र, दालचिनी, बोझो, तेजपात र भद्राक्षको तेल मिसाएर बनाइएको

अभिषेकको तेल राजाहरू र अगमवक्ताहरूलाई अभिषेक गर्न प्रयोग गरिन्थ्यो । यसलाई प्रस्थान ३०:२३-३० मा स्थापित गरिएको छ,

*"तैंले असल असल मसला, अर्थात पाँच सय शेकेल तरल मूर्र, र त्यसको आधा, अर्थात अढाइ सय शेकेल दालचिनी, र अढाइ सय शेकेल बोझो, र पाँच सय शेकेल तेजपात-यी सबैको नाप पवित्र स्थानको शेकेलको हिसाबले होस्- र एक हीन भद्राक्षको तेल लिएर अभिषेक गर्ने पवित्र तेल बनाउनू, अर्थात बास्ना दिने सुगन्धित मसला बनाउनेले झैं बनाउनू । अभिषेक गर्ने त्यो पवित्र तेल होस् । भेट हुने पाल र गवाहीको सन्दूक र टेबिल त्यसका सबै सामानसमेत, सामदान त्यसका सबै सामानसमेत, र धूपको वेदी, होमबलिको वेदी, त्यसका सबै सामानहरू, र धुने बाटा, त्यसका खुट्टाहरूसमेत, त्यसैले अभिषेक गर्नू । यसरी यिनीहरूलाई पवित्र गर्नू, र ती अति पवित्र होऊन् । जुन चिजले तिनीहरूलाई छुन्छ त्यो पवित्र हुनेछ । हारून र त्यसका छोरालाई अभिषेक गरेर तिनीहरूलाई पवित्र गर्नू, र तिनीहरूले पूजारी पदमा मेरो सेवा गरून् ।"*

हामी पाउँछौं, पछि मोशाले हारूनको शिरमा अभिषेक गर्ने तेल खन्याए, जसरी उनलाई हारूनलाई अभिषेक गर्न र पवित्र तुल्याउन, अर्थात उनलाई अलग छुट्याउन अर्ती दिइएको थियो । यसरी हामी लेवीमा यो अंश भेट्टाउँछौं, *"फेरि तिनले अभिषेक गर्ने तेल लिएर हारूनको शिरमा खन्याइ उनलाई चोख्याउनलाई अभिषेक गरे"* (लेवी ८:१२) । यसरी माथि उल्लेख गरिएका तत्वहरूबाट तयार पारिएको अभिषेक गर्ने पवित्र तेल अगमवक्ता वा पूजारीको शिरमा खन्याइन्थ्यो भन्ने कुरा पुरानो करारमा स्पष्ट छ । राजाहरू अभिषेक गरिँदा र राजाहरूको रूपमा न्यिूक्त हुँदा उनीहरूमाथि यो तेल खनाइन्थ्यो । राजा दाऊद र राजा शाऊलको घटनामा यही भएको हामी पाउँदछौं ।

हामी भजनरचयितालाई यस भजनमा यो अनुभव प्रकट गरिरहेका भेट्टाउँछौं,

*"यो त शिरमा लगाइएको मूल्यवान् तेलजस्तो हुन्छ, जो हारूनको दाह्रीसम्म बगि आउँदछ, जो तिनका पोशाकको कठालोसम्मै बगेर जान्छ । त्यो हर्मोन डाँडाको शीत सियोन पर्वतमा परेजस्तै हुन्छ । किनकि त्यहीं परमप्रभुले सदाकाल जीवनको आशिष खन्याउनुहुन्छ"* (भजन १३३:२-३) ।

यस भजनमा हामी हारूनको शिरमा खन्याइँदै गरिएको अभिषेक गर्ने तेल र त्यो उनको दाह्रीसम्म बग्दै आएको स्पष्ट तस्वीर देख्दछौं । यस तेललाई हारूनको शिरमा खन्याएको तातो तेलको रूपमा मनमा चित्रण गर्नु सजिलो हुन्छ, ताकि त्यो तेल उनको शरीरभरि बगेर जाँदा उनले शारीरिक अनुभूति गर्नसकेका थिए ।

तेलमा मिसाइएका तत्वहरूबाट सुबास्ना आइरहेको थियो, र यो सुबास्ना हाम्रा प्रधान पूजारी येशूको वस्त्रमा भएको भनेर व्यक्त गरिरहेको थियो,

*"तपाईंका सबै पोशाकहरू मूर्र, एलवा र तेजपातको बास्नाले सुगन्धित छन् । हस्तिहाडले सुसज्जित महलबाट तारको सुरिलो संगीतले तपाईंलाई प्रसन्न तुल्याउँछ"* (भजन ४५:८) ।

पवित्र आत्माको वास्तविक अभिषेक भएका धेरै सभाहरूमा जो कोहीले पवित्र आत्माको सुगन्धित बास्ना सुँघ्न सकेको म पाउँछु । यो प्रष्टैसँग छुट्टयाउन सकिने र मनलाई आनन्द दिने बास्ना हो, शैतान र उसका भूतहरूसँग सम्बन्धित भयानक दुर्गन्धको ठीक विपरीत । जसै मानिसहरूले सभाहरूमा यो सुबास्ना अनुभव गर्दछन्, धेरैले प्रभुको उपस्थितिलाई शारीरिक रूपमा सुँघ्न सफल हुन्छन् । त्यसैबेला मानिसहरूमाथि अभिषेक आएपछि धेरै तुरून्तै निको पारिन्छन् ।

नयाँ करारतिर फर्कदा विश्वासीहरू राजा र पूजारीहरू भएका हामी पाउँछौं । उदाहरणको लागि,

*"तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ । उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा*

***ल्याउनुभयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक"*** (पत्रस २:९)।

यसबाट हामी देख्छौँ, हामी राजकीय पूजारीगिरी हौँ । फेरि हामी प्रकाशको पुस्तकमा यसको थप सन्दर्भ पाउँछौँ,

***"हामीलाई एउटा राज्य, उहाँका पिता र परमेश्वरका पूजारीहरू तुल्याउनुहुने, उहाँलाई महिमा र पराक्रम सदासर्वदा होस् । आमिन"*** (प्रकाश १:६)।

विश्वासीलाई एक राजा र पूजारी हुनुको रूपमा वर्णन गरिएको छ, र यसै रूपमा परमेश्वरले विश्वासीलाई अभिषेक गर्न र उसलाई आफ्नो महिमाको निम्ति छुट्याउन चाहनुहुन्छ ।

हामी यसको गवाही कोरिन्थीहरूलाई लेखिएको पावलको पत्रमा पाउँदछौँ,

***"तर हामीलाई तिमीहरूसँग ख्रीष्टमा दह्रिला पार्नुहुने र हामीलाई अभिषेक गर्नुहुने परमेश्वर नै हुनुहुन्छ"*** (२कोरिन्थी १:२१)।

पहिलोपल्ट म पवित्र आत्माका कुराहरूमा आएपछि मैले हाम्रो घरमा प्रार्थना सभा सुरु गरेँ । साताहरू बित्दै गए र एकपछि अर्को साता सभाहरू चल्दै गएपछि (पेन्टिकोस्टल मण्डलीहरू लगायत) अरू मण्डलीहरूबाट दाज्यू भाइहरू पवित्र आत्माका वरदानहरूमा काम गर्न हाम्रो सहायता गर्न आए ।

म छत्तीसओटा सभाहरूमा नियमित रूपले आएका एकजना मानिसप्रति सधैँ कृतज्ञ छु (अर्थात, नौ महिनाको अवधिमा हरेक साताको सभामा) । मैले अरू मानिसहरूको लागि प्रार्थना गर्दा उनी मसँगै उभिन्थे, किनभने निको पार्नको निम्ति म परमेश्वरको वचनमा विश्वास गरिरहेको थिएँ । उनी रोगीको खातिर प्रार्थना गर्दै सभामा उपस्थित हुन्थे ।

मैले प्रार्थना गरिरहेको समयमा उनी सोध्ने गर्थे, "दाज्यू बिल, के तपाईंले पवित्र आत्माको अभिषेक बोध गर्नुभयो ?" म भन्थेँ, "म कुनै कुराको बोध गर्दिनँ ।" अनि उनी भन्थे, "ओहो, पवित्र आत्मा यहाँ हुनुहुन्छ, म उहाँको उपस्थितिको बोध गर्दछु ।" हरेक हप्ता हामीबीच यस्तै

वार्तालाप चल्थ्यो, तर मैले पवित्र आत्माको उपस्थिति बोध गरिनँ । तथापि, परमेश्वरले तपाईंको हृदयमा विश्वासको आत्मा राखिदिनुभएपछि तपाईं त्यसमै निर्भर गर्नुहुन्छ, र मैले निरन्तर आयोजना गरेका ती छत्तीस सभाहरूमा परमेश्वरको अभिषेक हुने विश्वास गरिरहें ।

त्यसपछि एक रात हामी एक वृद्ध महिलासाथ उभिरहेका थियौं, र यिनै भाइले सोधे, "के तपाईं पवित्र आत्माको अभिषेक बोध गर्नुहुन्छ ?" ठीक त्यसै क्षण मैले आकाशहरू उघ्रेका अनुभव गरें, र मैले अभिषेक परमेश्वरबाट आएको पीडा शान्त गर्ने तेलजस्तै त्यो सुन्दर न्यानो अभिषेक ममाथि खन्याइएको बोध गरें । मैले मेरो सांसारिक मनलाई एकातिर पन्छाएर मेरो अनुहार, मेरो विश्वास र मेरो हृदय हरेक परिस्थितिमा येशूतर्फ फर्काएपछि मैले यो अभिषेक सधैं अनुभव गरेको छु । मैले पवित्र आत्मामा बप्तिस्मा पाएको थिएँ तापनि परमेश्वरको अभिषेक जान्नुबाट मलाई बाधा दिंदै आएको मेरो मन नै थियो ।

हामी पवित्र आत्माको अभिषेकमा सधैं तुरून्तै आउँदैनौं । म केही वर्षअघि एंग्लिकन विशप चुइको निम्तामा सिंगापुरमा थिएँ । परमेश्वरका दास चुइ निकै वर्षदेखि पवित्र आत्माका कुराहरूमा जिइरहेका थिए । हामी एकसाथ सिंगापुर क्याथेड्रलमा थियौं । त्यसैबेला उनले पवित्र आत्माको अभिषेकको अनुभवमा चाहना प्रकट गरे । यी मानिस त्यसै परिस्थितिमा उनलाई छुटकारा दिंदै परमेश्वरका आत्माको प्रदर्शनद्वारा नै अभिषेकमा आए, र त्यसउप्रान्त आजपर्यन्त उनी त्यही अभिषेकमुनि सामर्थ्यपूर्वक काम गर्दै आएका छन् ।

परमेश्वरको अभिषेक बुझ्नुको रहस्य उहाँको इच्छाप्रति पूर्ण आज्ञाकारीता हो । येशूले भन्नुभयो,

***"मलाई पठाउनुहुने मसँग हुनुहुन्छ । उहाँले मलाई एक्लै छोड्नुभएको छैन, किनभने म सधैं उहाँलाई प्रसन्न तुल्याउने काम गर्दछु"*** (यूहन्ना ८:२९) ।

येशू ख्रीष्टले परमेश्वरको अभिषेकलाई सधैं बुझ्नुभयो, किनकि उहाँले सधैं परमेश्वरलाई प्रसन्न तुल्याउने काम गर्नुभयो । परमेश्वरको इच्छाप्रति

पूर्ण आज्ञाकारीता उहाँको सेवकाईको विशेष चिनो हो भनी हामी पाउँदछौँ ।

यो पढ्दै जाँदा तपाई यसो भनिरहेको हुन सक्नुहुन्छ, “म परमेश्वरको अभिषेकलाई बुझ्न मन पराउँछु ।” मलाई दुई उपायहरूलाई व्याख्या गर्न दिनुहोस्, जसमा मैले यो अरूहरूमा घटेको देखेको छु ।

अविश्वास वा धर्मशास्त्रको झूटो ज्ञानले परमेश्वरको शक्तिलाई बाधा दिन सक्छ । एक घटनामा म एक प्रतिष्ठित मण्डली सदस्यसँग सेवकाई गरिरहेको थिएँ । त्यसै क्रममा उनले टिप्पणी गरे, उनले परमेश्वरको अभिषेकलाई कहिल्यै अनुभव गरेका थिएनन् । मैले सल्लाह दिएँ, उनको मनमा अवरोध खडा भएको हुनसक्छ, जुन बाइबलको विश्वसनीयतामा प्रश्नहरू उठाउने तालीमको परिणामस्वरूप उत्पन्न भएका होउन् । साह्रै विनम्र मानिस भएका कारण उनी मेरो सल्लाहमा तुरून्त सहमत भए र उनले मनको अवरोधको यस आत्मालाई त्यागे । उनले येशूको नाउँमा त्यसो गर्नासाथ परमेश्वरको अभिषेक उनीमाथि आयो, र पवित्र आत्माको शक्तिमुनि घात भएर उनी भूइँमा बिस्तारै लोटे । त्यसै बेलादेखि उनले अभिषेकको वास्तविकता बुझेका छन् ।

उहिलेका अनुभवहरूको परिणामस्वरूप अविश्वासको आत्माले आफूलाई हाम्रो जीवनसँग जोड्न सक्छ, भलै हामीले हाम्रो हृदय येशूतर्फ फर्काएका होऔं । हामीले उत्तराधिकारमा प्राप्त गरेका कुनै कुरोबाट तर्किनुपर्ने खाँचो हुनसक्छ । न्यूजिल्याण्डमा हामीसँग ‘मेसन्स’ कहलाइने एउटा सभा स्थल छ । म देख्छु, कुनै मानिस त्यो सभाको सदस्य थियो वा आफै एउटा सदस्य छ भने ऊ आत्मिक बन्धनमा हुन्छ । त्यो सभाले बाल र अस्तारोतको आत्माको आराधना गर्दछ । धर्मशास्त्रमा यी दुवै निषिद्ध छन् । कसैले ती सम्बन्धहरू नचुँडाउञ्जेल उसमा बारम्बार आत्मिक अन्धोपन भइरहन्छ, र त्यसले परमेश्वरको वचन बुझ्न र त्यसमा जिउनमा बाधा दिन्छ । यस प्रसंगमा सम्बन्धित मानिसको अनुमतिसहित र उसले साँचो पश्चाताप गरेपछि मैले अविश्वासको आत्मालाई उसबाट बाहिर निस्कने आज्ञा प्रायः दिएको छु । अनि हामीले छक्क पार्ने परिणामहरू देखेका छौँ ।

म थियोलोजिकल कलेजबाट आएका एकजना प्राध्यापकसँग फिजी टापुमा एउटा गोष्ठीमा भाग लिइरहेको थिएँ । पवित्र आत्माले भरिएका र अन्य भाषामा बोलिरहेका यी प्रिय मानिसले मसँग भने, "बिल, ममाथि परमेश्वरका आत्माको अभिषेक कहिल्यै आएको छैन । मानिसहरू कसरी पवित्र आत्मामा घात हुन्छन् म वास्तवमै बुझ्न सक्दिनँ ।" यसर्थ एउटा सेवकाईमा मैले एकजना मानिसको निम्ति प्रार्थना गरिरहेको बेला त्यहाँ एउटा बलियो अभिषेकको उपस्थिति बोध गरेपछि यी प्राध्यापकलाई बोलाएर भनें, "ए भाइ, के तिमी अभिषेकको बोध गर्नसक्दैनौ ? यो अहिले एकदमै सामर्थी छ ।"

उनले जवाफ दिए, "म एउटै कुरो बोध गर्दिनँ ।"

मैले भने, "भाइ, तिमीले यो अभिषेक बोध गर्नैपर्दछ । सारा अविश्वासलाई त्यागी मात्र देउ ।"

उनले भने, "येशूको नाउँमा म सारा अविश्वास त्यागदछु ।"

त्यसपछि मैले भन्न थालें, "निश्चय नै भाइ, तिमी यो अभिषेक अनुभव गर्दछौ ।" उनीबाट जवाफ आएन । मैले मेरो कुरा दोहोऱ्याएँ । अझै जवाफ आएन ।

मैले उनीतिर हेरे, उनी त पवित्र आत्मामा विश्राम गर्दै आफ्नो पिठ्युँको बलले उत्तानो परेर जमीनमा लम्पसार परेका थिए ।

केही बेरपछि मैले उनलाई एउटी स्थूल शरीरकी महिलासँग उनको आचरणअनुसार धेरै शान्तसँग प्रार्थना गरिरहेको देखें । अब अविश्वासको क्षेत्रबाट फुक्का भएकाले उनी स्वतन्त्र थिए, र परमेश्वरका आत्माले जसै उनीद्वारा काम गर्नुभयो, हुनैपर्ने कुराहरू हुन लागेका मैले देखें । ती विशाल शरीरकी महिला यता र उता हल्लिन थालिन् । यी भाइले आफ्नो अन्तरात्माको प्रार्थनामा लागिरहँदा उनको शिर अझ निहुरियो, र मैले महिलाको नजिकै पुग्नुभन्दा पहिले उनी एउटा अजङ्ग रूख जमीनमा गल्र्याम्म ढलेजस्तै ढलिन् (सौभाग्यवश भूइँमा काठ छापेको थियो) । त्यसउप्रान्त मैले धेरै मानिसहरू ती मानिसको सेवकाईमुनि पवित्र आत्मामा घात भएका (ढलेका) देखें ।

तपाईंले परमेश्वरको अभिषेक थाहा पाउनुभएको छैन भने तपाईंलाई भूत लागेको छ भनेर म भन्दिनँ । कृपया मलाई त्यसो भनिरहेको

नसुन्नुहोस् । मेरो भनाइ यति मात्र हो, हामी येशूकहाँ आउनुपूर्व हाम्रो लालनपालन र परिस्थितिहरूको परिणामस्वरूप हाम्रो विश्वासलाई बाधा दिने कुनै कुरो हाम्रो मनसँग टाँसिएको हुनसक्छ । हामीले यसको लागि पश्चाताप गरेर, "येशू मभित्र भएको कुनै शंका र अविश्वासबाट म फर्कन्छु । हे प्रभु, मेरो सहायता गर्नुहोस्", भन्यौं र हामीले आफूलाई उहाँमा अर्पण गर्‍यौं भने हामीमा परमेश्वरको अभिषेक प्रवाहित हुन थाल्नेछ। अनि हामी उहाँको उपस्थितिको बोध गर्नेछौं।

हामीले अरूको निम्ति विश्वासमा प्रार्थना गर्ने हो भने यो कुरो बुझ्नु जरूरी छ।

मानिसहरूले परमेश्वरको अभिषेक बोध गरून् भनेर मैले उनीहरूको निम्ति प्रार्थना गर्दा म तिनीहरूलाई प्रभुको सामुन्ने शान्तिपूर्वक खडा हुन, आ-आफ्ना हात उठाउन र तिनीहरूमाथि परमेश्वरका आत्मा आउनुहुनको लागि प्रतीक्षा गर्न प्रोत्साहन दिन्छु । परमेश्वरले यसो गर्नुहुनेछ भन्ने पूर्ण विश्वास हामीमा छ भने यो कुरो हुनेछ । हामी कोठाभित्र पवित्र आत्माको न्यानो उपस्थिति र परमेश्वरको शक्ति मानिसहरूमाथि खन्याइरहिएको बोध गर्नसक्छौं । हामीले तिनीहरूमाथि हात राख्दा तिनीहरूमाथि अभिषेक प्रवाहित हुन्छ।

तपाईं अहिल्यै अभिषेक बोध गर्न चाहनुहुन्छ भने म तपाईंलाई घुँडा टेकिहाल्न, पापकर्मको लागि पश्चाताप गर्न, खासगरी अविश्वास, शंका, र डरको साथै गुप्तविद्यामा कुनै किसिमको संलग्नताको लागि र येशू ख्रीष्टलाई आफ्नो प्रभु र उद्धारकर्ताको रूपमा ग्रहण गर्न प्रोत्साहन दिन्छु। अनि जसै तपाईं प्रभुको सामुन्ने उभिएर आफ्ना हात माथि उठाउनुहुन्छ, म तपाईंलाई यो प्रार्थना गर्न प्रोत्साहन दिन्छु,

"हे स्वर्गमा हुनुहुने प्रिय पिता, म अब येशू ख्रीष्टको प्रतापी नाउँमा अनुग्रहको तपाईंको सिंहासनको सामुन्ने आएको छु, र म प्रार्थना गर्दछु, म मेरो शिरदेखि पैतालासम्मै तपाईंको अभिषेक अनुभव गर्नचाहन्छु । अब ममाथि तपाईंको प्रेम र उपस्थितिको लागि प्रभु, म तपाईंलाई धन्यवाद चढाउँदछु।"

यो मेरो प्रार्थना हो, तर जसै तपाईं यो प्रार्थना गर्नुहुन्छ तपाईंले आफ्नो सम्पूर्ण शरीरभरि पवित्र आत्माको अद्‌भुत उपस्थितिको बोध गर्नुहुनेछ।

# छैठौं अध्याय
## प्रेम

*"अब विश्वास, आशा, प्रेम, यी तीन रहन्छन्, तर यिनमा सर्वोत्तमचाहिँ प्रेम नै हो"* (१कोरिन्थी १३:१३) ।

हामीले पवित्र आत्माका वरदानहरूलाई विस्तारमा जाँच गर्नुपूर्व प्रेमको प्रश्नमाथि केही समय बिताउनु महत्वपूर्ण हुन्छ । हामीले यहाँ चर्चा गरिरहेका प्रेम १कोरिन्थी १३ मा देखाइएको "agape" प्रेम हो । यो प्रेम परमेश्वर स्वयम्बाट प्रवाहित हुन्छ । हामीले उहाँको आज्ञापालन गरेपछि मात्र हामी यस प्रेमलाई अनुभव गर्नसक्छौं ।

१कोरिन्थी १२ मा पवित्र आत्माले पावललाई आत्माका वरदानहरू वर्णन गर्न डोऱ्याउनुभएको तरिकाका सम्बन्धमा ममा सधैं जिज्ञासा उत्पन्न भएको छ । मण्डलीमा वरदानहरूको प्रयोगबारे पावलले चौधौं अध्यायमा बोल्नुअघि हामी उनलाई तेह्रौं अध्यायमा पवित्र आत्माको अभिषेकमुनि प्रेमबारे बोलिरहेका पाउँछौं ।

यसरी उनी प्रेमलाई वरदानहरूको प्रयोगको लागि केन्द्रविन्दु बनाउँछन् । मैले बिरामीहरूको लागि प्रार्थना गर्दा चाहिने पहिलो आवश्यकता प्रेम प्रदर्शन गर्नु हो । किनकि जहाँ विश्वास हुन्छ, त्यहाँ आशा हुन्छ । तर प्रेम छैन भने मैले प्रार्थना गरिरहेको मानिसको लागि परमेश्वर आफ्नो पूर्णतामा मद्वारा सेवकाई गर्न वास्तवमा सक्नुहुन्न । मैले स्मरण गर्नुपर्दछ, म ख्रीष्टको शरीरको एउटा अंग हुँ, र मैले हरेक अर्को अंगलाई एउटै आधारमा, अर्थात त्यो अर्को अंगको निम्ति मेरो जीवन अर्पण गरेर व्यवहार गर्नुपर्दछ ।

म येशूद्वारा "अगापे" प्रेम देखाउने प्रयत्न गरिरहेको छु भन्ने मानिसहरूले बुझेपछि परमेश्वरको दया त्यस परिस्थितिमा बग्न सुरु हुन्छ । तिनीहरूमाथि न्याय हुँदैछ भनी तिनीहरू अनुभव गर्दैनन् । अनि

परमेश्वरका आत्मा भित्र आउन र नाटकीय ढंगमा रोगी निको पार्न सफल हुनुहुन्छ।

विगत केही वर्षदेखि म मानिसहरूलाई येशू ख्रीष्टमा प्रेम गर्दछु भनी उनीहरूलाई भन्ने योग्यता परमेश्वरले मलाई दिनुभएको छ । मैले यी कुराहरू मेरो मुखबाट बोल्न र मेरा कानले सुन्न सुरु गरेपछि यसले मेरो खातिर केही कुरा गर्दछ । म थाहा पाउँदछु, यसले ती सुनाइमा परमेश्वरको उपस्थिति, शक्ति र अभिषेकको बोधलाई छुटकारा दिन्छ।

अरू सबै थोक समाप्त हुन गइरहेछ, तर प्रेम सदा रहिरहनेछ । विश्वास, आशा र प्रेममा सर्वोत्तमचाहिँ प्रेम नै हो।

केही वर्षअघि "फुल गोस्पल बिजिनेस मेन्स फेलोशिप" सभामा सहभागी भएको समय म सम्झन्छु । त्यहाँ एक काला अमेरिकन र सहायक मंत्री जोन्नी जोनसनले प्रेमको बारेमा बोले । मैले त्यसअघि कहिल्यै नसुनेको पारामा उनले बोले। उनले खाली परमेश्वरको प्रेमको धारा बगाए।

मैले अवलोकन गरैं, सभा समाप्त भएपछि उनी कक्षबाट बाहिर गएका थिएनन् । उनी त्यहीं रूके र रातको त्यस प्रहरमा बिरामीहरूको लागि अझै प्रार्थना गर्दै आफूले प्रचार गरेका कुराको अभ्यास गरे। यी मानिसले मलाई प्रेम प्रकट गर्नुको खाँचोबारे असीम मात्रामा सिकाए। हामीले प्रेम गर्न सुरु गरेपछि परमेश्वरका पवित्र आत्माले हामीमार्फत काम गर्नसक्नुहुन्छ।

हामीले एकसाथ येशू ख्रीष्टको उपासना गर्न लागेपछि हामी हरेकले आफूद्वारा उहाँको प्रेम प्रवाहित हुन दिनको लागि आफू खुला हुनुपर्दछ । हामी यसलाई एक अर्काको खातिर प्रकट गर्न योग्य हुनुपर्दछ, खासगरी हामीले सेवकाई गरिरहेको कुनै मानिसको लागि। प्रायः मानिसहरू मसँग भन्दछन्, तिनीहरूले हाम्रो कुनै एउटा सभामा आएर परमेश्वरको प्रेमको आत्मालाई बोध गरेपछि पीडाले तिनीहरूका शरीरलाई छोडेर जान्छ।

म विश्वास गर्दछु, सम्पूर्ण भूतको शक्ति उहाँको प्रेमद्वारा परमेश्वरको शक्तिको अधीनमा हुन्छ, र सार्वजनिक सभामा प्रेम प्रस्फुटन भएपछि चंगाईहरू हुन थाल्छन्, र मानिसहरूले छुटकारा पाउँदछन् । एकजना मानिसले भनेको म सम्झन्छु, हाम्रो घरमा प्रार्थना सभा चलिरहेको बेला

उनी त्यहाँ भित्र पसेपछि उनले तुरुन्तै प्रेमको बोध गरे । त्यस घडीसम्म उनी एक विश्वासी भएका थिएनन्, तर उनले येशू ख्रीष्टलाई आफ्नो हृदय सुम्पेर एक सच्चा विश्वासीमा परिवर्तित भई हाम्रो घरबाट बाहिर गए ।

अरूहरूको खातिर येशू ख्रीष्टको प्रेम प्रकट गर्न नडराउनुहोस् । हामी सबै प्रेमको उत्कट अभिलाषा राख्छौँ । हामी यसलाई व्यक्त गरौँ र स्वतन्त्र होऔँ । पवित्र आत्माका वरदानहरू आश्चर्यजनक छन्, ती ख्रीष्टको शरीर उच्चतामा निर्माण गर्न दिइएका छन्, र पवित्र आत्माका फलहरू अझ उत्तम छन् । तर सम्झनुहोस्, सर्वोत्तमचाहिँ हामी हरेकबाट प्रस्फुटित परमेश्वरको प्रेम नै हो ।

# सातौं अध्याय
# **अगमवाणी बोल्नु**

*"... कसैलाई अगमवाणी बोल्ने ..."* (१कोरिन्थी १२:१०) ।

सबैभन्दा पहिले म अगमवाणी बोल्ने वरदानसँग व्यवहार गर्ने प्रस्ताव राख्दछु । किनभने म विश्वास गर्दछु, यो अरू वरदानहरू, खासगरी बुद्धिका कुरा बोल्ने, ज्ञानका कुरा बोल्ने, आत्माहरू छुट्याउने र अन्य भाषाहरूको अर्थ खोलिदिने वरदानहरूका निम्ति प्रारम्भिक बिन्दु हो । अगमवाणी बोल्ने लगायत यी सबै वरदानहरू हाम्रो मनमा एउटा छाप, एउटा दर्शन प्रकाश, वा पवित्र आत्माको सुन्न सकिने आवाज वा परमेश्वरबाट आएको विचारको रूपमा आउँछ ।

हामीले हाम्रा हृदय र मन परमेश्वरको निम्ति खुला राखेपछि अगमवाणीको वरदान प्रयोगमा आउँछ । उहाँले हामीलाई एउटा छाप, एउटा विचार वा एउटा दर्शन दिन सक्नुहुन्छ, वा हामी उहाँको सुन्न सकिने सोर सीधै सुन्दछौं । अनि हामी परमेश्वरमाथि भरोसा राखेर यो उहाँ नै हुनुहुन्छ भनी विश्वास गरेपछि ख्रीष्टको शरीरमा भएका अरू अंगहरूले छुट्याउनेछन्, अर्थात हामी प्रभुबाट आएको कुरा बोलिरहेका छौं भनी जान्नेछन् ।

पवित्र आत्माले भरिएको प्रत्येक विश्वासीले १कोरिन्थीमा उल्लेख गरिएअनुसार अगमवाणीको वरदान प्रयोग गर्नुपर्दछ ।

> ***"तिमीहरू सबैले पालैसँग अगमवाणी बोल्न सक्छौ, र यसरी नै सबैले सिक्न सक्छन् अनि सबैले उत्साह पाउन सक्छन्"*** (१कोरिन्थी १४:३१) ।

मैले कुनै सभामा वरदानहरूको विषयमा शिक्षा दिइरहेको समयमा म सहभागीहरूलाई जोडाहरूमा टुक्रिन भन्दछु । तिनीहरू एक अर्कासँग बसेपछि म तिनीहरूलाई "परमेश्वर तिमीसँग प्रेम गर्नुहुन्छ" वा

“परमेश्वर तिमीसँग हुनुहुन्छ” भन्ने जस्ता तिनीहरूले अर्को मानिसको लागि उत्साह हुने विश्वास गरेका केही कुराहरू बोल्न भन्दछु। विश्वास गर्नुहोस् वा नगर्नुहोस्, केही मानिसहरूले अर्को मानिससँग यस्ता खालका कुराहरू अझसम्म कहिल्यै भनेका छैनन्। तैपनि, अब तिनीहरूले त्यसो भन्न सुरु गरेपछि पवित्र आत्माको अभिषेक तिनीहरूमाथि प्रवाहित हुन सुरु हुन्छ।

त्यसपछि परमेश्वरले हरेक मानिसलाई अगमवाणी बोल्ने वरदान दिउन् भनी म प्रार्थना गर्दछु। म प्रत्येक मानिसलाई अर्को मानिसको खातिर प्रोत्साहनका केही कुरा तिनीहरूलाई दिनको लागि प्रभुसँग विन्ती गर्न प्रोत्साहन दिन्छु। जसै तिनीहरू आफूलाई ती विचारहरू दिनुहुन्छ भनी परमेश्वरमाथि भरोसा राख्दछन्, र तिनलाई मुखबाट बोल्दछन्, अनि स्वर्गबाट परमेश्वरका आत्मा तिनीहरूमाथि ओर्लिआउनुहुन्छ। थप उत्साह प्राप्त गरेपछि मानिसहरू यस वरदानमुनि अझ बढी अभिषेकमा अगाडि बढ्न सुरु गर्दछन्। धेरै समय नबित्दै तिनीहरू प्रभुले आफूहरूलाई दिनुभएको प्रोत्साहनका कुरा बोलिरहेका हुन्छन्। कहिलेकाहीँ यो बाइबलको एउटा पद हुन्छ भने, अरू बेला यो एउटा सामान्य कुरा हुन्छ।

अनि म मानिसहरूलाई ६जनाको समूहहरूमा फर्काएर ल्याउँछु, र समूहका हरेक सदस्यलाई समूहका बाँकी सदस्यहरूको लागि उत्साहको कुरा बोल्न भन्दछु। पवित्र आत्माले कसरी काम गर्न सुरु गर्नुहुन्छ सो देख्दा छक्क परिन्छ।

मैले कुनै सभाको लागि वरदानहरूबारे बोलिरहेको हुँदा यस पद्धतिको विकल्पको रूपमा म कहिल्यै अगमवाणी नबोलेकाहरूलाई चूपचाप लागेर प्रभुको प्रतीक्षा गर्न र उहाँलाई तिनीहरूको मनमा बाइबलीय पदहरू वा कुनै अरू कुरा ल्याउन दिन प्रोत्साहन दिन्छु। त्यसपछि म अरूलाई परमेश्वरका आत्माबाट अगमवाणी बोल्ने इच्छा गर्नेहरूमाथि हात राखिदिन भन्दछु, किनकि मानिसहरूले यो वरदानको प्रयोग गर्नु जरूरी हुन्छ।

तपाईं अगमवाणी बोल्ने वरदान चाहनुहुन्छ भने म तपाईंलाई प्रेम गर्ने कुनै दलको सदस्य हुन सल्लाह दिन्छु। म तपाईंलाई तपाईंको मण्डली छोड्न भनिरहेको छैन। म त एउटा प्रार्थना सभाको स्थितिलाई उल्लेख

गरिरहेको छु, जहाँ मानिसहरूले तपाईलाई प्रेम गर्नेछन्, र यस आयाममा बढ्ने तपाईंको लालसालाई ठाउँ दिनेछन् ।

तपाईंको मनमा केही कुराहरू आउनाबित्तिकै बोलिहाल्नुहोस् । (मेरो भनाइको अर्थ हो, त्यस्ता कुराहरू जो आत्मिक वृद्धि, उत्साह र सान्त्वनाका निम्ति छन्) । प्रायः म मानिसहरूलाई बाइबलका पदहरू उद्धरण गर्न भन्दछु, ताकि तिनीहरू आफ्नै सोर सुन्न सकून् । तपाईंले आफ्नो सोर खुला सभामा एकपल्ट सुन्नुभएपछि तपाई भरोसा र विश्वास प्राप्त गर्न थाल्नुहुन्छ ।

तपाईंले सुरु गर्नु महत्वपूर्ण हुन्छ । तपाईसँग केही शब्दहरू हुनसक्छन्, विश्वासमा जानुहोस् र ती शब्दहरू बोल्नुहोस् । तपाईले सम्पूर्ण सन्देश प्राप्त नगरूञ्जेल प्रतीक्षा नगर्नुहोस् । तपाईंलाई जे भनिदै छ त्यत्ति मात्र बाहिर निकाल्नुहोस्, त्यसपछि तपाईं रोकिन सक्नुहुन्छ । थप भन्नको लागि तपाईंसँग केही नहुनसक्छ, र अरू कसैले अगमवाणीको बाँकी अंश ल्याउन सक्छ ।

आफ्नो मुखबाट असल कुराहरू बोलेर मात्र तपाईं विश्वासमा वृद्धि हुनुहुन्छ । हामी सबै यो तथ्य जान्दछौं । म क्रिश्चियन भएको सुरुताका धेरै लज्जालु थिएँ र अगमवाणी बोल्ने मानिसहरूको आत्मविश्वासबाट धेरै प्रभावित हुन्थें । त्यसपछि मैले बुझ्न थालें, परमेश्वरले मबाट चाहनुभएको एउटै कुरो उहाँमाथि भरपर्दै एक सानो बालकजस्तै रहिरहनु थियो । एक दिन म एक दाज्यूबाट त्यति मात्र गर्नको लागि प्रेरित भएको थिएँ । उनले सभामा भेला भएकाहरूलाई एउटा सामान्य कुरा बोल्न प्रोत्साहित गरे । मैले भजनबाट केही कुरा बोलें । तर मैले खुला सभामा आफ्नो आवाज सुनेको लगत्तै दृढ विश्वास प्राप्त गर्न सुरु गरें । त्यस उप्रान्त म अगाडि बढ्दै गएँ । हामी जसै प्रार्थना गर्न कुनै मानिससँग उभिन्छौं, यो आफ से आफ प्रवाहित हुन्छ । प्रभु एउटा वचन दिन सधैं तत्पर भइरहनुहुन्छ,

*"तिमीहरू सबैले पालैसँग अगमवाणी बोल्नसक्छौ, र यसरी नै सबैले सिक्न सक्छन् अनि सबैले उत्साह पाउन सक्छन्"* (१कोरिन्थी १४:३१) ।

*"तर अगमवाणी बोल्ने हरेकले मानिसहरूसँग नै बोल्दछ । तिनीहरूका आत्मिक वृद्धि, उत्साह र सान्त्वनाको निम्ति ऊ बोल्दछ"* (१कोरिन्थी १४:३) ।

यो आत्मिक वृद्धि र ख्रीष्टको शरीर उच्चतामा निर्माण गर्नको निम्ति हो ।

प्रार्थना सभालाई डोऱ्याउनुमा अगुवासँग महत्वपूर्ण जिम्मेवारी हुन्छ । यदि उसले अगमवाणीको क्षेत्रमा वरदान पाएको छ भने उसले प्रभुलाई सावधानीपूर्वक सुन्नु पर्दछ, किनकि प्रभुले प्रायः प्रोत्साहनका सामान्य कुरा ल्याउन चाहनुहुन्छ ।

याद गर्नुहोस्, अगमवाणी बोल्ने वरदान अगमवक्ताको सेवकाईभन्दा बेग्लै हो । एफिसी ४:११ अनुसार अगमवक्ता हुनुको अर्थ हो, हामीलाई प्रेरितहरू, प्रचारकहरू, पास्टरहरू र शिक्षकहरूकै रूपमा एउटा निश्चित सेवकाई गर्न भनेर परमेश्वरबाट बोलावट भएको छ । यस सेवकाईको अंश सेवा गर्नको लागि सन्तहरूलाई सुसज्जित तुल्याउनु हो । सच्चा अगमवक्तासँग भविष्य बताउने वरदानको साथसाथै ख्रीष्टको शरीरमा सुधार ल्याउने वरदान समेत हुनसक्छ । तथापि अगमवाणी बोल्ने वरदान एउटा बोलावट होइन, तर वरदान मात्र हो ।

हामीले हाम्रा प्रार्थना सभाहरू सुरु गरेपछि पवित्र आत्माले मेरी पत्नीलाई उत्साह दिनको लागि यसलाई मेरो हृदयमा बसाल्नुभयो । उनी सभामा हुन्थिन् र म भन्थेँ, "प्याट म विश्वास गर्दछु, प्रभुले तिमीलाई एउटा वचन दिइरहनुभएको छ" (त्यहाँ धेरै राम्रोसँग अगमवाणी बोल्न सक्ने मानिसहरू हुन्थे र उनले कहिल्यै त्यसो गरेकी थिइनन्, तर प्रभुमा दृढतापूर्वक खडा हुँदै र परमेश्वरले उनको हृदयमा हालिदिनुभएको विश्वासमा उनी बोल्न सुरु गर्थिन्) । त्यसपछि स्थिर गतिले एकपछि अर्को शब्द गर्दै यो आयो । मैले मेरी पत्नीलाई पाँच हजार मानिसहरूको सभामा देखेको छु, अनि प्रभुले उनलाई एउटा अगमवाणी दिनुभयो, जसलाई उनले बोल्नासाथ त्यसले सभाको एक छेउदेखि अर्को छेउसम्म तोप पड्केको आवाजले जसरी असर गऱ्यो । हाम्रो परिवारले एकसाथ प्रार्थना गर्दा धेरैपल्ट प्रभुले मेरी पत्नीलाई प्रोत्साहनको कुरा दिनुहुन्छ । यो पति र

पत्नीबीचमा एउटा आश्चर्यजनक र सकारात्मक सम्प्रेषण हो। यसकारण म तपाईंलाई भन्दछु, यो असाधारण वरदान प्रयोग गर्न आफ्नी पत्नी, आफ्नो पति र आफ्नो परिवारलाई उत्साह दिनुहोस् । यो एउटा सुन्दर चाल हो, जसमा परमेश्वरले तपाईंलाई दृढ भरोसा दिनसक्नुहुन्छ।

मेरो छोरा पावल र मेरी छोरी मारियामा पनि यो वरदान छ । यो एउटा सामान्य तर परमेश्वरको सुन्दर वरदान हो। परमेश्वरले तपाईंको हृदयमा स्थापित गरिरहनुभएको कुरालाई बाहिर बोलेर सुरु गर्न सक्नुहुन्छ। मैले भनेबमोजिम यो एउटा भजन वा धर्मशास्त्रबाट दिइएका केही वचन हुनसक्छ, तर यसलाई बोल्नुहोस् । पहल गर्न नडराउनुहोस्, तर तपाईं पनि धन्य हुनसक्ने प्रेममय स्थितिमा पुगिहाल्नुहोस्।

कसरी आरम्भ गर्ने सो मलाई देखाइरहनुभएको र मलाई निरन्तर उत्साह दिइरहनुभएकोमा म परमेश्वरको प्रशंसा गर्दछु।

अगमवाणी प्रायः तपाईंको निम्ति हो भन्ने तथ्यलाई उपेक्षा नगर्नुहोस्। तपाईंले अमगवाणी बोलिरहनुभएको बेला यो तपाईंको आफ्नै परिस्थिति र अवस्थासँग जोडिएको हुनसक्छ । तपाईंले वचन बोल्दा परमेश्वर आफै तपाईंसँग बोलिरहनुभएको हुनसक्छ।

याद गर्नुहोस्, पवित्र आत्मा आफैले बीचमा क्रम भंग गर्नुहुन्न। एउटा सन्देश अन्य भाषामा वा अर्थ खोल्नुमा वा अगमवाणीमा ल्याइएको छ भने यसलाई एउटै समयमा आइरहेको अर्को सन्देशले बाधा दिनुहुँदैन । कहिलेकाहिँ ठूला सभाहरूमा यसबाट बच्न सकिँदैन, जहाँ एउटा मानिसले अलिक टाढा बोलिरहेको कुरा अर्को मानिसले सुन्न सक्दैन । यस्तो स्थितिमा पवित्र आत्माले सामान्यतया चाँडै नै राम्ररी मिलाउनुहुन्छ र एकजना मानिसको आवाजले अन्ततः सभामाथि अधिकार जमाउँछ ।

अगमवाणी बाँडचुँड गर्दा यो परमेश्वरबाट आएको हो भन्ने गवाही अरूका आत्मामा हुनुपर्दछ। चाहे अंग्रेजीमा वा अन्य भाषाद्वारा ल्याइएको होस्, र त्यसको व्याख्या होस्, पवित्र आत्माले सभामा अरूहरूलाई यो अगमवाणीको कुरो हो र पवित्र आत्माबाट आएको हो भनी देखाउनुहुन्छ। हामीसँग यसको गवाही छैन र यो परमेश्वरको वचनसँग मेल खाँदैन भने यसलाई ग्रहण गरिनुहुन्न।

*"अगमवाणी बोल्नेचाहिँ दुई अथवा तीनजना होऊन्, र अरूले तिनीहरूले बोलेको कुरा राम्ररी जाँच गरून्"* (१कोरिन्थी १४:२९)।

अर्कोतिर यी सब कुरा प्रेममा गरिनु पर्दछ। कसैले पवित्र आत्माबाट नभइ बरू उसको आफ्नै दिमागबाट कुनै कुरा बोलिरहेकै कारण हामीले त्यस मानिसलाई ठूलो सोरमा होच्याउनु हुँदैन। कुरा एकदमै अहानिकर र आत्मिक वृद्धि गर्ने पनि हुनसक्छ। फैसला (वचन र पवित्र आत्माबाट जाँच गर्नु) निश्चय नै प्रेममा गरिनुपर्दछ। तैपनि, दिइएको कुरा आदेशात्मक, दोषारोपण गर्ने वा मानिसहरूलाई बन्धनमा पार्ने खालको छ भने यसलाई ग्रहण गरिनुहुँदैन।

अरू कसैले बोलिरहेको छ र हामीमा अगमवाणीको कुरा वा अन्य भाषामा एउटा सन्देश बाहिर ल्याउन ठूलो बोझ छ भने तिनीहरूले नसिध्याउञ्जेल हामी प्रतीक्षा गर्न तयार हुनुपर्दछ, अनि त्यो सन्देश प्रकट गर्ने अवसर खुला हुन्छ। केही असल व्यक्तिले मसँग भनेका छन्, परमेश्वरले तिनीहरूलाई दिइरहनुभएको सन्देश तिनीहरू रोकेर राख्न सक्दैनन्, किनकि तिनीहरू योसँग विस्फोट हुन गइरहेका छन्, र यसलाई बाहिर निकाल्नै पर्दछ। पवित्र आत्मा भद्र व्यक्तित्व हुनुहुन्छ। उहाँले हामीमाथि आफूलाई बाध्य गराउनु हुन्न। हामी पवित्र आत्माको चालमा चलेपछि हामीले पूर्ण नियन्त्रण प्राप्त गर्ने अपेक्षा गर्नुपर्दछ। अरू कसैले बोलिरहँदा पवित्र आत्माले मलाई धेरैपल्ट ज्ञानका कुरा दिनुभएको छ। तर अरू कसैले एउटा सन्देश दिइरहेको समयमा उफ्रदै अगाडि आएर म त्यो कुरा ठीक त्यसै बखत भन्न चाहन्छु भनेर भन्दिनँ। एउटा उपयुक्त अवसर प्रस्तुत नहोउञ्जेल म प्रतीक्षा गर्दछु। यस्तो पनि हुनसक्छ, म आफै बोलिरहेको छु र त्यसैबेला पवित्र आत्माले मलाई एउटा ज्ञानको कुरो दिनुहुन्छ, तैपनि त्यो कुरो बाहिर ल्याउने उपयुक्त मौका उहाँले मलाई नदेखाउञ्जेल म प्रतीक्षा गर्दछु।

*"अगमवक्ताहरूका आत्मा अगमवक्ताहरूकै अधीनमा हुन्छन्"* (१कोरिन्थी १४:३२)।

हामी आत्मसंयम प्रयोग गर्न सक्षम हुनुपर्दछ।

सभाको अगुवा पवित्र आत्माको डोऱ्याइमा संवेदनशीलतापूर्वक हिँड्डुल गर्दछन् भने उनले बोध गर्नेछन्, सभामा बाहिर ल्याउनुपर्ने एउटा कुरा वा सन्देश छ, र त्यस निम्ति ठीक समयमा अवसर दिन मानिसहरूलाई सहायता गर्नेछन् ।

अगमवाणी बोल्ने वरदानले अक्सर काम गर्ने अर्को तरिका के छ भने, पवित्र आत्माले हामीलाई हाम्रो मनको आँखामा परिस्थितिको एउटा तस्वीर दिन सुरु गर्नुहुन्छ । यो एउटा झरना, सूर्यास्त, खेत वा कुनै अर्को स्थिति हुनसक्छ । त्यसपछि पवित्र आत्माले यसबारे हामीसँग बोल्न सुरु गर्नुहुन्छ । हामीले हाम्रो दिमागमा भएको तस्वीरअनुसार बोल्न थालेपछि पवित्र आत्मा एउटा स्पष्ट सन्देश ल्याउन योग्य हुनुहुन्छ । जसै प्याट र म एउटा अगमवाणी बोल्नै आँटेका हुन्छौं, हामी दुवैले हाम्रा मनमा प्रायः एउटा तस्वीर प्राप्त गर्दछौं । साथै, हामी त्यसलाई प्रकट गर्न सुरु गर्दा त्यो अगमवाणी हाम्रा निम्ति झन् सुस्पष्ट भएको हामी पाउँछौं ।

मैले अगमवाणीमा बोलिरहेको छु भने सुरुमा म प्रत्येक क्षणमा अगाडि नै थोरै शब्दहरू मात्र पाउँछु, र जसै म अगाडि बढ्दै जान्छु, बोल्नको लागि पवित्र आत्माले कुराहरू जुटाइ दिनुहुन्छ ।

के म तपाईंलाई ठीक अहिले यो वरदान प्राप्त गर्न प्रोत्साहन दिनसक्छु ? तपाईं यो प्रार्थना विश्वाससहित भन्न तयार हुनुहुन्छ भने परमेश्वरको अभिषेक तपाईमाथि आउनेछ, र परमेश्वरले तपाईंलाई धन्य तुल्याउनु हुनेछ ।

> "हे प्रिय स्वर्गीय पिता, म तपाईका पुत्र येशू ख्रीष्टको प्रतापी नाउँमा तपाईकहाँ आउँदछु । हे प्रभु, अगमवाणी बोल्ने वरदान प्राप्त गर्ने विश्वास गर्दै म आउँदछु । यो वरदान अब ममाथि खन्याइदिनुहुन म तपाईंसँग प्रार्थना गर्दछु । हे पिता, येशूको नाउँमा तपाईंलाई धन्यवाद चढाउँछु । आमिन ।"

म विश्वास गर्दछु, तपाईंले प्रोत्साहनका कुराहरू बोल्न र यो वरदानको लागि विश्वास गर्न सुरु गर्नुभयो भने तपाईं भेट्टाउनहुनेछ, प्रभुले तपाईंद्वारा बोल्नुहुनेछ ।

मैले यो प्रार्थना यस पुस्तकमा सम्मिलित गरेको छु, किनकि धर्मशास्त्र भन्दछ, सबैले अगमवाणी बोल्न सक्छन् । यो सबै सच्चा विश्वासीहरूको निम्ति एउटा वरदान हो । मैले यसै अध्यायको सुरुमा उल्लेख गरेबमोजिम म विश्वास गर्दछु, यो अरू वरदानहरूको लागि प्रारम्भिक विन्दु हो ।

## आठौं अध्याय
# बुद्धिका कुरा

*"कसैलाई पवित्र आत्माद्वारा बुद्धिका कुरा बोल्ने ..."* (१कोरिन्थी १२:८)।

बुद्धिका कुरा कुनै परिस्थितिसँग कसरी व्यवहार गर्ने सोबारे परमेश्वरबाट आएको एउटा छाप, विचार, दर्शन वा पवित्र आत्माको प्रत्यक्ष सुनिने आवाज हो। १कोरिन्थी १२ मा उल्लेख गरिएका आत्मिक वरदानहरूमध्ये पहिलो बुद्धिका कुरो बोल्ने वरदान हो। यो त्यहाँ प्रथम स्थानमा एउटा धेरै असल कारणवश छ भन्नेमा म विश्वास गर्दछु। तपाईं पवित्र आत्माको वरदानमा हिँड्नुभएपछि तपाईं परमेश्वरको बुद्धिमा चल्नै पर्दछ।

हितोपदेशमा हामी पाउँछौं, ख्रीष्ट र बुद्धि एउटै र समान हुन्,

***"बुद्धि सडकहरूमा चर्को सोरले कराउँछ, त्यसले आफ्नो आवाज बजारहरूमा उचाल्छ, होहल्लाले भरिएका गल्लीहरूका पर्खालहरूमाथि त्यो चिच्याउँछ, शहरका मूल ढोकाहरूमा यसरी त्यसले भाषण गर्छः "हे निर्बुद्धि हो, कहिलेसम्म तिमीहरू आफ्नो बुद्धिहीन मार्गलाई प्रेम गरिरहनेछौ ? कहिलेसम्म खिल्ली उडाउनेहरू खिल्ली उडाइरहनमा मग्न भइरहने र मूर्खहरूले ज्ञानलाई घृणा गर्दैरहने ? यदि मेरो हप्की तिमीहरूले ग्रहण गरेका भए म आफ्नो हृदयका कुराहरू तिमीहरूसँग पोख्ने थिएँ, र मेरा विचारहरू तिमीहरूलाई थाहा गराउने थिएँ"*** (हितोपदेश १:२०-२३)।

फेरि १कोरिन्थीमा हामी यी शब्दहरू देख्दछौं,

***"ख्रीष्ट नै परमेश्वरको शक्ति र बुद्धि हुनुहुन्छ"*** (१कोरिन्थी १:२४)।

*"परमेश्वर नै ख्रीष्ट येशूमा तिमीहरूका जीवनको स्रोत हुनुहुन्छ, ख्रीष्टलाई नै उहाँले हाम्रा बुद्धि, हाम्रा धार्मिकता र पवित्रता र हाम्रा उद्धार बनाउनुभयो"* (१कोरिन्थी १:३०)।

जसै हामी पवित्र आत्माका वरदानहरूमा हिँडडुल गर्दछौँ, हामीले ख्रीष्टमा र उहाँको बुद्धिमा चल्नु पर्दछ । उदाहरणको लागि, हामीले ज्ञानका कुराको वरदानमा काम गर्न सुरु गरेपछि पवित्र आत्माले हामीलाई कुनै मानिसको सम्बन्धमा केही कुरा प्रायः प्रकट गर्नुहुनेछ। के हामीसोच विचार नगरिकनै यसलाई झ्वाट्ट भन्दछौँ, वा पवित्र आत्माले हामीलाई यो कुरा बोल्ने स्वतन्त्रता नदिउञ्जेल प्रतीक्षा गर्दछौँ ?

कुनै मानिसले व्यभिचार गरिरहेछ भनेर त्यस मानिसको सम्बन्धमा मैले ज्ञानको कुरा पाएँ भने परमेश्वरले यसलाई प्रकट गर्न विशेष रूपमा आदेश नदिउञ्जेल म उभिएर सबैका सामुन्ने यसो भन्ने छैन, "ए भाइ, तिमी व्यभिचार गरिरहेछौ।" त्यस पहुँचमा प्रेम हुनेछैन। मैले त्यसो गरेमा परमेश्वरका आत्माले मलाई देखाइरहनुभएको र त्यस मानिसको जीवनमा पूरा गर्ने कोसिस गरिरहनुभएको कामलाई म नष्ट गर्नेछु।

यही कुरो अरू वरदानहरूको प्रयोगमा लागू हुन्छ । तपाईं आफ्नो ओठसम्म आइरहेको अगमवाणीले भरिएको हुनसक्नुहुन्छ, तपाईं यसलाई कुन बेला बाहिर ल्याउनुहुन्छ भन्ने प्रश्न एउटा महत्वपूर्ण मुद्दा हो। मैले परमेश्वरको वचनबाट बोलिरहेको समयमा कुनै मानिस उभिन्छ र अगमवाणी बोल्न सुरु गर्दछ भने म भन्नेछु, "तर भाइ, तिमी नियमविरूद्ध छौ। म परमेश्वरको वचनबाट बोलिरहेछु र तिमीले मलाई हस्तक्षेप गरेका छौ।" पवित्र आत्मा आफैलाई हस्तक्षेप गर्नुहुन्छ भनी म विश्वास गर्दिनँ।

मैले भनिरहेका कुरासँग तपाईं सहमत नहुन सक्नुहुन्छ, तर यी कुराहरू मेरा खोजहरू हुन् । बुद्धिको वरदान हामी सबैले उत्साहसाथ खोजी गर्नुपर्ने वरदान हो, र परमेश्वरले यसलाई धेरै विशिष्ट रूपमा र स्पष्टसँग प्रदान गर्नुहुन्छ । उहाँले तपाईलाई बुद्धिका कुरा दिनुहुन्छ । तपाईंले परमेश्वरको खातिर जागा रहँदा वा कुनै मानिसको सेवकाई गर्दा, वा उसको लागि प्रार्थना गर्दा कहिलेकाहिँ त्यस्तो परिस्थितिसँग कसरी व्यवहार गर्ने भन्ने बारेमा तपाईंको मनमा कुनै कुराको छाप लगाइन

सकिन्छ । तपाईं परमेश्वरमा काम गरिरहेको हुनुहुन्छ भने तपाई निश्चय गर्नसक्नुहुन्छ, धार्मिकता, मर्यादा र अन्य कुराको अर्थमा एउटा असल कुरा प्रभुबाट आएको छ । बुद्धिको त्यो कुरा परमेश्वरबाटै आएको हो भनेर साँच्चै नबुझिकन हामीले त्यसमा काम गर्नमा होशियार हुनुपर्दछ ।

यसरी बुद्धिका कुरा कुनै अवस्थाको सम्बन्धमा ठीक समयमा एउटा कुरा प्राप्त गर्नुको वरदान हो । सल्लाह दिनुपर्ने अवस्थाहरूमा यो वरदान साह्रै लाभदायक हुन्छ । येशू बुद्धि हुनुहुन्छ, र हामीले उहाँको बुद्धि र प्रेममा काम गर्न खोज्नु पर्दछ ।

हामी पवित्र आत्माले भरिएपछि बुद्धिका कुरा कुनै क्षणमा सामान्य र स्पष्ट तवरमा आउनसक्छ । कहिलेकाहिँ पवित्र आत्माले कुनै मानिसले धेरै पीडादायी र नकारात्मक अवस्थाबाट कष्ट भोगिरहेको देखाउनुहुनेछ । तर उहाँले तपाईलाई यो अवस्था देखाउनुभएको तथ्यको तात्पर्य तपाईंले यस विषयमा त्यसै समयमा त्यो मानिससँग कुराकानी गर्नुपर्दछ भन्ने होइन । यसर्थ म प्रेमको खाँचोमा जोड दिन्छु । तपाईंले उहाँको प्रेममा जिउन सुरु गर्नुभएपछि कुन परिस्थितिसँग कसरी व्यवहार गर्ने तपाईलाई देखाउँदै ठीक समयमा सेवा गर्नको लागि परमेश्वरले ढोका खोल्नुहुनेछ ।

भरखरै बयान गरिएजस्तो अवस्था प्रकट गर्ने विभिन्न उपायहरू छन् । तपाईं भन्नुहोला, “मेरो विचारमा तपाईलाई प्रार्थनाको खाँचो छ । के तपाईलाई निको हुनको लागि प्रार्थनाको खाँचो छ ?” सायद त्यो मानिसले ऊ समस्याग्रस्त छ भनी भन्नेछ । त्यस मानिसले बुझेभन्दा उसको समस्या धेरै नै खराब छ भनी प्रभुले तपाईंलाई देखाइरहनुभएको हुनसक्छ । यस अवस्थामा तपाईंलाई बुद्धिको खाँचो हुन्छ । सभाको कुनै कुनामा बसेको एउटा मानिसलाई क्यान्सर भएको छ भनेर पवित्र आत्माले तपाईंलाई ज्ञानका कुरा दिनसक्नुहुन्छ । यदि पवित्र आत्माले यो कुरा घोषणा गर्न बाध्य तुल्याउनुभएको मैले अनुभव गरेँ भने, त्यहाँ भयको वातावरण उत्पन्न नगर्नको लागि म यसो भन्नेछु, “म विश्वास गर्दछु, मलाई यो रोग लागेको छ भनेर बुझ्ने मानिस यहाँ उपस्थित छन् ।” अन्यथा, सभाको त्यस भागमा भएको हरेक मानिसले आफूहरूलाई क्यान्सर भएको छ भनी अनुभव गर्नसक्छन् ।

तपाईं पवित्र आत्माका वरदानहरूमा चल्नुभएपछि शैतान सुरुदेखि नै आउँछ र मानिसहरूमा डर राखिदिने कोसिस गर्दछ । तपाईं त्यस अवस्थामा मानिसहरूलाई दृढ भरोसा दिँदै परमेश्वरको प्रेममा अगाडि बढ्नुभएमा परमेश्वरको शक्ति पूर्णतामा काम गर्न योग्य हुन्छ, र पवित्र आत्माको ज्योति निभ्दैन । मैले अवलोकन गरेको छु, परमेश्वरले सामान्यतया सम्बन्धित मानिसहरू राम्ररी परिचित भएका अवस्थातिर ध्यान खिँच्नुहुन्छ, यसरी त्यो सभामा विश्वास वृद्धि गराउनुहुन्छ । अरू समय वा अरू परिस्थितिहरूमा बुद्धिले तपाईंलाई डोऱ्याएअनुसार मानिसले गर्ने इच्छा गरेमा ऊ संलग्न भएको सारा समस्याहरू हुँदो तपाई स्वतन्त्रतापूर्वक जानसक्नुहुन्छ ।

म विश्वास गर्दछु, १कोरिन्थी १२ मा सूचीकृत आत्मिक वरदानहरूको पहिलो वरदान बुद्धि परमेश्वरको प्रेमसँग नजिकैबाट जोडिएको छ । मैले थाहा पाएअनुसार यसले यस प्रकारसँग काम गर्दछ, हामी बुद्धिमा चलेपछि र बुद्धिको कुरामाथि प्रतीक्षा गरेपछि परमेश्वरले हाम्रो मनमा कुनै कुरा हालिदिनुहुन्छ, र त्यो कुनै मानिसको निम्ति त्यो समयमा भन्नको लागि ठीक कुरो हुन्छ । तर म परमेश्वरको प्रेममा अगाडि बढिरहेको छु भने मात्र यो काम गर्नसक्छु ।

बुद्धिका कुराले धेरैपल्ट अचम्भित तुल्याउने सरलतामा काम गर्दछ । म एउटा घटना सम्झन्छु । त्यसमा एकजना पास्टरले आफ्नो उन्नाइस वर्षीय छोरोलाई सल्लाहको निम्ति मकहाँ ल्याए । तिनीहरू मेरो घरमा पस्दा छोरोचाहिँ तल जमीनमा हेरिरहेको थियो, र ऊ आफ्नो टाउको माथि उठाउँदैनथ्यो । कुराकानीको अर्को तीस मिनेटको अवधिमा पनि उसले टाउको उठाएर माथितिर हेरेन । मैले त्यसैसँग कुरा गरिरहँदा उसले भूइँमै हेरिरह्यो ।

त्यसपछि मैले के गर्नुपर्दछ म बुझ्न खोजिरहेको थिएँ । मलाई स्पष्ट भएको थियो, त्यो जवान केटो तिरस्कारबाट कष्ट भोगिरहेको थियो, र उसको बाबुले अजानमा उसलाई जति दिनुपर्ने हो त्यति ध्यान दिएको थिएन । उसलाई चाहिएको 'प्रोत्साहन' थियो भन्ने प्रष्ट थियो ।

म यस विषयलाई आत्मिक अर्थ दिन सक्थेँ, तर पवित्र आत्माले मलाई एक्कासी प्रेरणा दिनुभयो । मैले छोरोलाई त्यसले कहिल्यै गल्फ खेलेको

थियो कि भनेर सोधेँ । आफूले त्यो खेल कहिल्यै नखेलेको भनेर उसले जवाफ दियो । ऊ खेल्न मन पराउँछ त भनी मैले उसलाई सोधेँ । उसले हठात् मतिर पहिलोपल्ट माथि हेऱ्यो । मैले बुझेँ, पवित्र आत्माको सहायताले मैले त्यो जवान मानिससँग एकता स्थापित गरेको थिएँ ।

म मेरो घरको भूइँतलामा गएँ र त्यहाँ प्रयोग नगरी राखिएको गल्फ खेल्ने डन्डा र अरू सामानहरू भेट्टाएँ । मैले ती सबै थोक माथि ल्याएँ र उसलाई दिएँ । उसको सारा व्यवहार परिवर्तन भयो । त्यसपछि मैले उसको बाबुलाई उसको निम्ति त्यस्तै डन्डा किन्नको लागि एउटा चेक दिएँ, र गएर आफ्नो छोरासँग गल्फ खेल्न बाबुलाई भनेँ ।

हाम्रो घर छोड्ने बेलासम्म छोरो एउटा भिन्दै मानिस भएको थियो । एक सातापछि मैले उसबाट एउटा छोटो पत्र पाएँ । पत्रअनुसार ऊ र उसका बाबु नियमित तवरमा गल्फ खेल खेलिरहेका थिए । बाबुले मेरो सल्लाह माने र आफ्नो छोरोसँग गल्फको खेलमा निरन्तरता दिए ।

करीब दुई महिनापछि तिनीहरू मलाई भेट्न मेरो घरमा फेरि आए । तिनीहरूले झण्डै एक सय पचास माइलको दूरी तय गरेका थिए, र बाटोमा देखिएजति प्रायः सबै गल्फ खेल्ने मैदानमा गल्फ खेल्दै आएका थिए । छोरो अब पूर्ण परिवर्तित भएको थियो । उसको अनुहारमा चम्किलो मुस्कान थियो, र उसको साँचो व्यक्तित्व फक्रिरहेको तपाई देख्न सक्नुहुन्थ्यो ।

उसले मसँग नियमित सम्पर्क कायम राख्यो । मकहाँ आउनुभन्दा अघि ऊ कुनै किसिमको शिक्षा लिइरहेको थिएन । यो अनुभवपछि ऊ उच्च दक्षतापूर्ण जीवनमा योग्यता प्राप्त गर्न गयो । म उसलाई तिरस्कारको विषयमाथि सल्लाह दिएर घण्टौं बिताउन सक्थेँ । तर म विश्वास गर्दछु, गएर एकसाथ गल्फ खेल्न तिनीहरूलाई प्रेरणा दिनु पवित्र आत्माबाट आएको बुद्धिको कुरा थियो । यसरी बाबु र छोराको बीचमा पहिला कहिल्यै नभएको प्रेमको बन्धन सुरु भयो र त्यसपछि तिरस्कारको भावना हट्यो ।

कहिलेकाहिँ हामी प्रभुबाट आएको वचन दिन्छौँ । तर हामी आफूले त्यसो गरिरहेका बुझिरहेका हुँदैनौँ । तर हामी बुद्धिको वरदानमा काम गरिरहेछौँ भनी ख्रीष्टको शरीरका अन्य सदस्यहरूले चिन्नेछन् ।

बुद्धिको एउटा अचम्मको वरदान छ। म यो प्रभुबाट प्रायः पाउँछु। त्यो वरदान हो, पश्चाताप। संसारका कुराहरूमा हृदयदेखि आफ्नो संलग्नता राखेका र कहिल्यै साँचो पश्चाताप नगरेका मानिसहरू सल्लाह र सहायताको खातिर तपाईंकहाँ आउँछन्। तिनीहरूले पापको पश्चाताप कहिल्यै गरेका छैनन् र मुद्दा यही हो भनेर प्रभुले तपाईलाई प्रायः देखाउनुहुन्छ। यहाँ परमेश्वरको बुद्धि प्रेमको एउटा सामान्य कुरा मात्र हुन्छ। परमेश्वरले तिनीहरूका निम्ति योजना गर्नुभएका कुरा तिनीहरूले प्राप्त गर्ने हो भने तिनीहरूले साँच्चै पवित्र आत्मामा पूर्णतया समर्पित हुनु आवश्यक हुन्छ भनी त्यसले तिनीहरूलाई देखाउँछ। यो परमेश्वरको बुद्धिको कुरो हुनसक्छ।

अरू परिस्थितिहरूमा पवित्र आत्माले कुनै मानिसको निम्ति वा कुनै अवस्थाको सन्दर्भमा तपाईंलाई परमेश्वरको वचनको एउटा अंश जीवित तुल्याइदिनुहुन्छ। परमेश्वरको वचनको नियमित अध्ययनले तपाई यसबाट भरिपूर्ण हुनुभएको छ भने यो तपाईको मनमा तुरून्तै ल्याइन्छ। परमेश्वरको निम्ति कुनै कुरा असम्भव छैन। बाइबलमा पढेर पनि तपाईंले स्मरण गर्न नसक्नुभएको, तर तपाईंले यसलाई त्यहाँ भेट्टाउनुहुने कुरालाई उहाँले तपाईको मनमा ल्याउन सक्नुहुन्छ। तथापि, हामी उहाँको वचनको चिन्तन् मनन् गर्नमा परिश्रमी होऔँ भन्ने उहाँ अपेक्षा गर्नुहुन्छ।

यसर्थ बुद्धिका कुरा बोल्नु एउटा अलौकिक वरदान हो, अर्थात एउटा निश्चित परिस्थिति वा अवस्थाको लागि प्रभुबाट आएको कुरा। यस्तो स्थितिमा परमेश्वरले तपाईंलाई त्यही परिस्थितिसँग उपयुक्त तवरमा व्यवहार गर्न आफ्नो वचनबाट बुद्धि दिनुहुन्छ।

जुन ढंगबाट येशूले बुद्धिको कुरा बोल्नुभयो, त्यसको एउटा सुन्दर उदाहरण यूहन्नाको सुसमाचारमा पाइन्छ। शास्त्री र फरिसीहरूले व्यभिचारमा पक्राउ परेकी एउटी स्त्रीलाई येशूकहाँ ल्याए। अनि व्यवस्थामा यस्ती स्त्रीहरूलाई ढुङ्गा हान्ने आज्ञा दिएको उहाँलाई याद दिलाउँदै तिनीहरूले उहाँको जाँच गरे। तिनीहरूले के गर्नुपर्थ्यो भनेर उहाँसँग सोधे। येशूले निहुरेर भूइँमा लेख्नुभएका शब्दहरू यी हुन्,

*"तिमीहरूमा जो पापरहित छ, त्यसैले त्यस स्त्रीलाई पहिले ढुङ्गा हानोस्"* (यूहन्ना ८:७) ।

१राजा ३:१६-२८ मा हामी सूलेमानलाई दिइएको बुद्धिको परमेश्वरको आश्चर्यजनक वरदान पाउँछौं । यस घटनामा दुई स्त्रीहरू उनकहाँ आए, र दुवैले एउटै बालकलाई आफू आफूले जन्माएको दाबी गरे । सूलेमानले आफूलाई एउटा तरवार ल्याइदिन भने, र त्यसपछि त्यो जिउँदो बालकलाई दुई टुक्रा गरी काटेर आधा एउटीलाई र आधा अर्कीलाई दिन भने । बालककी सच्चा आमा तुरून्तै चिनिन्छ, किनकि उनी त्यस बालकको जीवन बचाउने ध्येयले त्यसलाई अर्की स्त्रीलाई तुरून्त दिन चाहन्छिन् । अर्की स्त्रीचाहिँ बालकलाई दुई टुक्रा पारेकै चाहन्छे ।

बुद्धिको सन्दर्भमा प्रेरित याकूब भन्दछन्,

*"तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार चित्तसँग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस्, र त्यसलाई त्यो दिइनेछ । तर त्यसले कति पनि शंका नगरी विश्वाससाथ मागोस् । शंका गर्नेचाहिँ बतासले उचाल्दै पछार्दै गर्ने समुद्रका छालसमान हुनेछ । त्यस्तो मानिसले यो नसम्झोस्, कि उसले प्रभुबाट केही पाउनेछ"* (याकूब १:५-७) ।

सायद, बुद्धिको कुरा वर्णन गर्ने सबैभन्दा सरल तरिका यो कुनै अवस्थासँग कसरी व्यवहार गर्ने सो हामीलाई बताइरहेको पवित्र आत्माको एउटा दर्शन प्रकाश, वा छाप वा सीधै सुनिने सोर हो । यो वरदान ज्ञानको वचनसँग प्रत्यक्ष जोडिएको छ । जसै हामी पवित्र आत्माप्रति अर्पित हुन्छौं यो कसैको मनमा उहाँद्वारा लगाइएको छाप वा उसको मनमा ल्याइएको विचार हुन्छ ।

कुनै पनि वरदानमा काम गर्ने आधार येशू ख्रीष्टमा विश्वास हो । हामी उहाँमा त्यो विश्वासमा चल्दा पवित्र आत्मा हामीमार्फत काम गर्नसक्नुहुन्छ, र पवित्र आत्माका वरदानहरू सजिलैसँग प्रस्फुटित हुनसक्छन् । एक रत्ति नडगमगाइकन विश्वासमा हामीले यी वरदानहरू मागेपछि परमेश्वरले हाम्रो माग सधैं पूरा गर्नुहुन्छ ।

नवौँ अध्याय

# ज्ञानका कुरा

*"कसैलाई उनै पवित्र आत्माअनुसार ज्ञानका कुरा बोल्ने ...."*
(१कोरिन्थी १२:८) ।

म विश्वास गर्दछु, ज्ञानका कुरा कुनै परिस्थितिको बारेमा पवित्र आत्माबाट आएको विचार, हाम्रो मनमा हालिएको एउटा छाप, दर्शन प्रकाश वा उहाँको प्रत्यक्ष सुन्न सकिने आवाज हो । यस वरदानले मानिसहरूलाई सायद भूतहरू धपाउन वा रोगी निको पार्ने वरदान जत्तिकै अत्यन्तै छक्क पार्दछ, र उत्साह दिन्छ । तर योभन्दा पर गएर यो खाँचो परेका मानिसहरूलाई पुनर्स्थापन गर्ने एउटा व्यवहारिक माध्यम बन्दछ ।

मानव दृष्टिमा म एक लोभी मानिस रहेको थिएँ । परमेश्वरको प्रशंसा होस्, म पवित्र आत्माका कुराहरूमा आएपछि परमेश्वरको निम्ति लालची भएँ । मैले मेरो स्वर्गमा हुनुहुने पितालाई भने, "हे प्रभु, म ती सारा वरदानहरू प्राप्त गर्न चाहन्छु ।" म विश्वास गर्दछु, वर्षौंको अवधिमा मैले ती सबैमा भिन्न भिन्न आयामहरूमा काम गरेको छु । यसको गवाही ख्रीष्टको शरीरका अन्य सदस्यहरूले दिएका छन् ।

म ज्ञानका कुरामा धेरै स्वतन्त्रतापूर्वक काम गर्ने एकजना मानिसको सेवकाईमुनि पवित्र आत्माका कुराहरूमा आएँ । तर ज्ञानका कुरा मेरो लागि एउटा निकै लामो लडाइँको परिणामस्वरूप मात्र आयो (म भन्दिनँ, तपाईंको अनुभव त्यस्तै हुनुपर्दछ, तपाईहरूमध्ये धेरैले यस वरदानमा अघिबाटै काम गरेको हुनसक्छ) । यो कुरो यसरी भएको थियो । मेरो घरमा आयोजना हुने त्यो सामान्य प्रार्थना सभामा (फेरि, उनै पेन्टिकोस्टल दाज्यूको प्रेमबाट) म अगाडि बढ्न सुरु गरें । उनी वरदानहरूमा स्वतन्त्रतापूर्वक चलिरहेका र सतावट हुँदो गइरहेका थिए, किनभने उनले पवित्र आत्माका कुराहरूमा काम गर्दा उनको मण्डलीले त्यसमा विश्वास

गरेको थिएन । आज पूर्ण रूपले क्यारिस्मेटिक भइसकेको त्यो मण्डलीप्रति उनी विश्वासी कायमै रहेको भन्न पाउँदा म खुशी छु ।

यिनै मानिस नौ महिनासम्म मेरो पक्षमा खडा रहे, किनकि म ज्ञानका कुरामा काम गर्न चाहन्थें भनेर मैले उनलाई भने । उनी सभाको अन्त्यमा मानिसहरूका साथ उभिँदा उनले तीस चालीस वा पचास जना मानिसहरूको लागि साह्रै प्रभाव पार्ने कुरा बोल्थे । म उनको छेउमा उभिएको हुन्थें र उनी मसँग सोध्थे, “भाइ बिल, के तिमी प्रभुबाट आएको कुनै कुरा सुन्दछौ ?” म भन्थें, “अहँ, केही पनि सुन्दिनँ ।” यो कुरा पहिलो हप्ता, दोस्रो हप्ता, तेस्रो हप्ता, चौथो हप्ता र एवम्रीतले पैतीस हप्ताहरूसम्म भइरह्यो । उनी भन्ने गर्थे, “भाइ बिल, के तिमी प्रभुबाट आएको कुनै कुरा सुन्दछौ ?” मैले केही सुनिनँ ।

हामी अटल हुनुपर्दछ भनेर परमेश्वर हामीलाई बेला बेलामा देखाउन चाहनुहुन्छ । निश्चय नै केही मानिसहरू अरूभन्दा बढी स्वतन्त्रतापूर्वक हिँडडुल गर्नसक्छन् । म मेरा आफ्नै छोराछोरीहरूलाई बिनाकुनै कठीनाइ यसमा सोझै हिँडडुल गरिरहेका देखिरहेछु । तर मैले खुरन्धार लाग्नु परेको थियो । छत्तिसौं हप्ताको एक रातको कुरो हो, म त्यहाँ पर्खिरहेकै समयमा अभिषेक ममाथि आयो, र मेरो मनमा कुनै कुराको छाप लगाइयो । म मेरो सामुन्ने भएको मानिसको सम्बन्धमा बोल्न लागें । केही क्षणभित्रै दाज्यूले भने, “बिल, त्यो कुरा प्रभुबाट आएको हो, मैले पनि त्यही वचन, ज्ञानका कुरा पाएको छु ।” एकपल्ट मेरो दिमागमा त्यो छाप पाएपछि मैले त्यसको अझ बढी अपेक्षा गरें । म एकपछि अर्को हप्ता अपेक्षासहित पर्खे । अनि एक रात मैले प्रभुको प्रष्टै सुनिने वाणी सुने । येशू ख्रीष्टले निम्न पदहरू बोल्नुभएकोमा म पूर्ण रूपले विश्वास गर्दछु,

> ***“जो परमेश्वरको हो, त्यसले परमेश्वरका वाणी सुन्दछ । तिमीहरू परमेश्वरका होइनौ, यसैकारण तिमीहरू सुन्दैनौ”*** (यूहन्ना ८:४७) ।

> ***“जब उहाँ, अर्थात सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ । उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन । उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ,***

*र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ"* (यूहन्ना १६:१३)।

हामीले परमेश्वरको सोर सुन्ने अपेक्षा गर्नुपर्दछ । पवित्र आत्माले परमेश्वरबाट सुन्नुभएपछि उहाँ हामीसँग त्यहीबमोजिम बोल्नुहुन्छ । निश्चय नै यो कुनै मानिसको सम्बन्धमा बोलिरहनुभएको पवित्र आत्मा हो भनेर पक्का गर्नुपर्दछ । यसै विन्दुमा ख्रीष्टको शरीरमा हाम्रो समर्पणता यति महत्वपूर्ण हुन्छ ।

मैले उचित शिक्षाको निम्ति खुला नभएका, सुधार र सल्लाह ग्रहण नगर्ने र छलको आत्माबाट छुटकारा नपाएका मानिसहरूको लागि पवित्र आत्माको बप्तिस्माको लागि प्रार्थना गरेँ । तिनीहरूले मानिसहरूकहाँ गएर परमेश्वरका आत्मामा सेवा गरेका छन्, र धोखाको आत्मामा पनि चलेका छन् । मैले यस्तो भ्रम कहिल्यै देखेको छैन । तिनीहरूसँग पवित्र आत्मा हुनुहुन्थ्यो, तैपनि ती आत्मिक छलको अधीनमा थिए ।

यस्तै कुरो भएको एकजना मानिसको बारेमा मैले पछिल्लो पटक सुन्दा उनले मसँग भने, उनी क्यानाडासम्म मोटर हाँकेर जानको लागि एउटा मोटर किन्न भनेर दक्षिण अमेरिकाको अति दक्षिणी भेकतिर गइरहेका थिए। किनभने परमेश्वरले उनलाई त्यसै गर्न भन्नुभएको थियो, उनले कसैको सल्लाह सुनेनन् । तसर्थ हामीले ख्रीष्टको शरीरको अधीनमा हुनु आवश्यक छ ।

प्रभुको सुनिने वाणीको सन्दर्भमा सभामा कहिलेकाहिँ यो मेरो लागि पूर्णरूपले सुनिने हुन्छ । म यस्ता अवस्थाहरूमा परेको छु जहाँ म कुनै सभामा यताउति घुम्दा मैले मेरो नजिकैका मानिसहरूले कष्ट भोगिरहेका परिस्थितिहरूबारे वा कुनै अरू अवस्थाबारे प्रभुले मलाई धेरै स्पष्टसँग भनिरहनुभएको सुनेँ । त्यसै सभामा म अलिपर अर्को ठाउँमा जाँदा केही सुन्न सकिनँ । यसरी म बुझ्न थालेँ, सभाहरूमा परमेश्वरका आत्माको ज्योति कसरी निभ्न सक्छ । यो सायद अविश्वासका कारण हुनसक्छ ।

म न्यूजिल्याण्डमा ड्युनेडिन भनिने शहरमा एउटा मण्डलीको छेउको सिट हुँदो तलतिर हिँडिरहेको थिएँ । अनि करीब प्रत्येक तीन फिटमा म एउटा भावशून्य (रिक्तता) बोध गर्थें । म एउटा स्थानमा खडा हुन्थेँ, आसनको पूरै पंक्तितर्फ दृष्टि दिन्थे र पवित्र आत्माले मलाई त्यस पंक्तिमा

बसेको एउटा खास व्यक्तिको सम्बन्धमा भनिरहनुभएको उहाँको वाणी सुन्थेँ । म त्यो व्यक्तिलाई बाहिर बोलाउँथे र मलाई दिइएको कुरा पूरा ठीक हुन्थ्यो । म अर्को तीन फिट अगाडि बढ्थेँ र एउटै कुरा सुन्दिनथेँ । अर्को तीन फिट अनि पवित्र आत्माले मसँग फेरि बोल्नुहुन्थ्यो ।

मैले सेवकलाई भनेँ, "यस मण्डलीमा कुनै कुरो खराब छ ।" अनि मैले मण्डलीको एक छेउदेखि अर्को छेउसम्म बीच बीचमा लगाइएका प्रवेशद्वारहरू वा ढोकामा भएका चौतर्फी बारहरूलाई आत्मिक रूपले चिन्न सुरु गरेँ । ती भवनको निर्माणमा नै भएका देखिए, तर मैले तिनलाई आत्मामा मात्र देखेँ ।

मैले यो कुरा सेवकसँग भने । उनले जवाफ दिए, "ओहो, बिल, हो, यो कुरो ठीक हो, त्यहाँ त्यस्ता पाँचवटा खम्बाहरू छन् । यो भवन मेसोनरी सभाद्वारा खडा गरिएको थियो ।"

मैले भनेँ, "ठीक छ, भाइ, तिमी जान्दछौ, मेसोनिक सभा (लज) भूतप्रेत सम्बन्धी हो । तिमीले यस मण्डलीलाई नयाँ गरी पवित्र तुल्याउनु जरूरी छ ।"

उनले जवाफ दिए, "हामीले त्यो काम गरिसकेका छौँ ।"

त्यसपछि उनले मलाई बेलीविस्तार लगाए । झण्डै सय वर्षअघि मेसनहरू त्यस शहरको मूल सडकमा निस्के, तिनीहरूका काँधमा बेल्चाहरू थिए र तिनीहरूले यस भवनको जग बसाले ।

मलाई स्पष्ट भन्न दिनुहोस्, म मेसनहरूलाई मन पराउँदछु तर फ्रिमेसोनरीको गुप्तविद्याको आत्मालाई घृणा गर्दछु । मैले विश्वासमा सेवकसँग सहमतिमा नयाँगरी प्रार्थना गरेँ, र हामी हाम्रा हृदयमा शान्त भएका थियौँ, तर त्यसबेला केही भएको देखिएन । पछि, त्यसै दिनको अपरान्ह हामी एक बिरामी मानिसको लागि एउटा घरमा प्रार्थना गरिरहेका थियौँ । त्यसबेला परमेश्वरका आत्माले मसँग अचानक भन्नुभयो, "त्यो भवनले छुटकारा पाएको छ ।" मैले मेरो आत्मामा अनुभव गरेँ, साँच्चै यस्तै भएको थियो ।

हामीले प्रार्थना गरेका प्रार्थनाहरूलाई परमेश्वरले सुन्नुभएको थियो । यसलाई प्रमाणित गर्ने उत्सुकतामा म त्यो भवन हेर्न गएँ । त्यो रात मैले प्रचार गरेँ र प्रभुको वाणी सुन्दै यताउति घुम्न सुरु गरेँ । निश्चय नै म

मण्डलीको एक छेउदेखि अर्को छेउसम्म उहाँलाई सुन्न सक्थैं । म चारैतिर घुम्दा त्यहाँ अब कुनै भावशून्य स्थान थिएन । म त्यस मण्डलीको हरेक अंगमा उहाँको वाणी सुन्न सक्थैं । परमेश्वरको आत्मालाई त्यस उप्रान्त निभाइएको थिएन ।

हामीले उहाँका आत्मामा विश्वास गरेपछि हामीमा फल्ने फलको निम्ति म परमेश्वरको स्तुति गर्दछु ।

न्यू हेब्रिड्स (अब भानुआटु) मा एकजना विशपले मलाई एउटा अस्पतालमा लगे । त्यहाँ उनले मसँग सोधे, “के तपाईं केही बिरामी मानिसहरूको लागि प्रार्थना गरिदिनुहुन्छ ?” मैले त्यसै रात एउटा सभामा बोल्नुपर्ने थियो । थकित, र एकपल्ट म पसेपछि यसले कति लामो समय लिन्थ्यो मैले भन्न नसक्ने आत्मसात गर्दै म केही अनिच्छुक थिएँ । मैले ती बिरामी मानिसहरूको लागि प्रार्थना गरेँ र तिनीहरूको समस्या बुझ्नु कठीन थिएन । अस्पतालको त्यस कक्षमा भएका सबै कुष्ठरोगीहरू थिए । यसकारण मैले एउटा सामान्य प्रार्थना गरेँ र त्यहाँबाट जान तयार भएँ ।

त्यसपछि अस्पतालका प्रबन्धकले मलाई ज्ञानका कुरा प्रयोग गरिरहेको देखे, र व्याख्याको रूपमा “मानिसहरूसँग के खराबी छ तपाई बुझ्नुहुन्छ भनी तपाईं विश्वास गर्नुहुन्छ” भन्दै मलाई विशेष कक्षमा आउन अनुरोध गरे ।

हामी त्यहाँ प्रवेश गर्नासाथ उनले सोधे, “त्यो रोगी के रोगबाट कष्ट भोगिरहेछ ?” यस्तै किसिमको प्रश्न उनले गरे ।

ठीक छ, त्यो तपाईंलाई साँच्चै जाँच गर्नु हो । उनले ओछ्यानको पछिल्तिर झुन्ड्याइएको तालिका (चार्ट) झिकेर हातमा लिए, त्यसमा हेरे र मेरो जवाफको प्रतीक्षा गरे । परमेश्वरका आत्माले मलाई त्यो रोगीले कष्ट भोगिरहेको कुराका चार समस्याहरू एकपछि अर्को गर्दै बताउनुभयो । ती धेरै ढंग पुऱ्याएर काम गर्ने प्रबन्धकले निकै अचम्भित हुँदै ती समस्याहरूमा चिनो लगाए । उनी अर्को ओछ्यानमा गए । ठीक त्यही कुरो भयो । हामी अर्को ओछ्यान र अर्को ओछ्यानमा गयौं । हामी सातौं बिरामीको ओछ्यानसम्म पुग्दा म झन् बढी साहसी भएको थिएँ । अनि, हामी त्यस अस्पतालका तीस ओछ्यानहरूमध्ये हरेकमा गयौं । यस

प्रदर्शनबाट परमेश्वरको महिमामय परिणाम के भयो भने ती प्रबन्धक सभामा उपस्थित हुन त्यस रात आए र पवित्र आत्मामा बप्तिस्मा पाए ।

परमेश्वरको वाणी शान्त, मधुरो स्वर हुन्छ । हामीले आफूलाई उहाँको लागि खुला राखेर हाम्रा मनमा लाग्ने छापहरूको लागि पनि उहाँमाथि भरोसा राख्न सुरु गरेपछि उहाँ हामीमा काम गर्न योग्य हुनुहुन्छ । मैले एउटा सानो प्रार्थना सभामा, हाम्रो घरमा हुने सभामा नभएर आइतबार राती मेरो स्थानीय मण्डलीमा यो विशिष्ट वरदानमा अगाडि बढ्न सुरु गरेँ, जहाँ नौ दश जना मानिसहरू भेला हुने गर्थे । कुनै मान्छेको कपाल दुखेको छ भन्ने छाप प्रभुले मलाई लगाउनुहुन्थ्यो । म भन्थेँ, “ठीक छ कुनै व्यक्तिको टाउको दुःखेको छ ।” यो ठूलो कुरा थिएन । तर यसले मेरो विश्वासलाई प्रोत्साहित गर्‍यो । अगाडि बढ्दै गएपछि प्रभु कुनै व्यक्तिको मृगौलाबारे मसँग बोलिरहनुभएको थियो भनेर मैले विश्वास गरेँ । अनि मैले भने, “म विश्वास गर्दछु, कुनै मानिस मृगौलाको रोगले ग्रस्त छ ।” अनि कुनै व्यक्तिले “हो” भन्थ्यो र म तिनका निम्ति प्रार्थना गर्थें ।

त्यसपछि मैले सिक्न सुरु गरेँ, पवित्र आत्माले सभामा उपस्थित मानिसहरूबाहेक अरू मानिसहरू सम्बन्धी परिस्थितिहरूबारे पनि तपाईंमा छाप लगाउनुहुन्छ । उदाहरणको लागि, कुनै मानिस अर्को कोही मानिसको रोगको बारेमा चिन्तित हुँदै आउँदा मैले सिकेँ, पवित्र आत्माले तपाईंलाई त्यो अवस्थाको ठीक ठीक विवरण दिनसक्नुहुन्छ । सभामा उपस्थित कुनै पनि मानिस त्यस स्थितिमा नभए तापनि कोही मानिस त्यहाँ हुनेछ, जसले त्यो बिरामी मानिसको भारी बोकेको छ । परमेश्वर आफ्नो प्रेममा यति धेरै व्यापक हुनुहुन्छ, जसले गर्दा उहाँले सभामा बसिरहेका मानिसहरूको मात्र होइन, तर हामी सबैका सारा समस्याहरूको सुर्ता गर्नुहुन्छ भनी बुझ्न सुरु गरेका धेरै मानिसहरू रोगबाट निको भएका मैले देखेको छु । तपाईं विश्वास गरेर यी हरफहरू पढिरहनुभएको छ भने, र तपाईं ठीक अहिले आफ्नो परिवार र त्यसभित्र के भइरहेछ भनी चिन्तित हुनुहुन्छ भने परमेश्वरले तिनीहरूलाई अहिले नै सहायता गरिरहनुभएको हुनसक्छ । उहाँ समय र दूरीले बाँधिनुहुन्न ।

मैले फिलाडेल्फियाको एउटा सभामा यो सन्देश दिइरहँदा पवित्र आत्माका वरदानहरूमा वास्तवमा चल्न चाहेकी एउटी महिला पास्टरले

यस वरदानको लागि विश्वास गर्न थालिन् । मानिसहरूले एक अर्कासँग अभिवादन साटासाट गर्न सकून् भनेर मैले छोटो समयको खातिर सभा रोक्दा उनी उनको ठीक पछाडि बसेकी मेरी बुहारीसँग कुरा गर्न त्यतैतिर फर्किन् (उनी कोसँग कुरा गरिरहेकी थिइन् ती स्त्री पास्टरलाई थाहा थिएन) । उनले भनिन्, "म विश्वास गर्दछु, मसँग तिम्रो लागि ज्ञानको एउटा कुरो छ ।" आफ्नो जीवनमा प्रथम पटक उनले प्रभुबाट सीधै आएको कुरा दिइन् र त्यो पनि एकदमै ठीकसँग । यो मेरी बुहारीको अन्तस्करणमा गडेको एउटा लालसासँग सम्बन्धित थियो । यो यति आश्चर्यजनक रूपमा ठीक थियो कि यसले ती दुवैलाई हल्लायो। परमेश्वरको आशिषको लागि साँच्चै विश्वास गर्नु कति महत्वपूर्ण छ । अनि हामी त्यो प्राप्त गर्नेछौं ।

मानिसहरूसँग प्रार्थना गर्न सुरु गरेपछि मैले कहाँ हात राख्नु पर्दछ र तिनीहरूका निम्ति कसरी प्रार्थना गर्नुपर्दछ सोबारे पवित्र आत्माले स्पष्ट निर्देशनहरू दिनुभएको म पाउँदछु । उदाहरणको लागि, म एउटी स्त्रीको लागि प्रार्थना गरिरहेछु र पवित्र आत्माले उनको पेटमाथि मेरो हात राख्ने निर्देशन दिनुभयो भने म उनलाई त्यहाँ पहिले उनको हात राख्न भन्नेछु । मैले उनको हातमाथि आफ्ना हात राखेपछि प्रायजसो एउटा शक्तिशाली भूतात्मा प्रस्फुटन हुन्छ, र त्यो मानिसले पवित्र आत्माको प्रचण्ड अभिषेक अनुभव गर्दछ ।

कहिलेकाहिँ पवित्र आत्माले मलाई मानिसको निधार, तिनका घाँटीको पछाडिपट्टि, काँध, पाखुराजस्ता उनीहरूको अंगमाथि मेरो हात राख्न निर्देशन दिनुहुन्छ, वा उहाँ मलाई तिनीहरूका दाहिने वा देब्रे हात उठाउन तिनीहरूसँग भन्न मलाई अह्राउन सक्नुहुन्छ । मैले यस्तो गर्नासाथ म देख्छु, परमेश्वरको अभिषेक त्यो मानिसमाथि हुन्छ, र त्यसपछि कसरी प्रार्थना गर्ने सोको थप निर्देशन दिन प्रभु योग्य हुनुहुन्छ ।

म के पनि पाउँछु भने जसै कुनै सभामा मानिसहरू मकहाँ आउँछन्, र म तिनीहरूको लागि प्रार्थना गरिरहेको हुन्छु, पवित्र आत्माले मलाई यस्तै किसिमको निर्देशन दिनुहुन्छ । अक्सर म देख्छु, पवित्र आत्मा अघिबाटै तिनीहरूमाथि हुनुहुन्छ र परमेश्वरको शक्तिले तिनीहरूलाई छोइरहेको छ । यो धेरै ठूलो प्रोत्साहन हुन्छ । हामीले सम्बन्धित मानिसको लागि गर्ने

सेवकाईको क्रममा उनीहरूको निम्ति कसरी प्रार्थना गर्नुपर्दछ, पवित्र आत्माले यसको शिक्षा दिइरहनुभएको पनि म पाउँछु। पवित्र आत्मा समय र दूरीमा सीमित हुनुहुन्न।

कहिलेकाहिँ कुनै पास्टरले अर्को मानिसको सम्बन्धमा मेरो सल्लाह खोज्दछन् । अनि पवित्र आत्माले मलाई तिनीहरूले जीवनमा भोगिरहेका हुनसक्ने समस्याहरू र तिनीहरूको सेवकाई कसरी गरिनु पर्दछ सोमा अन्तर्दृष्टिहरू लगायत त्यस मानिसको बारेमा एउटा स्पष्ट परिभाषा दिनुहुन्छ । मैले त्यो मानिसलाई नभेटेको भए पनि यस्तो हुन्छ । त्यो मानिसलाई राम्ररी चिन्ने पास्टर प्रभुले मलाई दिनुभएको अन्तर्दृष्टिहरू पुष्टि गर्न सक्षम हुन्छ।

कहिलेकाहिँ मैले कुनै मानिसको निम्ति प्रार्थना गरिरहँदा पवित्र आत्माले मलाई वंशानुगत बन्धनका विभिन्न रूपहरू देखाउनुहुन्छ, जुन आमा बाबु दुवै, वा एकजनाको पुस्तैनी क्रमबाट तलसम्म आएको हुन्छ। धेरैपटक सल्लाह लिने व्यक्ति यो सूचनाको पुष्टि गर्न सक्छ, र तिनीहरूले बन्धनहरू त्यागेपछि ठूलो छुटकारा प्राप्त हुन्छ । उदाहरणको निम्ति, दमको घटनामा मैले प्रायः भेट्टाएको छु, यसको पछाडिको आत्मा डर हुन्छ। कुनै बालक मकहाँ ल्याइँदा म सधैं आमा वा बाबुलाई त्यहाँ उपस्थित हुन भन्दछु, किनकि सामान्यतया डरको आत्मा तिनीहरूमध्ये दुवै वा एकजनाबाट उत्तराधिकारमा आएको म पाउँदछु । म त्यस मानिसलाई आफ्ना आमा र बाबुको सम्मान गर्न, आफ्ना पापहरू र आफ्ना पिता पुर्खाहरूका पापहरू त्याग्न र गलाती ३:१३ अनुसार येशू ख्रीष्टको क्रूसद्वारा व्यवस्थाको सरापबाट छुटकाराको दाबी गर्न प्रोत्साहन दिन्छ। *"हाम्रा निम्ति सराप बनेर ख्रीष्टले हामीलाई व्यवस्थाको सरापबाट मोल तिरेर छुटाउनुभयो, किनकि "काठमा झुण्डिने हरेक श्रापित हुन्छ" भन्ने लेखिएको छ"* (गलाती ३:१३) । अनि म प्रभुको नाउँमा डरको आत्मालाई छप्काउँछु। त्यसो गरेपछि बालक प्रायः तत्काल निको हुन्छ। मैले यस प्रकारका सयौं चंगाईहरू देखेको छु।

फेरि, पवित्र आत्माले कुनै मानिसको बाल्यावस्थामा प्रायः अन्तर्दृष्टि दिनुहुन्छ । उदाहरणको निम्ति, तिनीहरूले एउटा निश्चित उमेरमा मानसिक धक्काका कारण कष्ट पाएका हुनसक्छन्, वा छेडछाड वा

उत्पीडनजस्ता कुनै भावात्मक घटना घटेको हुनसक्छ । स्पष्ट छ, यौनसम्बन्धी छेडछाडको घटनामा सल्लाह लिनेलाई कुनै टिप्पणी गर्नुअघि ठूलो बुद्धि प्रयोग गरिनु पर्दछ । प्रायः तिनीहरूले यो सूचना आफै बताउनेछन् र प्रभुले तपाईंलाई दिनुभएको अन्तर्दृष्टिलाई पक्का गर्नेछन् । यी मुद्दाहरू पवित्र आत्माद्वारा व्यवहार गरिने भएकाले स्मृतिहरू निको पारिन्छन् र मानिस मुक्त हुन्छ । यस्ता घटनाहरूमा सामान्यतया ज्ञानका कुरा र आत्माहरूलाई छुट्याउने वरदान एकसाथ प्रवाहित भएका म पाउँछु ।

पवित्र आत्माका वरदानहरूमा चलिरहेको मानिससँग तपाईं घनिष्ठतामा काम गरिरहेको हुनुहुन्छ भने म विश्वास गर्दछु, तपाई आफै पवित्र आत्माका वरदानहरूमा धेरै चाँडो अगाडि बढ्नुहुनेछ । मेरो आफ्नै परिवार मभन्दा धेरै तीव्र गतिमा वरदानहरूमा अगाडि आएका छन् । त्यसको एक मात्र कारण हो, धेरै अवसरहरूमा तिनीहरू मेरो सेवकाईमुनि बसेका छन् र यस वरदानले काम गरेको देखेका छन् ।

हामी विश्वासमा अगाडि बढिरहनु पर्दछ । सारा वरदानहरू यसैमाथि आधारित छन् । म कुनै सभामा आएपछि अप्ठ्यारो अनुभव गर्नसक्छु । प्रभु येशू ख्रीष्टको खोजी गर्नलाग्दा म उहाँको वाणी सुन्न वा त्यस स्थितिको सन्दर्भमा मेरो मनमा छाप ग्रहण गर्न सुरु गर्दछु । यस अनुभवमा म एक्कै रातमा आएँ भनेर भनिरहेको छैन । मैले वरदानको अभ्यास गरेँ र यो मभित्र बढेको छ ।

सभामा परमेश्वरको आत्मा व्याप्त हुनुभएपछि सभामा एउटा अधिकार आउँछ, र तपाई त्यो अधिकारमा काम गर्नसक्नुहुन्छ । तपाईं उहाँको स्वर धेरै प्रष्टसँग सुन्नु सुरु गर्नुहुन्छ, मानौं कुनै मानिस तपाईंको छेउमै उभिएर तपाईसँग कुरा गरिरहेछ । प्रभुले मलाई परिस्थितिहरूका सारा किसिमहरूमाथि एकपछि अर्को विशेष विवरणहरू दिनुभएको एउटा सभामा म सहभागी भएको छु । उहाँ मलाई जे दिनुहुन्छ ठीक त्यति मात्र म सम्भव भएसम्म विनम्रतापूर्वक व्याख्या गर्नसक्छु ।

हिब्रूबाट उद्धरण गरिएको यो पद स्मरण गर्नु सधैं महत्वपूर्ण हुन्छ,

*"खँदिलो भोजन त परिपक्व मानिसहरूका निम्ति हो । यिनीहरूको मानसिक शक्ति निरन्तर अभ्यासद्वारा असल र खराब छुट्याउन सक्ने भएको हुन्छ"* (हिब्रू ५:१४) ।

पवित्र आत्माका वरदानहरूमा काम गर्दा तपाईंको मानव बुद्धि उपयोग गर्नु महत्वपूर्ण हुन्छ । हामीले निरन्तर खुला हुनको साथै विश्वासमा बढ्दै जान सिक्नुपर्दछ, ताकि हामी वरदानहरूमा अझ गहिराइमा जानसकौं ।

मैले सिकेको छु, म जहाँ वरदानहरू कार्यान्वयन गर्ने मौका पाउँदछु, ती परिस्थितिहरूमा जाँदै मैले पवित्र आत्माका वरदानहरू अभ्यास गर्नुपर्दछ । ठीक यही कुरो मैले ज्ञानका कुरासँग गरें । यो वरदान सेवकाइमा साह्रै महत्वको छ । तपाईं कुनै शहरमा गएर ज्ञानका कुराद्वारा प्रार्थना गरिरहनुभएको छ भने तपाई जस्तोसुकै सभा कक्ष पनि चाँडै भर्नुहुनेछ । अरू कुराहरूको साथसाथै यस वरदानको अभ्यासद्वारा सुरुको मण्डलीले यति ठूलो शक्ति प्रस्फुटन गऱ्यो । यो हरेक विश्वासीले खोजी गर्ने अधिकार पाएको एउटा उपयुक्त वरदान हो ।

ज्ञानका कुराको अभ्यास गरिरहनुभएको येशूको एउटा उदाहरण यूहन्नाको सुसमाचारबाट लिन सकिन्छ,

*"येशूले त्यसलाई भन्नुभयो, "जाऊ तिम्रा लोग्नेलाई बोलाएर ल्याऊ ।" त्यस स्त्रीले भनी, मेरो लोग्ने छैन ।" येशूले त्यसलाई भन्नुभयो, "तिम्रो लोग्ने छैन भनी तिमीले ठीकै भन्यौ, किनभने तिम्रा पाँच जना लोग्ने भइसकेका छन्, र जो अहिले तिमीसँग छ, त्यो तिम्रो लोग्ने होइन । तिमीले यो साँचो भनेकी हौ ।" त्यस स्त्रीले उहाँलाई भनी, "हजूर, तपाईं अगमवक्ता हुनुहुन्छ भनी म थाहा पाउँछु"* (यूहन्ना ४:१६-१९) ।

यस घटनामा येशूले आफ्नो अलौकिक शक्ति र बुद्धि देखाउन ज्ञानका कुराको अभ्यास गर्नुभयो । अनि यो यस स्त्रीको लागि यस्तो प्रकारको गवाही भयो, जसले गर्दा उहाँ मसीह हुनुहुन्थ्यो भनी त्यसले वास्तवमा विश्वास गरी ।

मानिसहरूले मसँग प्रश्न गरेका छन्, "परमेश्वरले किन हामीलाई अरू मानिसहरूका हृदयका अभिप्रायहरू र विचारहरू पढ्न दिनुहुन्छ ?" यो पवित्र आत्माबाट आउँछ भनेर ती विश्वास गर्नसक्दैनन् । तथापि हामीले धर्मशास्त्रमा हेर्‍यौँ, १कोरिन्थी १२ मा देखाइएअनुसारको ज्ञानका कुरा बोल्ने वरदान परमेश्वरको वचनको अंग हो । अनि हिब्रूहरूका निम्ति लेखिएको पत्रतिर फर्कंदा हामी यी कुराहरू भेट्टाउँछौँ ।

*"किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुईधारे तरवारभन्दा बढी धारिलो हुन्छ । यसले प्राण र आत्मालाई त्यसका जोर्नी जोर्नी र हाडको गुदीसम्मलाई भाग भाग पारून्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ"* (हिब्रू ४:१२) ।

यहाँ स्पष्ट संकेत छ, हामी जसै पवित्र आत्माको अभिषेकमुनि काम गर्दछौँ ज्ञानका कुराले हामीलाई खास परिस्थितिहरूमा अरूहरूका हृदयका विचार र इच्छा जाँच्न दिन्छ । सल्लाहले घण्टौँसम्मको समय बचाउँछ, किनकि यसले तपाईलाई समस्याको कारणमा सीधै लैजान्छ । तपाईंले येशू ख्रीष्ट र उहाँको उपस्थितिबाहेक अरू सारा कुराहरूलाई आफ्नो मनबाट पूर्णरुपमा बाहिर निकाल्नु महत्वपूर्ण हुन्छ । त्यसो गर्नासाथ तपाईंले सल्लाह दिइरहनुभएको मानिसको सम्बन्धमा उहाँ तपाईसँग बोल्न योग्य हुनुहुन्छ ।

आफूले परमेश्वरबाट कुनै कुरा ग्रहण गरेको तपाईंले विश्वास गर्नुभएपछि त्यसमा दृढ रहनु पनि धेरै महत्वपूर्ण हुन्छ । म यस्ता सभाहरूमा गएको छु जहाँ पवित्र आत्माले कुनै मानिसको स्थितिबारे मसँग बोल्नुभयो । त्यसबेला म ती कुरा यथातथ्य वर्णन गर्न सफल भएको थिएँ, तर त्यहाँ कसैले प्रतिकृया गरेनन् । म त्यसमा धेरै मिनेटसम्म निरन्तर लागिरहेपछि अन्तमा एक व्यक्ति उभिए र भने, "मलाई लाग्छ त्यो मानिस मै हुँ ।" र वास्तवमा तिनै मानिस थिए ।

सभाहरूपछि धेरै मानिसहरू मकहाँ आउँछन् र भन्छन्, "हामीलाई अप्ठ्यारो लागेकोले सभा चलिरहेको समयमा हामी आउन चाहेनौँ ।" तपाई त्यहाँ दृढ रहनुभयो भने परमेश्वरका आत्माले स्थितिलाई

सम्हाल्नुहुन्छ । विश्वासमा अटल रहनुहोस्, विश्वास एउटा आधारभूत वरदान हो जसमा हामी चल्नुपर्छ ।

मसँग कुनै व्यक्तिको निम्ति परमेश्वरबाट आएको एउटा कुरा छ भनी म विश्वास गर्दछु भने म त्यो कुरामा दृढ रहन्छु र अन्तमा ति अगाडि आएको म पाउँछु ।

सुसमाचार प्रचार गरिएको कुनै सभामा म उभिएर प्रभुमाथि प्रतीक्षा गर्न सुरु गर्दछु भने मैले त्यस सभामा उपस्थित मानिसको सम्बन्धमा उहाँको वाणी सुन्नेछु । म घमण्डकासाथ बोलिरहेको छैन, म यस्तै हुने अपेक्षा गर्दछु । यो तपाईंले वरदानहरूमा काम गर्नुभएपछि आशाविन्त विश्वास प्राप्त गर्नुको अंग हो । यसकारण तपाईंद्वारा वरदानहरूले काम गर्ने अपेक्षा गर्न म तपाईलाई प्रोत्साहन दिन्छु । अनि त्यसै भएको तपाईं पाउनुहुनेछ ।

प्रायजसो मेरी पत्नीले कुनै सभामा बोल्नु परेमा मैले त्यो दलको निम्ति प्राप्त गरेको हुनसक्ने ज्ञानका कुराहरूको सम्बन्धमा उनी समय अगाडि नै मसँग सोध्छिन् । म उनलाई ती कुराहरू दिन्छु, उनी तिनलाई सूचीकृत गर्दछिन् र सभामा सम्बन्धित मानिसहरूलाई उभिन भन्दै ती अवस्थाहरू वर्णन गर्छिन् । पवित्र आत्मा जान्नुहुन्छ, ती त्यहाँ उपस्थित हुन गइरहेछन् र उहाँले ज्ञानका कुरा पहिलेबाटै दिनुभएको छ । यसले सभामा धेरै विश्वास बढाउँछ ।

जुन सभामा मैले बोल्नुपर्छ त्यो सभा सुरु हुनुपूर्व म प्रायः प्रभुमाथि भर पर्दछु । अनि उहाँले सहभागी हुने मानिसहरूको सम्बन्धमा ठीक ठीक ज्ञानका कुराहरू मलाई दिनुहुन्छ । समय कम भएमा म यिनलाई लेखेर राख्दछु, र तिनीहरूलाई सभामा बोलाउँछु । तिनीहरू त्यहाँ उपस्थित हुने परमेश्वरले जान्नुभएको र तिनीहरूका हृदय तयार पार्नुभएको कारणले ती मानिसहरू अगाडि आउनेछन् ।

परमेश्वरमा अर्पित हुनुहोस् र तपाईं उहाँको आवाज निरन्तर सुनिरहनुहुनेछ । उहाँ बिहानीपखको एक र दुई बजेको बीचमा मात्र बोल्नुहुन्छ भनी यूहन्ना १६:१३ ले भन्दैन, तर कुनै पनि समय बोल्नुहुन्छ, र हामी जति बढी उहाँमा अर्पित हुन्छौं, त्यत्ति बढी हामी उहाँबाट सुन्नेछौं ।

तर याद गर्नुहोस्, संसारमा अरु आवाजहरू पनि छन् । त्यसैकारण हामी ख्रीष्टको शरीरको एउटा अंगका रुपमा उहाँमा प्रतिबद्ध हुनुपर्छ । यहाँ हाम्रा वरदानहरू जाँचिने र पुष्टि हुनेछन् ।

यसकारण यस वरदानलाई सारमा भन्नुपर्दा म दोहोऱ्याउँछु, म विश्वास गर्दछु, यो कुनै स्थितिको बारेमा हामीलाई भनिएको एउटा विचार, हाम्रो मनमा लगाइएको छाप, दर्शन प्रकाश वा पवित्र आत्माको सीधै सुन्न सकिने वाणी हो ।

**गवाही**

वेलिङ्गटन, न्यूजिल्याण्डमा मेरो एउटा सभामा सहभागी एउटी महिला खिन्नताका कारण कष्ट भोगिरहेकी थिइन् । उनी चार पटक गर्भवती भएकी थिइन्, तर हरेकपल्ट तुहिएको थियो । उनको डिम्बबाहिनी नलीहरू नराम्रोसँग क्षति भएका थिए र डाक्टरले उनलाई भनेबमोजिम उनले फेरि कहिल्यै गर्भधारण गर्ने सम्भावना एकदमै न्यून थियो ।

सभा सुरु हुनुभन्दा पहिले प्रभुले मलाई दबोराको नाउँ दिँदै यो मानिस प्रजनन्को समस्याले ग्रस्त हुने बताउनुभयो । सभाको क्रममा मैले यस अवस्थामा भएको मानिसलाई अगाडि आउन बोलाएँ, र भनें, मेरो विश्वासमा प्रभुले मलाई दबोराको नाउँ दिनुभएको थियो । उनको बसाइको स्थानको बारेमा पनि प्रभुले मलाई स्पष्ट संकेत दिनुभयो । सम्बन्धित महिला खडा भइन् र तत्काल निको पारिएकी थिइन् । नलीहरूको क्षती निको भएको पाउँदा चिकित्सकहरू छक्क परेका थिए । त्यसपछि उनले एउटा स्वस्थ छोरो जन्माएकी छिन् ।

दशौँ अध्याय

# विश्वासको वरदान

*"कसैलाई उनै पवित्र आत्माद्वारा विश्वास गर्ने ..."* (१कोरिन्थी १२:९) ।

विश्वास एउटा वरदान हो । यो परमेश्वरको वचनमा पूर्ण विश्वास गर्नाले आउँदछ ।

*"जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ"* (रोमी १०:१७) ।

यो निरन्तर वचन पढाइ र त्यसमाथि पूर्ण विश्वासबाट वृद्धि हुन्छ । विश्वास वृद्धि गराउने हो भने हामीले बिनासन्देह परमेश्वरको वचनमाथि पूर्ण विश्वास गर्नुपर्दछ । मैले बाइबल खोलेपिच्छे म प्रभुलाई एउटा "rhema" अर्थात ममा खास रूपले जीवत हुनको लागि उहाँको वचनको हिस्साको निम्ति प्रार्थना गर्दछु, यसमा उहाँ कहिल्यै चुक्नुहुन्न । विश्वास वचनमा सरल, सानो बालकको जस्तै भरोसाबाट आउँछ ।

विश्वासलाई लिएर अनुभूतिसँग भ्रममा पर्नुहुँदैन । विश्वासले हाम्रो आत्मालाई छुन्छ भने अनुभूति हाम्रो प्राण क्षेत्र अर्थात मनोभावहरूबाट मूल फुटेर आउँछ । कैयौँपल्ट म धेरै अस्वस्थ अनुभव गर्दै सभाको सामुन्ने उभिएको छु, तर त्यसलाई एकातिर पन्छाएर मैले वचनमा विश्वास गरिरहेँ । त्यसपछि मैले विश्वासमा सेवकाई गरेपछि परमेश्वरको उपस्थिति अनुभव गरेँ ।

केही मानिसहरू विश्वास हासिल गर्ने क्रममा भूलवश परमेश्वरको उपस्थिति अनुभव गर्ने प्रयत्न गर्दछन् । तर उहाँ हामी पहिले विश्वासमा चलेका चाहनुहुन्छ । त्यसपछि अनुभूति आउँछ ।

केही मानिसहरूमा कानका समस्याहरूदेखि दुःख पाएका मानिसहरू निको भएका देख्दा ठूलो विश्वास हुन्छ, अरूहरूमा आफ्नो दाँत भराउनु

आवश्यक भए मानिसहरूको निम्ति ठूलो विश्वास हुन्छ। यो विश्वासको एउटा निश्चित आयाम मात्र हो, जसबाट तिनीहरूले त्यस क्षेत्रमा फैलिन खोज्दा परमेश्वरले तिनलाई आशिष दिनुभएको छ। उदाहरणको लागि, मसँग पिठियुँका समस्याहरूले ग्रस्त, दम र मधुमेह वा समान अवस्थाहरूका मानिसहरूको लागि विश्वासको बलियो वरदान छ, सायद मानव खाँचोका कुनै अरू क्षेत्रहरूभन्दा बढी।

तपाईं विश्वासको एक चरणबाट अर्को चरणमा उक्लँदै जानुभएपछि तपाईंले मानिसहरूलाई झन् झन् ठूलो नापमा निको हुँदै गएको देख्न सक्नुहुन्छ। मानिसहरूको लागि प्रार्थना गर्ने यो एउटा महान् तरिका हो। तपाई विश्वासमाथि विश्वास निर्माण गर्दै जानुहुन्छ। यसर्थ दृष्टिकोणको धेरै व्यवहारिक विन्दुबाट तपाईं विश्वासको वरदानमा काम गर्न चाहनुहुन्छ भने परमेश्वरले तपाईंलाई पहिलेबाटै दिनुभएको विश्वासमाथि विश्वास निर्माण गर्दैजानुहोस्। हुनसक्छ, तपाईं चंगाईको एउटा सामान्य क्षेत्रमा सुरु गर्नुहुनेछ। विश्वास मात्र गरिरहनुहोस् र तपाईंले त्यसो गरेपछि तपाईं त्यस क्षेत्रमा बढ्दै जानुहुनेछ।

परमेश्वरले हामीलाई प्रदान गर्नुहुने विश्वासमा हामीले उहाँलाई सीमाबद्ध नगर्दै अगाडि बढ्न तयार हुनुपर्दछ। साथै सधैं ख्याल राख्नुहोस्, तपाई जुन मानिसको लागि प्रार्थना गरिरहनुभएको छ त्यसको निम्ति पनि विश्वास एउटा वरदान हो। परमेश्वरको वचनद्वारा विश्वासको वरदानको बीऊ कुनै मानिसको हृदयमा रोप्न सकिन्छ, र ठीक त्यसै क्षण धेरै चंगाई सुरु हुन वा पूरा हुनसक्छ। यसकारण त्यस मानिसमा विश्वासको खाँचोलाई कहिल्यै उपेक्षा नगर्नुहोस्।

*"तिनीहरूले रोगीहरूमाथि आफ्ना हात राख्नेछन् र तिनीहरू निको हुनेछन्"* (मर्कूस १६:१८)। यस वचनमा हामीले पूर्ण रूपमा विश्वास गरेमा तिनीहरूको तुरुन्तै स्वास्थ्यलाभ सुरु हुन्छ। यो विश्वासको काम हो, भलै त्यसबेला केही नभएको देखिनसक्छ।

हामी विश्वासको क्षेत्रमा अगाडि बढ्न कठीन महसुस गरेका अवस्थामा शत्रुले आक्रमण गर्दछ। विश्वास परमेश्वरको वचनमा पूर्ण भरोसामाथि आधारित हुन्छ, र हामीले वचनमाथि विश्वास गरेपछि उहाँले विश्वासको प्रशस्त माप खन्याउनुहुन्छ। निश्चय नै याद गर्नुहोस्ः

*"साँच्चै म तिमीहरूलाई भन्दछु, यदि कसैले आफ्नो हृदयमा शंका गर्दैन तर आफूले भनेका कुरा पूरा हुन्छ भनी विश्वास गरेर यस पहाडलाई "उखेलिएर तँ समुद्रमा खस्" भन्यो भने, त्यसको निम्ति त्यस्तै हुनेछ"* (मर्कूस ११:२३)।

हामीले खराब इच्छा र विचारहरूलाई शब्दमा व्यक्त गर्न सुरु गरेमा हामी तिनै इच्छा र विचारहरू ग्रहण गर्दछौँ, किनकि हाम्रो मुखले बोलेका कुरा हाम्रो कानले सुन्दछ। यो विश्वास विनाशक हो। बरू जस्तोसुकै परिस्थितिहरू भए तापनि त्यसमा ध्यान नदिइकन हामी परमेश्वरको प्रशंसा गर्न तयार भयौँ भने हाम्रो विश्वास मजबुत हुनसक्छ।

धेरैपल्ट घटनाहरू पूर्ण रूपमा मेरो विरूद्धमा गएका छन्, र पनि म मेरो कार्यालय गएको छु र परिस्थिति उहाँकै अधीनमा भएको विश्वास गर्दै घुँडा टेकेर परमेश्वरको प्रशंसा गरेको छु। मैले जे जस्तो अनुभव गरे तापनि विश्वासको यो नापको अभ्यास गरेको छु। अनि मैले पीडादायक विचार गरेका परिस्थितिहरू परास्त भएका छन् र समस्याको एउटा सुन्दर समाधान भेट्टाइएको छ।

मैले परमेश्वरको वचनमा पूर्ण र असीम विश्वासको खाँचोको उल्लेख गरेको छु। यो सारा विश्वासको जग हो, अर्थात बाइबल परमेश्वरको वचन हो भन्ने पूर्ण, सन्देहरहित विश्वास (सानो बालकको जस्तै)। म थाहा पाउँदछु, धेरै मानिसहरूलाई वचन पढ्नु र सम्झनुमा कठीनाइ हुन्छ, किनकि तिनीहरूको मनले अवरोध खडा गर्दछ। विश्वासको सबैभन्दा ठूलो शत्रु अविश्वास हो। हामी अविश्वासमा पर्याप्त समयसम्म लागिरह्यौँ भने अविश्वासको आत्मा हामीमा पस्दछ। ध्यान दिनयोग्य छ, हामीले अविश्वासलाई मनमा राखिरह्यौँ भने विचारहरूले हाम्रो मनमा डेरा जमाउन सक्छन्, र लामो समयसम्म त्यहीँ बस्दछन्। केही समयपश्चात ती त्यहाँ भएका हामी बिर्सन्छौँ, तर हामीले विश्वासमा चल्ने इच्छा गर्नासाथ ती जुरमुराएर उठ्छन्। म बाइबलमा मर्कूस १६ को कुनै एउटा खास अनुवादको पृष्ठको पुछारमा लेखिएको टिप्पणी पढेको सम्झन्छु। त्यसमा भनिएको थियो, मर्कूस १६ को अन्तिम भाग मौलिक पाण्डुलिपिमा देखिएको थिएन। यसले रोग निको पार्ने र भूतहरू

धपाउनेबारे येशूका कथनहरूको सन्दर्भमा मेरो मनमा सन्देह सृजना गऱ्यो । तर मैले बुझें, ती पदहरू मौलिक भए पनि वा नभए पनि हामी पेन्तिकोसको दिनपछि यी कुराहरू भइरहेका बारेमा प्रेरितको पुस्तकमा पढ्दछौँ । त्यति हुँदाहुँदै पनि त्यो विचार मेरो मनमा रहिरह्यो र बेला बेलामा बाहिर निस्क्यो ।

नयाँ करारका चार हजार दुई सय ग्रीक पाण्डुलिपिहरू रहेछन् भन्ने पछि मैले फेला पारेँ । तीमध्ये कममा छ सय असीभित्र मर्कूसको सुसमाचार रहेछ । यो ६८० मा दुईओटामा मात्र यी दुई पदहरू रहेछन् । ती लेटिन संस्करणका अहिले आठ हजार संस्करण अस्तित्वमा छन्, र ती सबैभित्र चर्चा गरिएका पदहरू समावेश छन् । गोथिक संस्करणहरू, मिश्री संस्करणहरू र अमेरिकी संस्करणहरू सबैभित्र यी पदहरू छन् । चौथो शताब्दीमा मात्र यी पदहरूमाथि प्रश्न उठाइएको थियो, त्यसभन्दा अघि होइन । दुई सबैभन्दा पुराना संस्करणहरूमध्ये, जुन एउटामा ती हराइरहेका छन्, त्यहाँ केही ठाउँ खाली छ । स्पष्ट छ, यिनै पदहरूको निम्ति त्यो ठाउँ खालि छोडिएको हो । अनि अर्को पाण्डुलिपिमा पनि उत्पत्ति १-४६, भजन १०५-१३७, हिब्रू ९:१४ र १३:२५, १ र २ तिमोथी, तीतस, फिलेमोन र प्रकाश पूरै छोडिएका छन् ।

निश्चय नै यी तथ्यहरू पढ्दा धेरै सान्त्वना प्राप्त हुन्छ । तैपनि, विश्वासलाई वृद्धि गर्ने पुछारको त्यो टिप्पणी पढेपछि मेरो मनमा पसेको धारणा मेटाउन मैले निकै मेहनत गर्नुपऱ्यो ।

त्यसैगरी हामीले विश्वासमा काम गर्न खोजेपछि हाम्रा वरिपरिका सबै किसिमका कारकतत्वहरूले हामीमा प्रवेश गर्नसक्छन् । यो हाम्रो शिक्षा, कुनै खास शिक्षणमा हाम्रा तालीम वा मानिसमाथि हाम्रो निर्भरता हुनसक्छ । उदाहरणको लागि मैले पत्ता लगाएको छु, चिकित्सकहरू निको पार्नको लागि परमेश्वरको शक्तिमा सहजै विश्वास गर्दछन् । तर डाक्टरहरूको सीपमा भर पर्न धेरै अभ्यस्त नर्सहरूलाई परमेश्वरको वचनमाथि भर पर्न प्रायः गाह्रो हुन्छ ।

यिनै कारणले म मानिसहरूलाई अविश्वासको कुनै आत्मा आफूमा भएमा म तिनलाई त्याग्न हौसला दिन्छु । यदि तिनीहरू गुप्तविद्यामा संलग्न छन् वा तिनका आमा बाबु गुप्तविद्यामा संलग्न छन् भने यो आत्मा

विशेष रूपमा बलियो हुनसक्छ । त्यसपछि एउटा परिचित आत्मा त्यस मानिसको मनलाई बन्धनमा पार्न पिता पुर्खाहरूबाट ओर्लेर उसको पुस्तासम्म तल आउन सक्छ ।

मानिसहरूले तिनीहरूलाई बाइबल पढ्न र सम्झनमा कठीनाइ हुने वा तिनीहरूले बाइबल पढ्ने प्रयत्न गर्दा तिनीहरूमाथि एउटा पर्दा आएको देखिने भनेपछि म यसलाई एउटा के सम्भाव्य संकेतको रूपमा हेर्दछु भने तिनीहरू गुप्तविद्यामा संलग्न रहेकाछन् र छुटकाराको खाँचो छ ।

विश्वास गम्भीर तवरमा सन्तुलित  छ । यो एउटा कोमल बिरूवा हो जसलाई राम्ररी पालन पोषण गर्नुपर्दछ । हामी हाम्रो सांसारिक मनमा पूर्ण रूपमा भर परेमा हामी विश्वासमा काम गर्नेछैनौं । हामीले आत्मिक आयामलाई बुझ्नु पर्दछ । पावलले लेखेअनुसार,

***"हामी दृश्य कुरालाई होइन, तर अदृश्य कुरालाई हेरौँ, किनभने दृश्य कुरा क्षणिक हुन्छन्, तर अदृश्य कुराचाहिँ अनन्तसम्म रहन्छन्"*** (२कोरिन्थी ४:१८) ।

हामीले हाम्रो नजिकैका आत्मिक आयामहरू अर्थात परमेश्वरको र शैतानको दुई राज्यहरूको बोध गर्नुपर्दछ । हामी परमेश्वरको वचनमा सानो बालकको सरलताबाट पुगेमा मात्र हामी आत्मिक समझमा आउनेछौँ ।

यी सब कारणहरूले गर्दा हामी विश्वासमा काम गर्न गइरहेछौँ भने परमेश्वरले आफ्नो वचनमा हामीलाई दिनुभएको विश्वासलाई हामीले हेरचाहा र पालन पोषण गर्नुपर्दछ । वचनले हामीलाई भनेका कुरामा पूर्णरूपले विश्वास गर्दै र ग्रहण गर्दै हामी यसमा आउनु पर्दछ ।

म परमेश्वरको वचनमा कहिल्यै प्रश्न उठाउँदिन  । मैले यसलाई नबुझे पनि म यसमा विश्वास गर्दछु । अनि उचित समयमा पवित्र आत्माले मलाई खास वाक्यांश वा यसको अंशको अर्थ प्रष्ट्याउनुहुन्छ । हाम्रो स्वाभाविक मनको लागि परमेश्वरको वचन कोही बेला आफै विरोधाभासपूर्ण देखिनसक्छ । हामी पवित्र आत्मामा हिँडेपछि परमेश्वरको वचनको कुनै अंशमा असंगति छैन भनी हामी स्पष्टसँग देख्नसक्छौँ ।

परमेश्वरले प्रदान गर्नुहुने आत्मिक अन्तर्दृष्टिहरू पक्रनमा हाम्रो सांसारिक मनको असफलताले वचनको हाम्रो समझलाई अन्धो तुल्याइदिन्छ।

यसरी परमेश्वरले हामीलाई विश्वासको यो वरदान दिनुहुन्छ, र हामीले यसलाई विनासन्देह र वादविवाद ग्रहण गर्नुपर्दछ। यसलाई अभ्यास गर्दै गएपछि हामी यसमाथि परमेश्वरको आश्चर्यजनक अभिषेक बोध गर्नेछौँ।

समोआमा भएको हालैको सुसमाचार क्रुसेडको समयमा प्रभुले मलाई एउटा हात अर्कोभन्दा छोटो भएको एकजना मानिसको सम्बन्धमा केही ज्ञानको वचन दिनुभयो। श्रोतागणमा उपस्थित एक महिला तुरून्तै आफ्नो आसनबाट उठिन्, र मञ्चतिर आउन लागिन्। प्रष्टै थियो, उनी सनकी व्यक्ति थिइन्।

उनी मतिर आउँदै गर्दा अचानक शंकाको एउटा बोध मेरो मनमा आयो। के परमेश्वर कुनै आश्चर्यकर्म गर्नलाग्दै हुनुहुन्थ्यो ?

अर्को क्षण मैले मेरो आत्मामा विश्वासको ठूलो आवेग अचानक आएको अनुभव गरे। मैले बुझेँ, परमेश्वरले मलाई त्यसै क्षण विश्वासको वरदान दिइरहनुभएको थियो। केही सेकेन्डभित्रै उनको दाहिने हात उनको देब्रे हातको लमाइ जत्तिकै बढेर बराबर भयो। भीड आनन्दले विस्फोट भयो।

मेरो निम्ति सधैँ धेरै प्रोत्साहन सावित भएको एउटा कुरा मत्तीमा भेट्टाइन्छ। त्यहाँ येशूले भन्नुभयो, *"स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ"* (मत्ती २८:१८)। यस पदमा भनिएको "अधिकार" को अर्थ "शक्ति" हो।

> ***"यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु"*** (मत्ती २८:१९-२०)।

येशूले हामीलाई उहाँको अधिकार दिनुभएकोले हामी विश्वासमा काम गर्दै उहाँको नाउँमा चंगाईहरू, र छुटकारालाई आदेश दिनसक्छौँ। हामीमा प्रज्वलित वचनले हामीलाई त्यो विश्वास दिन्छ, जसमा हामी काम गर्दछौँ।

हामी विश्वासमा अगाडि बढ्ने हो भने हामी परमेश्वरको वचनमा संयमित हुनुपर्दछ। हामी वचनमा साँच्चिकै वृद्धि हुन गइरहेका छौँ भने हरेक दिन हामीले यसलाई हाम्रो पहिलो प्राथमिकता बनाउँदै मेहनतसाथ यसको अध्ययन गर्नुपर्दछ। हामीले यो काम दिनको प्रारम्भमा गर्न नसक्दा यसलाई पढ्न हरेक दिन कुनै अर्को निश्चित समय फेला पार्नुपर्दछ। हाम्रो आत्मालाई खुराक दिनु पर्दछ। हाम्रो शरीरलाई भोजन खुवाइन्छ र हामी जे पढ्दछौँ, सुन्दछौँ र देख्छौँ त्यसबाट हाम्रो मनले आफ्नो भोजन प्राप्त गर्दछ। हामी येशू ख्रीष्टप्रति प्रतिबद्ध भएमा हाम्रो आत्मालाई परमेश्वरको वचनबाट मात्र खुवाइनु पर्दछ।

हामी जसै वचन पढ्दछौँ, उहाँका आत्माद्वारा आफूलाई परमेश्वरमा अर्पण गर्दै हामी यसै ढाँचामा काम गर्न तयार हुन्छौँ, र यसरी विश्वासको वरदान वृद्धि हुन्छ। हामी वचनकै अनुसार प्रार्थना गर्दछौँ, हामी वचनमा विश्वास गर्दछौँ, हामी वचनमा शंका गर्दैनौं। अनि यसले काम गर्दछ।

> ***"के मेरो वचन आगोजस्तै छैन र ? चट्टानलाई चूरचूर पार्ने के त्यो एउटा ठूलो घनझैँ छैन र ?" परमप्रभु भन्नुहुन्छ"***
> (यर्मिया २३:२९)।

## एघारौँ अध्याय
# रोग निको पार्ने वरदानहरू

*"...कसैलाई उनै एक पवित्र आत्माद्वारा रोग निको पार्ने वरदानहरू दिइएका छन्"* (१कोरिन्थी १२:९) ।

मर्कूस १६ मा भनिएको छ, तपाईं रोगीहरूमाथि हात राख्नुहुनेछ र ती निको हुनेछन् । यस वचनमा तपाईंले पूर्णरूपले विश्वास गर्नुभयो भने स्वास्थ्यलाभ तुरून्त सुरु हुन्छ,

*"...तिनीहरूले रोगीहरूमाथि आफ्ना हात राख्नेछन् र तिनीहरू निको हुनेछन्"* (मर्कूस १६:१८) ।

म विश्वास गर्दछु, म जुन मानिसको निम्ति प्रार्थना गर्दछु र जसमाथि म आफ्ना हात राख्दछु त्यो तुरून्तै निको हुन्छ । चंगाई अघिबाटै सुरु भएको छैन भने यो त्यसै घडीमा सुरु हुन्छ । यसका अपवादहरू छैनन् । बिरामीहरूमाथि हात राख्नु, र तिनीहरू निको हुनेमा विश्वास गर्नु चंगाईको बारेमा धर्मशास्त्रीय ढाँचा हो । अनि म विश्वास गर्दछु, चंगाई तुरून्तै सुरु हुन्छ ।

अन्य कारणहरूको साथसाथै चंगाईलाई पापद्वारा वा कुनै मानिसको पक्षबाट आएको अक्षमाशीलताबाट अवरोध हुनसक्छ । मैले कुनै मानिसको सेवकाई गर्दा पवित्र आत्माले धेरैपल्ट मलाई उत्प्रेरित गर्दै त्यस मानिसको हृदयमा अक्षमाशीलता छ भन्नुभएको छ । परमेश्वरका आत्माले उसलाई छुने र निको पार्ने प्रयत्न गरिरहनुभएको छ, तर परमेश्वरले गर्न चाहनुभएको कामलाई कठोरताले बाधा दिइरहेको छ ।

सर्वोच्च परमेश्वर हुनुभएकोले उहाँ कुनै पनि परिस्थिति वा अवस्थामा काम गर्नुहुन्छ । म यहाँ चंगाईका नियमहरूको एउटा सूची स्थापित गर्न चाहन्नँ । तर म तपाईंलाई भन्न चाहन्छु, क्षमाशीलता (प्रेम प्रकट गर्नको

लागि एउटा आधारभूत पूर्वसर्त) चंगाईको निम्ति एउटा आधारभूत माग हो।

मैले मानिसहरूलाई मण्डलीमा उभिएर क्षमा गर्न सुरु गर्न भनेको छु। मैले तिनीहरूलाई तिनीहरूले क्षमा गर्नुपर्ने मानिसहरूको नाउँ बोल्न भनेको छु । पास्टरले मकहाँ आएर यसो भनेका छन्, "भाइ, केही मानिसहरू अप्रसन्न छन्, किनकि तपाईंले तिनीहरूलाई यो काम तीन पटक गर्न लगाउनुभयो।" एक वर्षपछि उनै पास्टर मकहाँ आए। उनले दिएका विवरणअनुसार उनको मण्डलीका वृद्ध मानिसले आफ्नो छोरोलाई क्षमा गर्न सुरु गरेपछि उनको वातरोग तत्कालै निको भयो (जुन रोगले उनी तीस वर्षदेखि कष्ट भोगिरहेका थिए)।

चंगाईको सेवकाईमा र ज्ञानका कुरासहित चंगाईको निम्ति विश्वासको प्रार्थनामा अगाडि बढ्न सुरु गरेको क्षणबाटै प्रभुले मेरो मनमा एउटा छाप लगाइदिनुभएको मैले पाएँ । छापमा थियो, मानिसहरूले आफूलाई अपराध गर्नेहरूलाई क्षमा गर्नु, आफ्ना आमा बाबुको कदर गर्नु, ती परमेश्वरबाट ग्रहण गरिएका छन् र ती प्रिय पुत्रमा ग्रहण गरिएका छन् भनी बुझ्नु आवश्यक छ,

***"यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैँमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्"*** (एफिसी १:६)।

मानिसहरू परमेश्वरबाट साँच्चै ग्रहण गरिएका छन्, तिनीहरूले क्षमादान पाएका छन् र तिनीहरूले पनि क्षमा गर्नुपर्दछ भनी तिनीहरूले बुझ्न सुरु गर्नसकेपछि छुटकारा हुन्छ । यसकारण बिरामीहरूको लागि प्रार्थना गर्दा हामीले परमेश्वरको वचन पालन गर्नु अनिवार्य हुन्छ। यशैया ५९:१-२ मा आधारित भई म विश्वास गर्दछु, जहाँ अविश्वास र अक्षमाशीलताको आत्मा वा अरू पाप छ, त्यसले उहाँको चंगाईको शक्तिलाई बाधा दिनसक्छ।

अरू पापहरूले निको पार्नुलाई रोक्न सक्छ । म चौध वर्षीय एउटी केटीलाई चिन्दछु । उनलाई रगतसम्बन्धी रोग (ल्यूकेमिया) ले सताएको थियो । चिकित्सकहरूले आश मारेका थिए । उनीहरूको भनाइबमोजिम

उनी केही घण्टा मात्र बाँच्दै थिइन् । म उनको निम्ति प्रार्थना गर्न गएँ । म कोठाभित्र पस्दा त्यहाँ परिवारका सारा सदस्यहरू उनको वरिपरि बसेका थिए । म त्यहाँ उभिनासाथ प्रभुले मलाई उनको बाबुको बारेमा बताउन लाग्नुभयो, "यो मानिसले विगत दश वर्षदेखि व्यभिचार गर्दै आएको छ ।" त्यसले मलाई मानसिक धक्का दियो ।

मैले त्यस केटीको निम्ति प्रार्थना गरेँ । त्यसपछि प्रभुले कसरी निको पार्न र बचाउन योग्य हुनुभयो सोबारे बाबुसँग कुराकानी गर्न बाहिर गएँ । उनले यसो भन्दै मलाई जवाफ दिए, "बिल म तपाईमाथि विश्वास गर्न चाहन्छु, तर मसँग मेरो जीवनमा समस्याहरू छन् ।"

म उनका समस्याहरू अघिबाटै जान्दछु भनेर मैले उनलाई बताइनँ । बरू मैले सोधेँ, "तिम्रो समस्या के हो ?"

उनले जवाफ दिए, "अरू स्त्रीहरूको पछि लाग्नबाट म आफूलाई प्रायः रोक्न सक्दिनँ ।"

मैले त्यस बेलादेखि ती केटीलाई देखेको छु, उनको साधारण रूपमा स्वास्थमा सुधार भएको छ । उनका बाबुले आंशिक पश्चाताप गरे, तर पछि आफ्नो पूर्व अवस्थामै फर्के । उनले भने, "म आफ्नै चालमा चलिरहन मन पराउँछु ।" मैले उनलाई भने, "तिम्रो छोरीको चंगाई यस विषयमा तिम्रो विचारमाथि धेरै भर पर्दछ ।" उनले आफ्नै सन्तानको खातिर पनि पापकर्मलाई छोडेनन् । तर आमाले निरन्तर विश्वास गरिन् । एक वर्षपछि एउटा सभामा मैले ती बालिकामा यथेष्ट सुधार भएको देखेँ । म विश्वास गर्दछु, सबै घटनाहरूमा होइन, तर त्यो घटनामा बाबुका पापहरू र छोरीको बिरामीको बीचमा सीधा आत्मिक सम्बन्ध थियो (रगतसम्बन्धी रोगले कष्ट पाइरहेकी र जसका बाबुले व्यभिचार गरिरहेका थिए, तिनका निम्ति मैले प्रार्थना गरेको ती तेस्री बालिका थिइन्) ।

मानिसहरूले आफ्नो चंगाई प्रस्फुटन भएको देख्नु पूर्व हामीले तिनीहरूलाई परमेश्वरलाई धन्यवाद चढाउन प्रोत्साहन दिनु महत्वपूर्ण हुन्छ । यो मर्कूसको अनुसार विश्वास हो,

*"यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौ सो पाएका छौ भन्ने विश्वास राख, र त्यो तिमीहरूको हुनेछ"* (मर्कूस ११:२४)।

यद्यपि मानिसहरू प्रारम्भिक चरणमा केही अनुभव गर्न नसकून्, म तिनीहरूले आफ्नो चंगाई पाएका छन् भनी विश्वास गर्न तिनीहरूलाई सधैँ उत्साह दिन्छु। सेवकाई गरेका ठाउँहरूमा एक वा दुई वर्षपछि म प्रायः फर्केको छु। त्यहाँ मैले देखेको छु, धेरै जना पहिलो सभाको समयको एउटा अवधिपछि पूरै निको भएका छन्।

मैले कुनै बिरामी मानिसको लागि प्रार्थना गर्दा म उसँग शान्तिपूर्वक खडा हुन्छु, मेरा विचारहरू येशू ख्रीष्टमाथि केन्द्रित गर्दछु, अनि माथिबाट ओर्लेर आइरहनुभएको पवित्र आत्माको अभिषेक बोध गर्न सुरु गर्दछु। म प्रभु येशू ख्रीष्टमाथि पूरा भर पर्दै विनम्र विचार कायम राख्ने कोसिस गर्दछु। त्यसो गर्न सफल भएपछि उहाँको शक्ति र प्रेमले अति असम्भव परिस्थितिहरूमा पनि काम गरेको म पाउँछु।

चंगाईको वरदान र यसमा काम गर्नको लागि म मेरो मनलाई एकाग्र बनाउँदछु। साथै उहाँको सेवकहरूको खातिर परमेश्वरको वचनद्वारा मलाई दिइएको अधिकारमा म विश्वास गर्दछु,

*"तिनीहरूले सर्पहरू समात्नेछन् र कुनै विषालु कुरा पिए तापनि कुनै किसिमले त्यसले तिनीहरूको हानि गर्नेछैन। तिनीहरूले रोगीहरूमाथि आफ्ना हात राख्नेछन् र तिनीहरू निको हुनेछन्"* (मर्कूस १६:१८)।

हालै मैले असी वर्षीय एक भद्रमहिलासँग प्रार्थना गर्नुको अनुभव प्राप्त गरेको थिएँ। उनी एक प्रकारले पूरै बहिरी थिइन्। कागतमा लेखेर उनको निम्ति प्रार्थना गरिदिन उनले मसँग अनुरोध गरिन्। उनको पास्टर उपस्थित हुनुपर्ने सर्तमा म उनको निम्ति प्रार्थना गर्दा खुशी हुनेछु भनी मैले जवाफ दिएँ (उनी नियमित रूपमा मण्डली जान्थिन् भनेर उनले मसँग भनेकी थिइन्)। उनका पास्टरले मलाई टेलिफोन गरे र मैले उनको मण्डलीको सदस्यसँग प्रार्थना गर्दा उनी खुशी हुने बताए। तथापि, उनी निको नभएमा उनले आफ्नो विश्वास हराउन सक्नेमा उनी चिन्तित

थिए। स्पष्ट छ, यस मानिसमा यस्ता परिस्थितिहरू अन्तर्गत निको पार्ने परमेश्वरको शक्तिको सन्दर्भमा शंकाहरू थिए। उनी र म यी महिलाको घरमा सँगसँगै हिँडेर जाँदा बाटोमा मैले उनीसँग यो कुरा बाँडचुँड गरेँ, *"परमेश्वरको निम्ति कुनै कुरा असम्भव छैन"* (लूका १:३७)। उनी सहमत भए।

हामी ती महिलाको घरमा प्रवेश गऱ्यौँ। त्यहाँ हामीले उनीसँग उपस्थित मण्डलीकी पचहत्तर वर्षीय वृद्ध र आशिंक रूपले बहिरी एउटी सदस्य मित्रलाई भेट्टायौँ। महिलाले सुन्ने यन्त्र लगाएको भए तापनि उनी यति धेरै बहिरी थिइन्, जसले गर्दा मैले सकेसम्म उच्च सोरमा चिच्याउनुको साथै मैले भनेका कुरा उनले बुझून् भन्ने ध्येयले रूकी रूकी सुस्त गतिमा बोल्नु परेको थियो। सुरुबाटै प्रष्ट थियो, उनी प्रभु येशू ख्रीष्टसँग प्रेम गर्थिन् र उनको हृदयमा विश्वास थियो। तर उनी कुनै कुरा सुन्न सक्दिनथिइन् भन्ने पनि प्रष्ट थियो।

प्रभु येशू ख्रीष्टको योग्यता र उनको निम्ति निको पार्ने उहाँको वरदानबारे सल्लाह दिइसकेपछि मैले पास्टरलाई तेलले उनलाई अभिषेक गर्न भने। उनले त्यसै गरे। त्यसपछि मैले उनीमाथि आफ्ना हात राखेँ र उनको चंगाईको निम्ति प्रार्थना गरेँ, र तुरून्त मैले पवित्र आत्माको उपस्थिति बोध गरेँ।

प्रार्थना गरिसकेपछि मैले उनीसँग थप केही कुरा गरिनँ, र मेरो ध्यान पचहत्तर वर्षीय वृद्ध महिला मित्रतर्फ फर्काएँ। हामीले यिनको लागि प्रार्थना गरेलगत्तै उनको सुन्ने शक्तिमा सुधार भएको देखियो। त्यसपछि, मैले केही क्षणअघि धेरै जोडले कराउनु परेको कुरालाई एक दिनको निम्ति बिर्सदै म असी वर्षीय वृद्धातर्फ फेरि फर्के। मैले उनीसँग सामान्य सोरमा बोलेँ। उनले मेरो कुरा स्पष्टसँग सुन्दै तुरून्तै जवाफ दिइन्। हाम्रो वार्तालाप जति अगाडि बढ्दै गयो त्यति बढी ती पास्टर चकित भए। परमेश्वरले एकै क्षणमा आश्चर्यकाम गर्नुभएको थियो, र यी प्रिय महिला सुन्दर र स्वाभाविक तवरमा सुन्ने योग्य भएकी थिइन्।

रोगीहरूको लागि निको पार्ने सेवकाई गर्दा परमेश्वरको प्रेमको सेवकाई पनि हुनु धेरै महत्वपूर्ण हुन्छ। बिरामी मानिसले तपाईंले उसलाई उसको जीवनका विगतका पापको निम्ति वा उसको हृदयमा भएका कुनै

अर्को विषयको सन्दर्भमा न्याय गरिरहनुभएको छ भनी अनुभव गर्‍यो भने तपाईंद्वारा काम गरिरहेको परमेश्वरको शक्तिको पूर्णताबाट ऊ पछि हट्नेछ।

हामीले रोगीहरूको सेवकाई गर्दा ती जस्ता छन् त्यसै रूपमा हामीले तिनीहरूलाई ग्रहण गर्नुपर्दछ। परमेश्वरले तिनीहरूलाई प्रेम र ग्रहण गर्नुभएको छ भनी तिनीहरूलाई भन्नु जरूरी हुन्छ। परमेश्वरले हामीलाई प्रेम र ग्रहण गर्नुहुन्छ, र हामी पनि त्यसै गर्दछौं। उहाँको निको पार्ने प्रेम र शक्ति अझ धेरै गहिराइमा हामी ग्रहण गर्नसक्छौं भनेर हामी सबैले बुझ्नु आवश्यक छ।

धेरै मानिसहरू तिरस्कृत र त्यागका भावनाहरूबाट कष्ट भोगिरहेका म पाउँदछु, खासगरी बाबु र आमाको सम्बन्ध खराब छ वा तिनका जीवनमा अक्षमाशीलता छ भने। तिनीहरूलाई आफ्ना आमा बाबुलाई आदर गर्न र अरूलाई क्षमा गर्न उत्साह दिएपछि, र सेवकाई गरिरहेको मानिसको रूपमा तपाईंबाट परमेश्वरको प्रेम प्रवाहित भएपछि परमेश्वरको निको पार्ने शक्ति र अभिषेक तिनीहरूमाथि आउन सक्छ।

बिरामीहरूको निम्ति प्रार्थना गर्नु सोचविचार नगरी गरिने काम होइन। यो प्रेमको काम हो, यसले प्रार्थना गरिरहेको मानिसद्वारा आफूलाई पूर्णरूपमा दिनुको माग गर्दछ। हामी परमेश्वरको प्रेमका सेवकहरू हुने हो भने हामीले प्रेममा काम गर्नुपर्दछ।

बिरामी मानिसलाई परमेश्वरको वचन बोल्न र ख्रीष्ट उसलाई अनन्त जीवनको वरदान दिन, र सारा पापहरूबाट उसलाई क्षमा गर्न मात्र साँच्चै मर्नुभएको थिएन, र उसलाई निको पार्न पनि मर्नुभएको थियो भन्ने औंल्याउँदै उसलाई उत्साह दिनु असल हुन्छ, *"उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ"* (१पत्रस २:२४)।

निको पारिनुपर्ने मानिसको निम्ति प्रार्थना गर्दा पवित्र आत्माको शक्ति ममाथि आएको मैले बोध नगरूञ्जेल म प्रभुमा प्रतीक्षा गर्दछु। यो सामान्यतया अभिषेकको रूपमा आउँछ, तर सधैं होइन। म मेरो हृदयलाई परमेश्वरको सामुन्ने शान्तिमा स्थिर गराउने, र मेरो सम्पूर्ण मन उहाँमाथि केन्द्रित गर्ने कोसिस गर्दछु। आफ्नो हृदयमा पूर्ण विश्वास राखेर म परमेश्वरका प्रतिज्ञाहरू स्मरण गर्दछु। अनि त्यस मानिसलाई कुनै

किसिमको तीतोपन, अक्षमाशीलता, तिरस्कार वा डरलाई छुटकारा दिने सल्लाह दिएपछि परमेश्वरका आत्माले त्यस मानिसलाई छुनेछ भनी म विश्वास गर्नसक्छु । मैले भनेझैँ परमेश्वरले आफूलाई छुनुभएको छ र बिरामी मानिसले विश्वास गर्नुपर्दछ, चंगाईको निम्ति उहाँको प्रशंसा गर्न सुरु गर्नुपर्दछ, भलै उसको शरीरमा तुरून्त चंगाईको कुनै प्रमाण नदेखियोस् ।

निको पार्ने सेवकाईमा हाम्रो तर्फबाट बलिदान आवश्यक हुन्छ । हाम्रा खातिर धेरै सुविधाजनक नहुँदा पनि हामीकहाँ बिरामीहरूको निम्ति प्रार्थना गरिदिने अनुरोध गर्दै मानिसहरू प्रायः आउँछन् । हामीलाई यथेष्ट टाढासम्म यात्रा गर्नुपर्ने हुनसक्छ, मानिसहरू असुविधाजनक समयमा हाम्रा घरमा आउनसक्छन्, वा तिनीहरूले अबेर राती टेलिफोन गर्नसक्छन् । यी सबै कुराले हाम्रा जीवनमा प्रेम र धैर्यको फलको साथसाथै पूर्ण समर्पणको बोध माग गर्दछ ।

बिरामीहरूको निम्ति प्रार्थना गर्दा हामीले याकूबको यस शिक्षालाई कहिल्यै उपेक्षा गर्नुहुँदैन,

> ***"के तिमीहरूमध्ये कोही बिरामी छ ? त्यसले मण्डलीका एल्डरहरूलाई बोलाओस् । तिनीहरूले प्रभुको नाउँमा त्यसलाई तेलले अभिषेक गरेर त्यसको निम्ति प्रार्थना गरून्"*** (याकूब ५:१४) ।

सामान्यतया बिरामीको लागि गरिने प्रार्थना मण्डलीका विश्वास गर्ने एल्डरहरूको एउटा दलको उपस्थितिमा गर्दा बढी प्रभावकारी हुन्छ । यसैकारण, मानिसले मण्डलीका एल्डरहरूले उसको निम्ति पहिले नै प्रार्थना गरेकाछन् वा छैनन् भनेर म सधैँ सोध्दछु । हामीले विश्वासीहरूलाई सेवकाईको निम्ति सबैभन्दा पहिले तिनका आफ्नै पास्टर र एल्डरहरूकहाँ जान सधैँ प्रोत्साहन दिनुपर्दछ । तर मानिस दृढ छ भने मैले प्रार्थना गर्दा तिनका पास्टर वा एल्डरहरू उपस्थित हुनसक्छन् कि भनी म प्रायः सोध्ने गर्दछु ।

अर्कोतिर धेरै परिस्थितिहरू हुन्छन् जसमा यस्तो कुराको सल्लाह दिनु त्यति व्यवहारिक देखिँदैन। कहिलेकाहिँ व्यक्ति मण्डलीको सदस्य हुँदैन, वा आकस्मिक स्थिति छ र मण्डली धेरै टाढा हुन्छ। यी सबै परिस्थितिहरूमा प्रत्येक क्रिश्चियनले परमेश्वरको वचनअनुसार विश्वासमा काम गर्दै बिरामीको लागि प्रेममा सेवकाई गर्न तयार हुनुपर्दछ।

बाह्रौं अध्याय

# आश्चर्य कामहरू

*"कसैलाई आश्चर्य कामहरू गर्ने ..."* (१कोरिन्थी १२:१०)।

आश्चर्यकामहरू गर्ने वरदान प्रायः तात्कालिक चंगाईमा प्रतिबिम्बित हुन्छ। येशूले कसरी एकजना उच्च अधिकारीको छोरो निको पार्नुभयो सो अवलोकन गर्नुहोस्,

> *"येशू यहूदीयाबाट गालीलमा आउनुभएको छ भन्ने सुनेर तिनी उहाँकहाँ गए, अनि तिनको छोरालाई आएर निको पारिदिन भनी उहाँलाई विन्ती गरे, किनकि तिनको छोरो मर्नै आँटेको थियो। येशूले तिनलाई भन्नुभयो, "तिमीहरू चिन्ह र अचम्मका कामहरू नदेखेसम्म कुनै रीतिले विश्वास गर्दैनौ।" ती उच्च अधिकारीले उहाँलाई भने, "हजूर मेरो छोरो मर्नुभन्दा अघि नै आइदिनुहोस्।" येशूले तिनलाई भन्नुभयो, "जाऊ, तिम्रो छोरो बाँच्नेछ।" येशूले तिनलाई भन्नुभएको वचन ती मानिसले विश्वास गरे, र आफ्नो बाटो लागे। अनि तिनी जाँदै गर्दा बाटैमा तिनका चाकरहरूले तिनलाई भेटेर तिनको छोरा बाँच्यो भनी तिनलाई बताए। कुन घडीदेखि त्यसलाई सन्चो हुनलाग्यो भनी तिनले तिनीहरूलाई सोध्दा तिनीहरूले भने, "हिजो दिउँसो एक बजेदेखि जरोले तिनलाई छोड्यो।" येशूले तिनलाई "तिम्रो छोरो बाँच्नेछ" भन्नुभएको घडीदेखि नै हो रहेछ भनी बाबुले थाहा पाए। अनि तिनी आफैले र तिनका सारा परिवारले विश्वास गरे। यहूदीयाबाट गालीलमा आएर येशूले गर्नुभएको यो दोस्रो चिन्ह थियो"* (यूहन्ना ४:४७-५४)।

येशूले गर्नुभएको यो दोस्रो आश्चर्यकाम थियो भनेर भनिएको छ । यसरी तात्कालिक चंगाईलाई आश्चर्यकाम भनेर ठीकै भनिएको छ।

हामीले बिरामीमाथि आफ्ना हात राख्दा ती स्वास्थलाभ गर्न सुरु गर्दछन् भनेर मैले भनेपछि ममा शंका हुँदैन । केही घटनाहरूमा परमेश्वरका आत्मा मानिसहरूमाथि आश्चर्यजनक रूपले आउनुहुन्छ । हामी परमेश्वरको शक्ति विद्युत तरङ्गझैं शरीरमा स्पन्दित भइरहेको देख्छौं, अनि त्यहाँ तात्कालिक चंगाई हुनसक्छ । यसकारण हामी परमेश्वरलाई कुनै किसिमले सीमित गर्दैनौं, किनकि उहाँले आश्चर्यका कामहरू गर्ने वरदान दिनुहुन्छ।

हामी आश्चर्यकामहरूको लागि उहाँमाथि विश्वास गरौं, र हामी हतोत्साह नहोऔं। हामीले तात्कालिक आश्चर्यकाम देखेनौं भने पनि हामी परमेश्वरको वचनमा सन्तुलन राखौं, हामी अविश्वासमा गएर परमेश्वर निको पार्नुहुन्न नभनौं। हामीले सधैं याद गर्नुपर्दछ, हामीले रोगीहरूमाथि हात राखेपछि ती निको हुनेछन्। परमेश्वर आश्चर्यकामहरूको परमेश्वर हुनुहुन्छ।

येशूले हामीलाई यसो भन्नुभएको पनि हामी स्मरण गरौं,

***"साँच्चै म तिमीहरूलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ, र तीभन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु"*** (यूहन्ना १४:१२)।

परमेश्वर समय वा परिस्थितिले बाँधिनु भएको छैन । सांसारिक राज्यमा हुने घटनाको उल्टो आत्मिक राज्यमा अचम्मका कामहरू हाम्रा पकडभित्र हुन्छन् । तर त्यस निम्ति हामीले हाम्रा हृदयमा पूर्ण विश्वाससहित काम गर्नैपर्दछ।

निश्चय नै सधैंझैं हामी परमेश्वरको वचनमा आज्ञाकारी हुनुपर्दछ, र हाम्रा मागहरू उहाँको वचनसँग मेल खाने छन् भनी निश्चय गर्नुपर्दछ। हामीसँग उहाँतर्फ एउटा ठीक हृदयको सम्बन्ध छ, र जसरी उहाँले हामीलाई प्रेम गर्नुभयो त्यसरी एकले अर्कालाई प्रेम गर्ने येशूको आज्ञा पालन गरिरहेको छौं भने म विश्वास गर्दछु, हामी हाम्रो जीवनमा काम गर्न

परमेश्वरको अनुग्रह प्राप्त गर्नको निम्ति बलियो जगमाथि खडा छौं । स्मरण गर्नुहोस्, हामीलाई भनिएको छ,

*"परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ"* (१यूहन्ना ५:१४) ।

मैले पत्ता लगाएको छु, सामान्यतया परमेश्वरको इच्छा थाहा पाउनसजिलो हुन्छ, किनकि धर्मशास्त्र धेरै स्पष्ट छ । पूर्ण अर्थमा उहाँको इच्छा हामीलाई उन्नत गराउने सुस्पष्ट छ,

*"किनकि हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूलाई थाहा छ, उहाँ धनी हुनुहुन्थ्यो, तरै पनि तिमीहरूका खातिर उहाँ गरीब हुनुभयो, ताकि उहाँको गरीबीबाट तिमीहरू धनी हुनसक"* (२कोरिन्थी ८:९) ।

एउटा पूर्ण अर्थमा हामीलाई स्वास्थ्य दिनु पनि स्पष्टगरी यो परमेश्वरकै इच्छा हो,

*"प्रिय मित्र, म प्रार्थना गर्दछु, कि सबै कुरामा तिम्रो भलो होस्, र तिम्रो स्वास्थ्य ठीक होस् । तिम्रो आत्मिक जीवन ठीक छ भन्ने म जान्दछु"* (३यूहन्ना २) ।

*"हामी पापकालेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो । उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ"* (१पत्रस २:२४) ।

म न्यूजिल्याण्डमा एउटा शहरमा केही वर्षअघि घटेको एउटा घटना सम्झन्छु । त्यहाँ म वुमेन्स एग्लो सभामा बोलिरहेको थिएँ । मैले सन्देश सुनाइसकेपछि पवित्र आत्माले मेरो ध्यान त्यहाँ उपस्थित एक मानिसतर्फ खिँच्नुभयो । उहाँले मलाई भन्नुभयो, उनले विगत सात वर्षदेखि एउटा सन्तान पाउन चाहेकी थिइन् । पवित्र आत्माले मलाई प्रकट गर्नुभएअनुसार उनको गर्भाशय बटारिएर एक किसिमले उल्टो स्थितिमा थियो ।

पवित्र आत्माले मलाई दिनुभएको कुरा मैले बोल्नासाथ एउटी जवान स्त्री बेगसँग अगाडि आइन् । उनले बुझिन्, पवित्र आत्मा उनकै बारेमा बोलिरहनुभएको थियो । मैले उनको लागि प्रार्थना गर्न थालेपछि उनी पवित्र

आत्माको शक्तिमुनि भूइँमा लडिन् । हामीले अवलोकन गरेअनुसार उनको पेटको क्षेत्र जोडजोडले माथि तल गर्दै हल्लिरहेको थियो । उनी केही पीडामा भएकी देखिन्थिन्, तर मलाई स्पष्ट थियो, परमेश्वरको शक्ति उनको शरीरभरि दौडिरहेको थियो । त्यसपछि उनी उफ्रदै आफ्नो खुट्टामा खडा भइन् र भनिन्, "म बुझ्दछु, म निको भएको छु ।"

उनले उहाँको वस्त्रको एक छेउ छोएकी क्षणमै परमेश्वरले उनको गर्भाशयको स्थितिलाई उल्टाएर त्यसलाई स्वाभाविक अवस्थामा ल्याउनुभयो । केही महिनापछि उनी गर्भवती भइन् । हामी एक वर्षपछि त्यही शहरमा जाँदा उनले सार्वजनिक सभामा आफ्नो सन्तानलाई ल्याएर परमेश्वरको महिमाको लागि आफ्नो गवाही खुशी खुशी दिइन् ।

हामी प्रभुको सामुन्ने नम्र भई उहाँको वचनमा विश्वास गर्‍यौं भने निको पार्ने यो र अरू धेरै क्षेत्रहरूमा उहाँ ठूला ठूला कामहरू गर्न योग्य हुनुहुन्छ ।

*ग्राण्ट पार्करकी आमाले भनेबमोजिम पार्करको कथा -"आइ विलिभ इन मिराकल्स" पुस्तकबाट उदाहरण गरिएको:*

*म व्यापारीको कार्यकक्षको भूइँमा लम्पसार परेकी थिएँ ।*

*म विचार गरिरहेकी थिएँ, "मलाई यस्तो भएको छैन ।" मानिसहरू मेरो वरिपरि एताउति गरिरहेका थिए, तर यो सबै अलिकति धमिलो, केही मात्रामा काल्पनिकझैं थियो । मैले विचार गरेँ, "म परमेश्वरको शक्तिमा विश्वास गर्दिनँ । म चंगाईमा विश्वास गर्दिनँ । म आश्चर्यकामहरूमा विश्वास गर्दिनँ ।"*

*तैपनि मलाई के भएको थियो र के भइरहेको थियो, त्यसलाई म ठाडै इन्कार गर्न सक्दिनँ ।*

*ब्राएन र म यहाँ एउटा अन्तिम उपायको रूपमा मात्र आएका थियौं । किनकि विगत आठ वर्षदेखि राम्ररी हिँडडुल गर्न नसक्ने हाम्रो एघार वर्षीय छोरो ग्राण्टको रोगसँग सामना गर्न हामीले असफल कोसिस गरेका थियौं ।*

*तर सबै प्रयास निष्फल भए । खराबी के थियो त्यतिसम्म पनि हामीलाई संसारमा उपलब्ध चिकित्सासम्बन्धी उत्तम सल्लाहले बताउन सकेन । उसलाई कसरी निको पार्ने भन्ने कुरा त झन् परै*

छोडिदिऊँ । प्रभावशाली र असर गर्ने औषधिका मात्राहरू बढाउँदै लैजाँदा पनि काम नलाग्ने प्रमाणित भयो । अनि ग्राण्टको शरीरलाई सास्ती दिइरहेको पीडा झन् झन् असहनीय हुँदै गयो ।

ग्राण्ट अब ह्विलचेयरमा सीमित भएको थियो, र यसरी दयनीय र असामयिक मृत्युको सामना गरिरहेको थियो । यी सबै कुराहरूसँग सामना गर्नु ब्राएन र मेरा निम्ति हामीले थेग्न नसक्ने किसिमको थियो। शारीरिक, भावात्मक र आत्मिक रूपमा हामी पूर्णतया रित्तिएका थियौं । हामी आफ्नो धैर्य र शक्तिको अन्तिम सीमामा थियौं। निरन्तरको जिम्मेवारीले हाम्रो परिवार, हाम्रो विवाह, हाम्रो आर्थिक अवस्था र सबैभन्दा खराब परमेश्वरमा हाम्रो विश्वास नष्ट पार्ने आँटेको थियो ।

यसकारण हामी यहाँ, बिल सुब्रिज्कीको कार्यकक्षमा अन्तिम सहाराको रूपमा आएका थियौं । तैपनि मैले व्यक्तिगत तवरमा कुनै चमत्कार हुने अपेक्षा वा चाहना गरेकी थिइनँ ।

यथार्थ भन्नु पर्दा म किन त्यहाँ थिए म बिल्कुलै निश्चित थिइनँ ।

म धेरै अनिश्चित र आशंकित थिएँ, अनि त्यसैबेला उनले हामीलाई आफ्नो कार्यालयभित्र लगेपछि ढोकामा भित्रबाट चुकुल लगाए । नत्रता म त्यहाँबाट दौडेर भाग्ने थिएँ ।

त्यसपछि कुराहरू साँच्चै नियन्त्रणबाहिर गए ।

ग्राण्टको निम्ति प्रार्थना गर्नुको सट्टा उनले मेरो निम्ति प्रार्थना गर्न चाहे । उनले मेरो शिरमाथि आफ्नो हात राखेका म सम्झन्छु र त्यसपछि ... शून्य ।

कार्यालयमा ओछ्याइएको मखमली गलैंचामाथि लम्पसार परेकी आफ्नो अवस्थाको मैले भेउ पाउँदासम्म निश्चय नै केही मिनेटहरू बितिसकेको हुनुपर्थ्यो ।

म कसरी त्यहाँ पुगेकी थिएँ मैले बुझिनँ । मैले बुझेकी एउटै कुरो थियो, म यो अनुभवमा आनन्द मनाइरहेकी थिएँ ।

बिलले ब्राएनको लागि प्रार्थना गरे, त्यसपछि अन्तमा उनी यसो भन्दै ग्राण्टतिर फर्के, "म तिमी उभिएको चाहन्छु ।"

तर ग्राण्ट उभिन सकेन। मलाई त्यो थाहा थियो। उसको पिठ्युँको अधोगति यति बढिसकेको थियो, जसका कारण ऊ बिनासहारा ह्विलचेयरबाट बाहिर आउनसम्म सक्दैनथ्यो। मेरो लागि यो खोजको दिन थियो। बिस्तारै तर निश्चयसाथ ग्राण्ट ह्विलचेयरबाट बाहिर आयो।

म अलमल्ल परेकी थिएँ। यो एकदमै सम्भव थिएन। अनि त्यसपछि यथार्थले फेरि प्रहार गऱ्यो, ऊ भूइँमा एक्कासी ढल्यो। मैले विचार गरेँ, "ओहो, ऊ फेरि भूइँमा ढल्यो। परिणाम यही हुनु रहेछ।"

त्यसबेलासम्म म उठिसकेकी थिएँ, मैले आफ्नो छोरोतिर हेरेँ, मुख भूइँतिर पारेर पसारिएको थियो, अझै विकलाङ्ग अवस्थामा। निको पार्ने यो महान् विश्वासी व्यक्ति समेत सफल हुन सकेको थिएन।

जसै मैले हेरेँ, म कुनै कुरो नाटकीय भइरहेको देख्न सक्थेँ। ग्राण्टका आँखा बन्द थिए, तर अति सुन्दर, स्निग्ध र शान्त मुस्कानले उसको अनुहार ढाकेको थियो।

ठीक त्यसै बेला म रून लागेँ ...।

मैले त्यस दिन देखेकी ग्रान्ट र अघिल्लो दिन देखेकी ग्राण्टको बीचको फरक अविश्वसनीय थियो। ती दुई भिन्न मानिसहरू थिए। तपाईंले ती दुईका फोटोहरू देख्नुभएको भए तपाईं ती दुई एउटै हुन् भनी विश्वास गर्नु हुन्थेन। सारा यन्त्रणा उसको मुहारबाट निकालिएको थियो।

बिलले निहुरिएर उसको निधारमा हल्कासँग तेल लगाउँदै येशूको नाउँमा सारा यातना दिइरहेका आत्माहरूलाई ग्राण्टको शरीरबाट बाहिर निस्कने आज्ञा दिए। ग्राण्ट एकदम शान्त र स्थिर भई भूइँमा लम्पसार परेको थियो। तैपनि मैले कुनै आश्चर्यकाम हुने सम्भावनासँग लडेँ। म कसैको जीवनमा परमेश्वरको स्पर्शको अति छक्क पार्ने प्रकटनको साक्षी भइरहेकी थिएँ, र पनि परमेश्वरले आज काम गर्नुभएन भन्ने मेरो विश्वासलाई मैले अझै हल्लाउन सकेकी थिइनँ। मैले मेरा आँखा अगाडि भइरहेका कुराहरूलाई कुनै किसिमले रोक्नुपर्ने विचार गर्दै ग्राण्ट हिँडडुल गर्नसक्दैनथ्यो भनेर बिललाई सावधान समेत गराएँ।

तर बिल अझै रोकिन तयार थिएनन् ।

उनले ग्राण्टलाई उभिन भने, ऊ उभियो र त्यसपछि उनले उसलाई उसका खुट्टाका औंलाहरू छुन भने । मैले विश्वास गर्न सकिनँ, ग्राण्टले बिना कुनै हिच्किचाहट भनेबमोजिम गऱ्यो । बिरामीको समयमा ऊ आफ्नो बगलमा आफ्ना हात राखेर उभिँदा हरेक हातलाई उसले आफ्ना खुट्टाको तलतिर एक इन्च मात्र झुकाउन सक्थ्यो । अब ऊ आफ्ना खुट्टाका औंलाहरू छोइरहेको थियो ।

त्यसपछि बिलले ग्राण्टलाई एउटा सानो बालकलाई हिँड्न सिकाउँदा गर्नेजस्तै गरी कोठाको वरिपरि हिँडाउन सुरु गरे । उनले त्यसलाई कोठाको चारैतिर डोऱ्याए । अनि मेरो छोरो त्यहाँ भर्खर हिँड्न सिक्दै गरेको सानो बालकले आफ्नो बाबुलाई पछ्याउँदै कोठामा चारैतिर हिँडेजस्तै हिँडिरहेको थियो ।

ब्राएन सुँक्क सुँक्क गर्दै रोइरहेको थियो, र मेरो विचारमा म पनि रोइरहेकी थिएँ । यो सबै साँचो र वास्तविक नलागेपनि मैले बुझेँ, यो साँच्चै नै भइरहेको थियो । मैले धेरै उत्तेजित अनुभव गर्नुको साथै मेरो जीवनमा पहिलोपल्ट परमेश्वरलाई मानिसले सीमित गर्नु हुँदैन भनी आत्मसात गरेँ ।

मेरा सन्देहहरू अझै ममा थिए, तर ती चाँडै हट्दै थिए । बिलले उसलाई कोठाको वरिपरि डोऱ्याइरहँदा ब्राएन र म ऊ ढलेमा उसलाई समातेर सहारा दिनको लागि उत्सुकतापूर्वक उसको छेउमै उभिएका थियौं । मैले बुझेँ, कुनै अचम्मको कुरो, आश्चर्यजनक कार्य भइरहेको थियो । मैले अझै विचार गरेँ, यो स्वास्थ्यलाभ प्रकृयाको प्रारम्भ थियो र पूर्ण लाभको निम्ति केही समय लाग्नेछ ।

यथार्थमा तत्कालै मैले त्योभन्दा बढी वास्तवमा चाहेकी थिइनँ । मैले लोभी हुन चाहिनँ । तर बिलले आफ्नो काम अझै सिध्याएका थिएनन् ।

त्यसपछि उनले आफ्नो कार्यालयको ढोका खोले, र ग्राण्टलाई ऊ स्वागत कोठासम्म हिँडेर गइ फर्केर आउन मन पराउँछ भनी सोधे । बरण्डा करीब साठी मिटर लामो थियो र ऊ त्यति हिँडेर फर्किआउन राम्रैसँग सक्यो ।

*ऊ फर्केर आएपछि बिलले भने, "के तिमी दौडन चाहन्छौ ?" अनि ग्राण्ट दगुर्दै बरण्डाको अर्को छेउसम्म गइ फर्किआयो ।*

*यी सबै कुरा भइरहँदा कार्यालयको भूइँ हाम्रा आँसुहरूले भिजेर गिलो भयो, किनकि ब्राएन र म आनन्दले हर्षाश्रु बगाइरहेका थियौँ । म अनियन्त्रित थिएँ, र सुँक्क सुँक्क गरिरहेकी थिएँ ।*

*केही अघिसम्म बिल केही चिकित्सकजस्ता देखिएका थिए । अब मैले बिलको सहानुभूति र दया अनुभव गर्न लागेँ । अब उनी फेरि मानव थिए ।*

*धेरै निराश भई कुनै आशा बाँकी नरहेको अनुभव गर्नु, र त्यसपछि यस्तो विजय देख्नु एउटा असाधारण अनुभूति थियो । यो तपाईंले कहिल्यै शब्दमा वर्णन गर्न नसक्ने तर हामीसँग हाम्रो जीवनभरि रहिरहने कुनै कुरो थियो । आजका दिनसम्म यसबारे कुरा गर्दा म रून्छु । यो कति आश्चर्यजनक भयो भनी विचार मात्र गर्दा पनि म धेरै भावुक भएकी आफूलाई पाउँदछु ।*

*ग्राण्टले अलिकति धक मान्दै बरण्डाको दुवैतिरको दूरी दौडँदै पूरा गऱ्यो । उसले हल्का अप्ठ्यारो अनुभव गरे जस्तो देखिन्थ्यो । त्यति हुँदाहुँदै पनि ऊ आनन्दित थियो । उसको अनुहार केही पहेंलो देखिए पनि यो चम्केको थियो ।*

*ऊ निको भएको थियो । परमेश्वरले उसलाई निको पार्नुभएको थियो । परमेश्वर जीवित हुनुहुन्थ्यो, र बीसौं शताब्दीमा पनि काम गरिरहनुभएको थियो । यो चकित तुल्याउने खोज थियो ।*

*आधुनिक संसारमा परमेश्वरले काम गरिरहनुभएको सच्चाइ त्यहाँ काम गर्ने एकजनाले कार्यालयभित्र यसो हेरेर यति मात्र भन्दा प्रकट भएको थियो, "ओहो, फेरि अर्को आश्चर्यकाम, प्रभुको प्रशंसा होस्" यति भनेर ऊ हिँडिहाल्यो ।*

*उसको लागि यो सामान्य स्थल थियो, र हरबखत यस्तै आश्चर्यकर्म देखिरहन्थ्यो । हाम्रा निम्ति चाहिँ यो जीवनको अति आश्चर्यजनक कुरो, हाम्रो विचार र शिक्षामा पूर्ण क्रान्ति थियो ।*

*अनि त्यसपछि, बिल दिउँसोको भोजनमा एक दुईओटा स्याण्डबीच खान्छु भन्दै कोठाबाट एक्कासी गए । मैले उनलाई अँगालो मार्न*

*चाहेकी थिएँ र उनलाई धन्यवाद दिन पनि, तर त्यसबेलाको घटनातिर फर्केर हेर्दा मैले बुझें त्यसो गर्नुको अर्थ मैले परमेश्वरलाई होइन उनलाई महिमा दिइरहेकी हुन्थें ।*

*मैले मेरो घडीमा हेरें, यस बेला १२:४५ बजेको थियो । हाम्रो जीवन उलटफेर हुन जम्मा पैतालीस मिनट लागेको थियो । ग्राण्ट निको पारिएको थियो र हाम्रो जीवन फेरि उस्तै कहिल्यै हुनेवाला थिएन ।*

*अब म आश्चर्यकामहरूमा विश्वास गर्दछु ।*

दुई वर्षपछि एउटा पर्वतको छेउबाट हिउँमा चिप्लेटी खेलिरहेको बेला ठुलो सोरमा बोलेको मैले एउटा आवाज सुनें, “अभिवादन महाशय सुब्रिज्की ।” यो आवाज पर्वतको तलतिर तीव्र गतिमा चिप्लेटी खेल्दै गइरहेको ग्राण्टको थियो । ग्राण्टले आफ्नो आश्चर्यकाम प्राप्त गरेको बीस वर्ष बितिसकेको छ । ऊ अझै पूर्ण चंगाईको अवस्थामा छ ।

## तेह्रौं अध्याय
# आत्माहरू छुट्याउने वरदान

*"... कसैलाई आत्माहरू छुट्याउन सक्ने ..."* (१कोरिन्थी १२:१०)।

म विश्वास गर्दछु, आत्माहरू छुट्याउने वरदानलाई कुनै मानिसलाई आक्रमण गरिरहेका वा कुनै परिस्थितिमा संलग्न आत्माहरूबारे आएको विचार, छाप वा दर्शन प्रकाश, वा परमेश्वरबाट सीधै आएको सुनिने वाणी भनेर राम्रोसँग वर्णन गर्नसकिन्छ।

आत्माहरू छुट्याउने वरदान क्रिश्चियन सेवकाईको लागि धेरै महत्वपूर्ण छ । यो भूतहरू धपाउनुसँग जोडिएको छ । के तपाईं बुझ्नु हुन्छ, येशूले आफ्ना चेलाहरूलाई भूतहरू निकाल्ने काम नसुम्पिकन उनीहरूलाई बिरामीहरूको निम्ति मात्र प्रार्थना गर्ने आज्ञा कहिल्यै दिनु भएन।

म विश्वास गर्दछु, परमेश्वरको वचनको अधिकारमा उभिने सेवकाई र यसलाई भूतात्माको शक्ति विरूद्ध प्रयोग गर्न पर्याप्त रूपमा विश्वास गर्ने सेवकाई हामी हरेकको निम्ति हो । भूतहरू धपाउने सेवकाई हामी प्रत्येकको निम्ति हो भनेर म भनिरहेको छैन, तर परमेश्वरको वचनमा खडा हुने र यसलाई भूतात्माको शक्ति विरूद्ध प्रयोग गर्न विश्वास गर्ने सेवकाई हामी सबैका निम्ति हो।

एक रात प्रार्थना सभामा उपस्थित एकजना भाइले मसँग भने, "दाज्यू, प्रभुले तपाईंलाई आत्माहरू छुट्याउने वरदान दिइरहनुभएको छ।" मलाई त्यसप्रकारले उत्साह दिएका यी भाइको निम्ति म परमेश्वरलाई धन्यवाद दिन्छु। त्यस उप्रान्त मैले अभ्यासद्वारा प्रभुको वरदानलाई उन्नत (विकास) गर्न सुरु गरेँ । मानिसहरूसँग प्रार्थना गर्दा मैले भेट्टाएँ, पवित्र आत्माले मलाई तिनीहरूमध्ये केहीमाथि नियन्त्रण गरेका विभिन्न भूतहरू वा

आत्माहरू देखाउनुहुन्थ्यो । यसर्थ मैले यो खास सेवकाईमा प्रशस्त गहिराइमा अगाडि जान सुरु गरेँ ।

तथापि, एउटा सन्तुलन आवश्यक छ । तर मैले कहिल्यै नबिर्सेको एउटा पाठ सिकेँ । त्यो के हो भने म परमेश्वरको वचनबाट कुनै पद, हो, कुनै पनि पद ग्रहण गर्न सक्छु र भूत लागेको कुनै व्यक्तिलाई भन्न सक्छु । अनि भूतले आफूलाई प्रस्फुटन गरेपछि यसले एकै किसिमले भन्नेछ, "म यसलाई सुन्न चाहन्न, म यसलाई सुन्न चाहन्नँ, म यसलाई सुन्नै चाहन्नँ ।"

यो परमेश्वरको वचनको सत्यताको एउटा थप प्रमाण हो । तपाईंले आत्माहरू चिनेर प्रार्थना गर्नुभएपछि तपाईंसँग तपाईको हृदयमा पूर्ण विश्वास हुनुपर्दछ । तपाईंसँग विश्वास छैन भने तपाईंले सर्वप्रथम भूतबाट चुनौती पाउनुहुनेछ ।

म प्रकाशबाट यो पद उदाहरण गर्न मन पराउँदछु,

***"मृत्यु र पाताल अग्नि कुण्डमा फालिए । यो अग्नि कुण्ड दोस्रो मृत्यु हो"*** (प्रकाश २०:१४) ।

म भूतलाई तँ यसै ठाउँमा गइरहेछस भनेर भन्दछु ।

फिजीमा म र एकजना पास्टर एक युवा दम्पत्तिको निम्ति प्रार्थना गरिरहेका थियौं । केटीले राम्रैसँग पवित्र आत्मामा बप्तिस्मा पाइन् । तर पुरुषसँग प्रशस्त समस्याहरू थिए । पवित्र आत्माले उसको जीवनसँग व्यवहार गर्न अझै बाँकी एउटा हिन्दी आत्मा थियो भनेर मलाई प्रकट गर्नुभएको थियो । प्रार्थना गरिरहेकै समयमा हामीले सेवकाई गरिरहेका थाहा पाएका मण्डलीका मानिसहरूले गीत गाउन सुरु गरे । केही बेरपछि हामी तिनीहरूलाई यो गीत गाइरहेका सुन्यौं, *"येशूको नाउँमा भूतहरू भाग्नै पर्दछ ।"* तिनीहरूले यो गीत ठूलो जोशसाथ गाउँदा त्यो युवक अगाडि र पछाडि हल्लिन थाल्यो । उसको मुखबाट त्यही लयमा गाउँदै एउटा आवाज आयो । मैले बुझेँ यो त्यो केटो थिएन, मैले थाहा पाए, यो आत्मा थियो ।

मैले सोधेँ, "तँ यहाँ के गरिरहेछस् ?"

आत्माले जवाफ दियो, "यो मलाई मन पर्ने धुन हो ।"

अब, म बुझ्दछु, हामीले भूतहरूसँग कति पनि कुरा गर्नुहुँदैन, नता म यसको अभ्यास गर्दछु । तर त्यो आत्माले मलाई भनेको कुरो यो हो, “यो उसलाई मन पर्ने धुन हो, येशूको नाउँमा भूतहरूले भाग्नै पर्दछ ।” त्यसपछि मैले अचानक बुझेँ, यस भूतले धेरै अविश्वासी क्रिश्चियनहरूलाई “येशूको नाउँमा भूतहरू भाग्नै पर्दछ” गाएको सुनेको थियो, जसले गर्दा ऊ त्यस उप्रान्त डराएको थिएन, र यसलाई उसको मन पर्ने धुन समेत बनाएको थियो । हामी आफूले गरिरहेका कुरामा हामीले विश्वास गर्नुपर्दछ ।

त्यस भूतले आफ्नो नाउँ बतायो । त्यो फिजीको ‘शार्क’ देवता थियो । अनि जवान मानिसले येशूकै नाउँमा पूर्ण छुटकारा पायो ।

मैले यो विवरण यी सेवकाईहरूमा ठीक आत्मिक चिनाइको खाँचोमा बल दिन दिएको हुँ । याकूब २:१९ अनुसार भूतहरू पनि परमेश्वरमा विश्वास गर्दछन् । तर येशू ख्रीष्टलाई प्रभु र उद्धारकर्ताको रूपमा ग्रहण गर्नु आत्मिक प्रतिबद्धताको बिल्कुलै भिन्न नाप हो । काममा वचनमाथि आधारित पूर्ण ख्रीष्ट केन्द्रित विश्वास आत्माहरू छुट्याउनुमा अनिवार्य हुन्छ ।

आत्माहरू छुट्याउने एउटा वरदान हो, जसबाट पवित्र आत्माले कुनै अवस्थाको सन्दर्भमा तपाईभित्र स्पष्टसँग अप्ठ्यारोपन सृजना गर्न सुरु गर्नुहुन्छ । जसै तपाईं परमेश्वरको लागि प्रतीक्षा गर्नुहुन्छ, , त्यहाँ कुनै मानिसभित्र  त्याग, डरको आत्मा छ वा कुनै अर्को आत्माले काम गरिरहेछ भनी तपाईं अनुभव गर्नुहुनेछ । त्यसपछि त्यहाँ निश्चय नै छुटकाराको सेवकाईको खाँचो हुन्छ ।

यस वरदानको उपयोगको सम्बन्धमा धर्मशास्त्रबाट लिएको एउटा उदाहरण निम्नबमोजिम छ,

*“जब हामी प्रार्थना गर्ने ठाउँमा गइरहेका थियौँ, तब जोखना हेर्ने आत्मा भएकी एउटी कमारी केटीसँग हाम्रो भेट भयो, जसले जोखना हेरेर त्यसका मालिकहरूका निम्ति धेरै कमाइ गरिदिन्थी । त्यो पावल र हाम्रा पछिपछि लागि, र यसो भन्दै चिच्याइ, “यी मानिसहरू सर्वोच्च परमेश्वरका सेवकहरू हुन् । यिनीहरूले तिमीहरूलाई मुक्तिका बाटोको घोषणा*

*गर्छन् ।" त्यसले धेरै दिनसम्म यसो गरिरही । तब पावलले झिँजो मानेर फनक्क फर्की त्यस दुष्टात्मालाई भने, "येशू ख्रीष्टको नाउँमा म तँलाई त्यसबाट निस्कने आज्ञा गर्दछु ।" अनि त्यो दुष्टात्मा त्यही घडी निस्किहाल्यो"* (प्रेरित १६:१६-१८) ।

पावलले त्यस केटीभित्र भएको जोखना हेर्ने आत्मालाई चिने । हामी कुनै बिरामी मानिससँग उभिएपछि धेरैपल्ट बिरामीको कारण एउटा शैतानी शक्ति हो भनी चिन्दछौं । पूर्वोक्त भनाइबमोजिम येशूले आफ्ना चेलाहरूलाई भूतहरू धपाउने आज्ञा नगरिकन उनीहरूलाई बिरामीहरूको निम्ति प्रार्थना गर्न कहिल्यै भन्नुभएन । आत्माहरू छुट्याउनु चंगाईको सेवकाईको एउटा महत्वपूर्ण अंग हो ।

मानिसहरूले अरूलाई क्षमा गरिसकेका भए तापनि उनीहरूले तिनीहरूविरूद्ध प्रायः तीतोपन पालेर राखेपछि तीतोपनको आत्मा तिनीहरूका प्राणमा अझै टाँसिएर रहिरहेको हुन्छ । त्यस मानिसले कटुताको लागि पश्चाताप गरिसकेको हुनसक्छ, तर कटुताको आत्माले केही शारीरिक समस्याहरू उत्पन्न गर्दै आफू अझै त्यहाँ उपस्थित रहिरहनसक्छ । पवित्र आत्माले त्यसलाई प्रकट गर्नुहुँदा म कटुताको आत्मालाई निस्कने आज्ञा गर्दछु, र मानिस पश्चातापको विचारमा कायम रहेमा त्यो आत्मा जान्छ र चंगाई पूरा हुन्छ । यो वातरोग र समान स्थितिका घटनाहरूमा विशेष तवरमा महत्वपूर्ण हुन्छ ।

हामी छुटकाराको सेवकाईमा वास्तवमा संलग्न भएपछि प्रधान भूतलाई चिन्न र "घरको चोख्याइ" (मानिसको चोख्याइ) भएको वा नभएको सो पनि छुट्याउन आत्माहरू छुट्याउने सेवकाइ साह्रै उपयोगी हुन्छ । पवित्र आत्माले आत्माहरू छुट्याउने वरदानद्वारा मानिससँग संलग्न हुनसक्ने धेरै भूतहरूका नाउँहरू हाम्रो मनमा ल्याउनुहुन्छ, र तिनको नाउँ काढेर बोलाएपछि भूतहरूले आफूलाई प्रस्फुटन गर्नेछन् ।

आफ्ना मण्डलीका एउटा खम्बा र अन्दाजी चालीस वर्षका एक जना मानिस मकहाँ ल्याइएका म राम्ररी सम्झन्छु । उनले अन्य भाषाहरूमा बोल्ने, पवित्र आत्मामा बप्तिस्मा पाएको र प्रार्थना सभाको अगुवा भएको

आफूलाई एक क्रिश्चियनको रूपमा दाबी गरे । उनले मसँग भने, उनले आफ्नो दलको अगुवाई गरेपिच्छे कुनै कुराले उनको वाणीमाथि नियन्त्रण गरेको देखियो, र उनी गीतको स्वरलाई निकै जोडले माथि तल गरेर गाउँथे ।

जसै मैले प्रभुलाई पर्खेर बसेँ, उनकी आमाले उनलाई तुहाउने कोसिस गरेकी थिइन् भनेर पवित्र आत्माले मलाई देखाउनुभयो । मैले  गर्भपातको आत्मालाई उनीबाट निस्कने आज्ञा गरेँ, अनि यी मानिस पेटको बच्चाजस्तै गुँडुल्किदै भूइँमा पसारिए र गर्भपातको आत्मा उनीबाट चिच्याउँदै बाहिर निस्क्यो । उनले यस भूतबाट छुटकारा पाए र अन्तमा उनी पूर्ण रूपमा चोख्याइएपछि अरू भूतहरू पनि उनीबाट बाहिर निस्के ।

बेला बेलामा भूतहरूले क्रिश्चियनहरू र संस्थाहरूलाई पेल्दछन् । सिंगापुरमा एंग्लिकन विशप चुइको अधिकारमुनि म उनका केही पास्टरहरू (क्लर्जी) सँग एउटा शैक्षिक सत्रको अगुवाइ गरिरहेको थिएँ । छलफलको क्रममा एक ईश्वरभक्त र भद्र मानिस ती विशपले भने, उनको विश्वासमा मण्डली (क्याथेड्रल) शैतानी आक्रमणको अधीनमा हुनसक्थ्यो । त्यसअघि मैले बोलिरहेको समयमा मैले यो कुरा छुट्याएको थिएँ, तर यो मुद्दा मैले यहाँ उठाउनै हुँदैन भन्ने मेरो बुझाई थियो ।

विशपले मसँग त्यो कुरा भन्दा मैले क्याथेड्रलमाथि विश्राम गरिरहेको तीन मिटर अग्लो मृत्युको दूतलाई मेरो आत्मामा देखेँ । मैले यसबारे विशपलाई बताएँ र उनले भने, “बिल, तिमीले भनिरहेका कुरामा विश्वास गर्न मलाई गाह्रो छैन । युद्धका वर्षहरूको समयमा जापानीहरूले सारा अस्ट्रेलियाली नर्सहरूलाई एक ठाउँमा जम्मा गरेर यस क्याथेड्रलको जमीनमा ल्याए, र तिनीहरूको यहीँ हत्या गरे । तिनीहरूका शरीरहरू यिनै जमीनहरूमा गाडिएका थिए, र युद्ध पश्चात खनेर निकालिए ।”

त्यति भनेपछि हामी बाहिर गएर यरीहो शहरमा भएको शैली अपनाउँदै क्याथेड्रलको चारैतिर घुम्यौं । नर्सहरू गाडिएका ठाउँमा हामी पुग्नासाथ ठूलो आँधी बेह्रीको आवाजजस्तै एउटा आवाज क्याथेड्रलको माथिको छेउबाट तल भूइँतिर आयो । यो पवित्र आत्माको हावा थियो । हामीले परमेश्वरमाथि भरोसा राखेकाले मैले मृत्युको दूतले क्याथेड्रलको गजुर छोडिरहेको र परमेश्वरका आत्माद्वारा तलतिर ल्याउँदै गरिएको

बोध गरें । आत्माको हावाले हामीसँगसँगै घुमिरहेका सबैमाथि ढाक्यो र त्यसको झोक्काले करीब करीब सबैलाई भूईंमा लोटायो । अनि हामीले बुझ्यौं, परमेश्वरले मृत्युको दूतलाई क्याथेड्रलबाट धपाउनुभएको थियो । शत्रुको जुवा भाँचिएपछि हामी सबैले ठूलो अभिषेकको बोध गऱ्यौं । त्यसपछि त्यहाँ ठूलो आनन्द भयो । महत्वपूर्ण के छ भने सिंगापुरको एंग्लिकन डायोसिस संसारको पहिलो एंग्लिकन डायोसिस (विशपको जिम्मामा रहेको जिल्ला) हो, जसमा डायोसिसभित्रका प्रत्येक मण्डली क्यारिसम्याटिक नवीकरणमा आए । मेरो विश्वास छ, यो क्याथेड्रलको चोख्याइ र मृत्युको दूतको पराजयको प्रत्यक्ष परिणाम थियो ।

क्यान्सरको रोगीको निम्ति प्रार्थना गर्दा म तिनका बारेमा प्रायः डरको आत्मा चिन्दछु । क्यान्सरको आत्मालाई हकार्नुअघि म डरको आत्मालाई त्यो मानिसबाट निस्कने आज्ञा दिन्छु । अनि येशूको नाउँमा ती आफै जसै त्यसलाई त्यागदछन्, पवित्र आत्मा क्यान्सरको बाँकी रहेको आत्मालाई छुन र व्यवहार गर्न योग्य हुनुहुन्छ ।

सारमा भन्नु पर्दा, आत्माहरू छुट्याउने वरदानमा काम गर्नको लागि हामीले हाम्रा हृदय र मनलाई परमेश्वरका आत्मामा अर्पण गर्नुपर्दछ । हामीले त्यसो गरेपछि उहाँले हाम्रा आत्मामा एउटा अप्ठ्यारोपन सक्रिय तुल्याइदिनुहुन्छ, र हाम्रो मनमा एउटा विचार वा छाप ल्याउनुहुन्छ । त्यो विचार वा छापलाई हामीले विश्वासमा बोलेपछि पवित्र आत्माले त्यसलाई पुष्टि गर्नुभएको हामी पाउनेछौं ।

पवित्र आत्मा मलाई प्रायः कुनै मानिसले व्यभिचार गर्दै आइरहेको छ वा हस्तमैथुन गर्दैआएको छ भनी देखाउनुहुन्छ । म तिनीहरूलाई एकातिर लैजान्छु र यसबारे तिनलाई सामना गराउँदछु । कहिलेकाहिँ सुरुमा तिनीहरू अस्वीकार गर्दछन्, तर त्यसपछि दोषी अनुभव गर्दै ती त्यसलाई स्वीकार गर्दछन् । तिनीहरूले यी पापहरू स्वीकार गरी तिनको त्याग गरेपछि हामी व्यभिचारको आत्मा वा हस्तमैथुनको आत्मालाई छोड्ने आदेश दिन्छौं, अनि मानिसहरू मुक्त हुन्छन् ।

हाम्रो शरीरलाई नियन्त्रण गर्न दिने हो भने हस्तमैथुनले आफूसँग अरू अशुद्ध आदत र वासनाहरू ल्याउँछ, जसलाई हामी वशमा राख्न सक्दैनौं । हामी सधैं सचेत हुनुपर्दछ, हामी आत्मिक राज्यमा र आत्मिक शक्तिहरू

विरूद्ध काम गरिरहेछौं । परमेश्वर हामीलाई शत्रुका काम छुट्याउन र बन्दीहरूलाई मुक्त गराउन हामीलाई सक्षम तुल्याउन आत्माहरू छुट्याउने वरदान दिनुहुन्छ । तपाईं प्रेममय क्रिश्चियनहरूको झुण्डसँग भएर यो वरदान अभ्यास गरिरहनुभएको छ भने तपाईंले परमेश्वरका आत्मालाई कुनै परिस्थितिको सम्बन्धमा आफ्नो हृदय र मनमा कुनै कुराको छाप लगाउन दिनुभएमा भेलामा उपस्थित कुनै मानिसलाई दुःखकष्ट दिइरहेको वा सताइरहेको हुनसक्ने कुनै पनि आत्मालाई तपाईं चिन्नुहुनेछ । पवित्र आत्माले त्यस आत्माको नाउँ तपाईंको मनमा ल्याउनुहुनेछ । अनि तपाईं खुला मन र प्रेममा अगाडि बढ्नुभएपछि त्यस आत्माबाट सताइएको मानिसले तपाईंले भनेका कुरामा तुरून्त सहमति जनाउनेछ । निश्चय नै संवेदनशीलता र बुद्धि कायम राख्नु पर्दछ ।

हामीले कुनै मानिसको निम्ति छुटकाराको प्रार्थना गरेपछि येशू ख्रीष्टमा हामीसँग भएको अधिकारलाई सधैं स्मरण गर्नुपर्दछ । लूकाको सातौं अध्यायमा हामी येशू ख्रीष्टको अधिकारलाई स्पष्टसँग पहिचान गर्ने एकजना कप्तानको कथा पढ्दछौं ।

*"मैले आफैलाई पनि तपाईंकहाँ आउने योग्यको ठानिनँ । तर वचन भनिदिनुहोस्, र मेरो चाकर निको हुनेछ । किनकि म पनि अख्तियारमुनि बस्ने मानिस हुँ, अनि मेरो अधीनमा सिपाहीहरू छन् । म एउटालाई "जा" भन्छु, अनि त्यो जान्छ, र अर्कालाई "आइज" भन्छु, अनि त्यो आउँछ । मेरो कमारालाई "यो गर्" भन्छु, अनि त्यसले गर्छ । तिनको यो कुरा सुनेर येशू तिनीसँग आश्चर्यचकित हुनुभयो, र फर्केर आफूपछि आउने भीडलाई भन्नुभयो, "म तिमीहरूलाई भन्दछु, मैले इस्राएलमा पनि यस्तो विश्वास देखेको छैनँ"* (लूका ७:७-९) ।

अधिकारको क्रम धर्मशास्त्रमा स्पष्टसँग स्थापित गरिएको छ, जसअनुसार सबैभन्दा माथि परमेश्वर, त्यसपछि येशू, अनि पुरुष, स्त्री र त्यसपछि बालक । हामी अधिकारको यो सही क्रममा काम गरिरहेछौं भने शैतानी शक्तिहरूले यसलाई बुझ्नेछन्, र त्यो अधिकारको अधीनमा

आउनेछन् । म तीस वर्षभन्दा बढी समयदेखि छुटकाराको सेवकाईमा संलग्न हुँदै आएको छु र म पाउँदछु, येशू ख्रीष्टमा अधिकार बुझ्नु छुटकाराको सफल सेवकाईको रहस्य खोल्ने कुरो हो । शैतानी शक्तिहरूले येशू ख्रीष्टमा हाम्रो अधिकार पहिचान गरेपछि ती हाम्रा अधीनमा हुन्छन् ।

याद गर्नुहोस्, हामीले रोमी ६:१३ अनुसार हाम्रा शरीरलाई धार्मिकताका हतियारहरूको रूपमा अर्पण गरेका र प्रभुतर्फ साँच्चै फर्केका हुनसक्छौँ, र पनि यी आत्माहरूले रोगहरू ल्याउँदै हामीलाई अझै थिचोमिचो गरिरहेका वा हामीलाई यातना दिन खोजिरहेका हुनसक्छन् ।

यसर्थ पवित्र आत्माले ख्रीष्टको शरीरमा आत्माहरू छुट्याउने वरदान र छुटकाराको सेवकाई राख्नुभएको छ, ताकि हामी शत्रुका सारा अग्नि वाणहरूलाई निभाउन सकौं ।

चौधौं अध्याय

# अन्य भाषाहरू बोल्नु

*"कसैलाई भिन्न भिन्न किसिमका भाषाहरू बोल्ने ...."* (१कोरिन्थी १२:१०)।

सार्वजनिक सेवकाईको खातिर भिन्न भिन्न किसिमका भाषाहरू बोल्ने वरदान एउटा सुन्दर वरदान हो, र यसले पनि ख्रीष्टको शरीरको आत्मिक वृद्धि गर्नुपर्दछ।

पावल भन्छन्,

*"तिमीहरू सबै अन्य भाषामा बोल भन्ने म चाहन्छु, तर त्यसभन्दा अझ बढी तिमीहरूले अगमवाणी बोलेका म चाहन्छु। मण्डलीको आत्मिक वृद्धिको निम्ति कसैले अर्थ खोलिदिएन भने अन्य भाषामा बोल्नेभन्दा अगमवाणी बोल्ने श्रेष्ठ हो"* (१कोरिन्थी १४:५)।

यसकारण अन्य भाषाहरूमा सन्देश बोलेपछि त्यसको अर्थ खोलिदिने व्यक्ति उपस्थित हुनु महत्वपूर्ण हुन्छ, अन्यथा त्यहाँ भ्रम उत्पन्न हुनेछ। पावल भन्छन्,

*"कसैले अन्य भाषामा बोल्छ भने दुई जनाले मात्र अथवा बढीमा तीन जनासमेतले पालोसँग बोलून्, र एकजनाले त्यसको अर्थ खोलोस्। तर अर्थ खोल्ने त्यहाँ कोही नभए बोल्ने मानिस मण्डलीको सभामा चूप रहोस्, र त्यो आफैसँग र परमेश्वरसँग बोलोस्"* (१कोरिन्थी १४:२७-२८)।

यसकारण अन्य भाषामा सन्देश दिंदा एकजनाले एकपल्ट गरी पालैपालोसँग दिनु, र अर्थ खोल्ने कममा एकजना मानिस उपस्थित हुनु महत्वपूर्ण हुन्छ। धर्मशास्त्रीय रूपमा के देखिन्छ भने कुनै पनि सभामा बढीमा दुई वा तीन जनाले मात्र अन्य भाषामा बोल्नु पर्दछ।

अन्य भाषामा बोल्नका लागि यहाँ फेरि प्रोत्साहनको आवश्यकता पर्दछ । हामी हाम्रो सांसारिक मनका विचारहरूलाई एकातिर पन्छाएर उहाँलाई हामीसँग बोल्न दिनको लागि तिनलाई येशू ख्रीष्टमाथि केन्द्रित गर्न तयार छौं भने हामीले यस ढंगमा बोल्नु पर्दछ भनेर हाम्रा आत्मामा सास फुकिएको हामी अनुभव गर्नेछौं । सुरुमा हामीसँग बोल्नको लागि थोरै अक्षरहरू मात्र हुनसक्छ । हामीले बोल्न सुरु गरेपछि परमेश्वरले हामीलाई एउटा सन्देशले अभिषेक गर्नुहुन्छ, र पवित्र आत्माबाट सभा डोऱ्याइएपछि अर्थ खोलिनेछ । अर्थ खोल्ने कार्य सन्देश ल्याइरहेको मानिसबाट हुनसक्छ, वा यो अर्को मानिसबाट हुनसक्छ ।

मैले हाम्रै आफ्नै प्रार्थना सभाहरूलाई डोऱ्याउन सुरु गरेपछि पवित्र आत्माले हाम्रा माझमा उपस्थित एकजना मानिसलाई एउटा गीत दिनुभएको तथ्यबारे उहाँले मसँग बोल्नुभयो । यस सन्दर्भमा पवित्र आत्माले मेरो ध्यान खिँच्नुभएको एउटी स्त्रीलाई मैले उत्साह दिन सुरु गरें । अनि उनले पवित्र आत्मामा गाउन सुरु गरेपछि उनका कुराहरूमाथि अभिषेक आयो । त्यसपछि पवित्र आत्माले त्यहाँ दोस्रो र तेस्रो पदहरू भएको भनेर स्पष्ट निर्देशन दिनुभयो । अन्तमा पवित्र आत्माले मलाई मेरी बहिनीलाई त्यसको अंग्रेजीमा अर्थ खोलिदिन प्रोत्साहन गर्ने विश्वास दिनुभयो । उनले सिद्ध लय र अक्षरहरूमा त्यसो गरिन् । फलस्वरूप सभा अत्यन्त आशिषित थियो । यसरी प्रोत्साहित भएपछि यी महिलाले अरू सभाहरूमा सेवकाई सुरु गरिन्, र अब यस क्षेत्रमा शक्तिशाली सेवकाई गर्दैछिन् ।

हालै म पवित्र आत्माका वरदानहरूको विषयमा शिक्षा दिँदै युवा क्रिश्चियनहरूको एउटा सभामा थिएँ । केही त प्रभुमा आएका थोरै हप्ता मात्र भएको थियो । मैले तीमध्ये केहीलाई प्रभुले तिनीहरूलाई दिनुभएको नयाँ भाषामा बोल्न उत्साह दिएँ । हरेकपल्ट म अर्थ खोलिनको लागि प्रतीक्षा गरें । अन्य भाषामा दिइएको पहिलो सन्देशमा केही हिच्किचाहट थियो, र केही अक्षरहरू मात्र बोलिएको थियो, तर साहस आउनासाथ त्यस मानिसमाथि अभिषेक हुन सुरु भयो । त्यसको लगत्तै अंग्रेजीमा एउटा सुन्दर व्याख्या प्रस्तुत गरिएको थियो । अर्थ खोलिरहेको मानिस प्रभुकहाँ

आउनुपूर्व पापको गहिरो खाडलमा जीवन जिइरहेको ऊ एक युवा थियो, तर अभिषेक निर्विवाद रूपमा उसैमाथि थियो।

मण्डलीका पास्टरले अविश्वासमा आफ्नो टाउको हल्लाए । परमेश्वरले उहाँमा यस्तो एक नयाँ प्राणीद्वारा यति सहज रूपमा काम गर्नसक्नुहुन्थ्यो भनी विश्वास गर्न पवित्र आत्माले भरिएका भए तापनि उनलाई र अरूहरूलाई समेत कठीन भयो। होइन, हामीले वरदानहरूमा काम गर्न महान् शिक्षा प्राप्त गरेका वा महान् गुणका मानिसहरू हुनु आवश्यक छैन। हामीले प्रभुमाथि विश्वास गर्नु र उहाँले हामीलाई दिनुहुने कुरामा विश्वासी मात्र हुनुपर्छ।

प्रभु तपाईंलाई यस वरदानमा काम गराउने इच्छा गर्नुहुन्छ भनी तपाईं विश्वास गर्नुहुन्छ भने तपाईंलाई एउटा सल्लाह छ, तपाईं पवित्र आत्मामा शान्तिपूर्वक प्रार्थना गर्नुहोस्, ताकि अरू कुनै मानिसले तपाईंलाई सुन्न नसकोस् । अनि अवसरले आफूलाई प्रस्तुत गरेपछि, र यो परमेश्वरको इच्छा भएको तपाईंले विश्वास गरेपछि सन्देश अन्य भाषामा बोल्नुहोस् । यहाँ फेरि एउटा सानो प्रेममय प्रार्थना दलसँग काम गर्नु आश्चर्यजनक हुन्छ, किनकि तिनले तपाईंलाई यो वरदान विकसित गर्न मदत गर्नसक्छन्। तपाईं अन्य भाषामा थोरै अक्षरहरू मात्र भक्भकाउँदै उच्चारण गर्नसक्नुहुन्छ, तर यो त एउटा प्रारम्भ, अर्थात सुरु हो। यदि यस क्षेत्रमा महान् वृद्धि ल्याउने हो भने पवित्र आत्माका वरदानहरूमा प्रोत्साहन अति आवश्यक हुन्छ । हाम्रा वरिपरि हुनेहरूप्रतिको प्रेम र सुर्ताले हाम्रा माझमा विश्वास र प्रेमको फूल प्रशस्त मात्रामा फुलाउन र उन्नत गराउन सक्छ।

म विश्वास गर्दछु, अगाडिका बाइबलीय अंशहरू अन्य भाषामा बोल्ने वरदानको सार्वजनिक सेवकाईको निम्ति प्राथमिक रूपमा दिइएका हुन् भनी बुझ्नु सजिलो छ, अर्थात परमेश्वरले एउटा अज्ञात भाषामा अगमवाणीको कुरा ल्याउनको लागि तपाईंमा छाप लगाउनुहुन्छ । यस स्थितिमा अधिकांश मानिसहरूले सबैको अगाडि सन्देश बोल्दा तिनीहरूमा परमेश्वरको अभिषेकको बोध हुन्छ। यो सार्वजनिक प्रकटन हो। सन्देश अन्य भाषामा आएपछि त्यहाँ निश्चय नै अर्थ खोलिनु पर्दछ । हामीलाई भनिएको छ, सभाहरूमा यस किसिमका तीन सन्देशहरू मात्र हुनुपर्दछ।

*"कसैले अन्य भाषामा बोल्छ भने दुईजनाले मात्र अथवा बढीमा तीन जनासमेतले पालोसँग बोलून्, र एकजनाले त्यसको अर्थ खोलोस्"* (१कोरिन्थी १४:२७)।

हामी कति अनुपातमा नियमबद्ध हुनुपर्दछ मलाई थाहा छैन, तर पावल १कोरिन्थी १४ मा यही भनेका देखिन्छन् (नत्रता तपाईं रातभरि अन्य भाषामा सन्देश बोलिरहन सक्नुहुन्छ)। साथै मेरो दृष्टिकोण छ, हरेक सन्देशपछि त्यहाँ त्यसको अर्थ खोलिनु पर्दछ। अन्यथा त्यहाँ भ्रम उत्पन्न हुन्छ। यसकारण सन्देश बोलिरहने मानिसले नै अर्थ खोलिदिन सक्छ, वा यो अर्को मानिसबाट आउन सक्छ। यहाँ पनि परमेश्वरको प्रतीक्षा गर्नु र उहाँमाथि भरोसा राख्नुको प्रश्न मात्र हो । उहाँले तपाईंसँग बोलिरहनुभएको तपाईं विश्वास गर्नुहुन्छ भने उहाँको निर्देशनअनुसार बोल्नुहोस्।

कहिलेकाहिँ मानिसहरूले यस वरदानमा काम गरेपछि तिनीहरू थोरै अक्षरहरू मात्र उच्चारण गर्दछन्, र त्यसपछि चूप लाग्छन्। थप बोल्नको लागि अरूहरूले तिनीहरूलाई प्रोत्साहन दिनुपर्दछ, अनि परमेश्वरले तिनीहरूलाई अभिषेक गर्नुहुन्छ। सन्देश एउटै अक्षर प्रयोग गरी बारम्बार दोहोऱ्याइँदैछ भने स्पष्ट छ, परमेश्वरले तिनीहरूलाई बोल्न भनेर दिनुभएको अरू कुराहरू तिनीहरूले बोलेका पक्का गर्न हामीले उत्साहका नम्र कुरा भन्नुपर्दछ।

यस अध्यायको सुरुमा मैले भनेबमोजिम १कोरिन्थी १२:१० मा उल्लेख गरिएको भिन्न भिन्न किसिमका भाषाहरूमा बोल्ने वरदान सार्वजनिक सेवकाईको निम्ति हो । यसलाई ख्रीष्टको शरीरको आत्मिक वृद्धि र उच्चतामा निर्माणको लागि प्रयोग गर्नुपर्दछ । मण्डलीको खातिर परमेश्वरले कुनै मानिसलाई अन्य भाषामा सन्देश दिनुभएपछि यसको अर्थ खोल्न सकिन्छ। त्यसो गर्नको लागि हामीले पवित्र आत्मामा बप्तिस्मा पाउनु जरूरी हुन्छ।

तपाईंले यो अनुभव कहिल्यै प्राप्त गर्नुभएको छैन भने म तपाईंलाई यस्तो सल्लाह दिनसक्छु,

पवित्र आत्माको बप्तिस्माको लागि कसरी माग गर्ने

- प्रभुको सामुन्ने घुँडा टेक्नुहोस्, आफ्ना सारा पापहरू स्वीकार गर्नुहोस् र परमेश्वरको क्षमादान प्राप्त गर्नुहोस्।
- येशू ख्रीष्टलाई प्रभु र उद्धारकर्ताको रूपमा ग्रहण गर्नुहोस्।
- तपाईको पक्षबाट वा तपाईंका आमा बाबुको पक्षबाट वा पुर्खाहरूको पक्षबाट गुप्तविद्याको कुनै क्षेत्रहरूमा भएको संलग्नताबारे पवित्र आत्मालाई तपाईंलाई याद गराउन दिनुहोस् । अनि येशूको नाउँमा त्यो संलग्नतालाई त्याग्नुहोस्।
- परमेश्वरको वचन पूर्ण सत्य छ, र तपाईंले विश्वास गर्नुभएपछि परमेश्वरले येशू ख्रीष्टद्वारा तपाईलाई यो महान आशिष दिनुहुनेछ भनी आफ्नो हृदयमा विश्वास गर्नुहोस्।
- यस किसिमको एउटा सरल प्रार्थना गर्नुहोस्।

  *"स्वर्गमा हुनुहुने प्रिय पिता, येशूको नाउँमा म मेरा सारा पापहरू (ती पापहरूको नाउँ लिनुहोस्) त्यागदछु, र म मेरो आफ्नै पक्षबाट वा मेरा आमा बाबु वा पुर्खाहरूको पक्षबाट गुप्तविद्या वा तन्त्रमन्त्रमा गरिएका सारा संलग्नतालाई विशेष रूपमा त्यागदछु। म सारा डर, अविश्वास र मेरो मनको कुनै पनि अवरोधलाई त्यागदछु । हे प्रभु येशू, पवित्र आत्मामा मलाई बप्तिस्मा दिन म तपाईंसँग प्रार्थना गर्दछु।"*

***कसरी ग्रहण गर्ने,***

तपाईं उभिरहनुभएको वा घुँडा टेकिरहनुभएको हुनसक्नुहुन्छ। हाम्रा आँखा बन्द गरेर येशूलाई परमेश्वरको दाहिने बाहुलीपट्टि बस्नुभएको र हामीमाथि पिताको प्रतिज्ञा खन्याउन तयार हुनुभएको विचार गर्नु असल हुन्छ। जसै हामी चूपचाप लागेर उहाँको प्रतिज्ञा गर्दछौं, र उहाँलाई यो काम गर्न दिन्छौं, हामी परमेश्वरको शान्ति अनुभव गर्न सुरु गर्दछौं।

हामी के भनिरहेछौं त्यो हामीले सुन्नु हुँदैन, तर परमेश्वरलाई हामीसँग एउटा नयाँ भाषा बोल्न दिनुपर्दछ। अनि हामी पाउँदछौं, पवित्र आत्माले

हामीलाई सहायता गर्नुभएपछि हाम्रो अन्तस्करणबाट बोलिहरूको जीवित पानीको नदी प्रवाहित हुनेछ,

*"तर जस-जसले मैले दिने पानी पिउँछ, त्यो कहिल्यै तिर्खाउनेछैन । जुन पानी म त्यसलाई दिनेछु, त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल बन्नेछ"* (यूहन्ना ४:१४) ।

हामीले येशू ख्रीष्टद्वारा परमेश्वरको सामुन्ने घुँडा टेकिरहेका र प्रार्थना गरिरहेका अवस्थामा राम्रोसँग बुझ्नुपर्दछ, हामीले पवित्र आत्मालाई उठ्न दियौँ भने उहाँ हाम्रो हृदयको गहिराइमा उठ्नुहुनेछ । उहाँ हाम्रा जिब्रामा नदीजस्तै आउनुहुनेछ, र हामीलाई हाम्रो नयाँ भाषामा बोल्न सहायता गर्नुहुनेछ ।

*हामीले कुनै कुरा गर्नुपर्दछ*

परमेश्वरले हामीलाई कुनै कुरा गर्न बाध्य गर्नुहुनेछैन । त्यसकारण हामीले अन्य भाषाहरू बोल्ने वरदानसँगसँगै हुने पवित्र आत्माको बप्तिस्मा ग्रहण गर्ने अपेक्षा गरिरहेका छौँ भने हामी सानो बालकजस्तै हुनुपर्दछ, र हाम्रा मुख खोलेर कुराहरू बोल्नु पर्दछ । आवश्यक भएमा हामी आफूले बनाउने कुराहरूबाट सुरु गर्नसक्छौँ । हामीले त्यसै गरेमा हाम्रो मन र जिब्रोबीचको डोरी काटिन्छ, र त्यस उप्रान्त हाम्रो जिब्रोमा आउने सारा कुराहरूमाथि हाम्रो मनले नियन्त्रण गर्दैन । हामी जसै साना बालकहरूजस्तै हुन्छौँ, र बालकजस्तै आवाजहरू निकालेर हाम्रा हृदय परमेश्वरतर्फ लगाइरहँदै येशू ख्रीष्टको निम्ति मूर्खहरूझैँ हुन्छौँ, पवित्र आत्मा हाम्रा जिब्रामा आउनुहुनेछ र हामीलाई नयाँ भाषामा बोल्ने वरदान दिनुहुनेछ ।

पन्ध्रौँ अध्याय

# अन्य भाषाहरूको अर्थ खोलिदिने

*"कसैलाईचाहिँ ती भाषाहरूको अर्थ खोलिदिने ..."* (१कोरिन्थी १२:१०)।

भिन्न भिन्न किसिमका भाषाहरूको अर्थ खोलिदिनुलाई परमेश्वरले हाम्रा हृदय र मनमा दिनुभएको विचार, छाप वा दर्शन प्रकाश, वा सीधै सुनिने वाणीको रूपमा वर्णन गर्नसकिन्छ। साथै यसलाई उहाँले हामीलाई दिइरहनुभएका कुराहरू, जसले हामीलाई एउटा नयाँ भाषाद्वारा कुनै सभामा अघिबाटै ल्याइएको सन्देशको अर्थ खोलिदिन्छ भनेर पनि भन्न सकिन्छ।

यस वरदानलाई ख्रीष्टको शरीर (मण्डली) भित्र प्रोत्साहनको माध्यमद्वारा काममा लगाउन सकिन्छ। अन्य भाषामा सन्देश दिइसकेपछि त्यसको अर्थ खोल्नको लागि यहाँ एकछिन रोकिनु पर्दछ।

यहाँ सभाको अगुवामा अर्थ खोलिदिने प्रावधान बुद्धिमानीसाथ जुटाइदिने ठूलो जिम्मेवारी हुन्छ। प्रायः परमेश्वरले यस कार्यको जिम्मा सभामा उपस्थित कुनै मानिसलाई दिनुभएको हुन्छ, र त्यस मानिसलाई त्यो सन्देश प्रकट गर्न केही प्रेरणाको दरकार पर्दछ।

हामीले स्मरण गर्नुपर्दछ, विभिन्न भाषाको अर्थ खोल्नु अनिवार्यतः सन्देशको अनुवाद होइन। मानिसहरूले यो ल्याइएको सन्देशको अक्षरशः अनुवाद हुनुपर्दछ भन्ने विश्वास गर्दै गलत ढंगले बुझ्दछन्। यो अनुवाद होइन, यो व्याख्या हो। तथापि, पवित्र आत्माका वरदानहरूमा विश्वास नगर्ने सभामा उपस्थित केही मानिसहरूले आफूले बुझेको कुनै भाषामा पहिले सन्देश सुन्दा र त्यसपछि सिद्ध अनुवादमा अर्थ खोलिएको सुन्दा छक्क परेका घटनाहरू मैले देखेको छु। परमेश्वर सीमित हुनुहुन्न, र पवित्र आत्मा आफूले इच्छा गरेअनुसार र उहाँको महिमाको लागि काम

गर्नुहुन्छ । उहाँले तपाईं वा अर्को मानिसमार्फत सिद्ध अनुवाद साँच्चै ल्याउन सक्नुहुन्छ भने अर्कोतिर यो प्रस्तुत गरिएको सत्यताको अर्थ खोलिएको मात्र हुनसक्छ।

केही युवा क्रिश्चियनहरू साहसमा अगाडि बढ्दा तिनीहरूले सुन्दर व्याख्या गरेका मैले सुनेको छु। परमेश्वर साहसी मानिसहरू चाहनुहुन्छ, र हामी जसै उहाँको साहस र प्रेममा काम गर्दछौं, र हामी उहाँको वचनमा विश्वासी र आज्ञाकारी हुन्छौं, उहाँले हामीलाई अभिषेक गर्नुहुन्छ।

अन्य भाषामा बोल्नु हाम्रो सांसारिक मनलाई उछिनेर पवित्र आत्माको सहायतामा परमेश्वरसँग हाम्रा आत्माले साँच्चै बोल्नु हो । म प्रभुमाथि प्रतीक्षा गर्नको लागि अन्य भाषामा बोलेका र तिनीहरूका मनमा आउने अंग्रेजी शब्दहरूले त्यसको अर्थ खोलेका मानिसहरूलाई प्रोत्साहन दिन्छु। धेरैपल्ट यो परमेश्वरले तिनीहरूलाई पवित्र आत्मामा दिनुभएको कुराको सुन्दर अर्थ हुन्छ।

अगमवाणी र व्याख्या मातृ भाषाको जुनसुकै रूपमा ल्याउन सकिन्छ। उदाहरणको निम्ति यो पुरानो शैलीको अंग्रेजीमा हुनु पर्दैन, तर "प्रभु यसो भन्नुहुन्छ" भनेर सरल शब्दहरूमा भन्न सकिन्छ। ठूला ठूला सार्वजनिक सभाहरूमा महान् सन्देशहरू दिइएका छन्, जहाँ परमेश्वरले धेरै उच्च स्वरमा अगमवाणी र व्याख्याका सामर्थी शब्दहरू प्रकट गर्न पात्रहरूलाई अभिषेक गर्नुभएको छ। यी कुराहरू सुनेर केही मानिसहरू आफूलाई यस वरदानमा काम गर्न अति कमजोर पात्र भएको विश्वास गर्दै त्रस्त भएका छन् । हामीले परमेश्वरलाई सार्वजनिक सभामा सेवकाईको यस रूपमा सीमित गर्नुहुँदैन । उहाँले दुई वा तीन जना मानिसहरूको सानो भेलामा त्यति नै सजिलोसँग आफ्नो मधुरो वाणीमा काम गर्नसक्नुहुन्छ, जसरी उहाँ दलको विनित सदस्यद्वारा शान्तसँग बोल्दै ठूला सभाहरूमा गर्नुहुन्छ।

परमेश्वरले नजिकै भएकाहरूका लागि ठूलो विश्वास र आशाको सन्देश ल्याउँदै कुनै पनि क्रिश्चियनमार्फत बोल्ने इच्छा गर्नसक्नुहुन्छ भनी एक अर्काको लागि प्रेममा हामी सधैं सचेत हुनुपर्दछ । तथ्यगत रूपमा परमेश्वरले भनिरहनुभएको कुरामा त्यो मानिस अति "व्यवसायिक"

अगमवक्ताभन्दा आत्मिक रूपले बढी लय मिलाउने भएको प्रायः हुनसक्छ।

हामीले अगमवाणी बोल्ने वरदानमुनि अघिबाटै चर्चा गरेअनुसार मानिसहरूलाई विभिन्न किसिमका भाषाहरूको अर्थ खोल्ने सेवकाईमा अगाडि बढ्न प्रोत्साहन दिनु महत्वपूर्ण हुन्छ। यहाँ पनि हामीले सुरु गर्न परमेश्वरमाथि भरोसा राख्नु आवश्यक हुन्छ। हामीले त्यसो गर्न हौसला पाएपछि पवित्र आत्माले हामीद्वारा बोल्न र अन्य भाषाको रूपमा पहिलेबाटै ल्याइसकिएको सन्देशको अर्थ खोलिदिन सक्नुहुन्छ । अन्य भाषामा दिइएका यी सन्देशहरू र तिनका व्याख्या प्रायः अगमवाणीको एउटा रूप हुन्छन्, र यसलाई ल्याउने मानिस वा सुनिरहेका मानिसहरूको सम्पूर्ण शरीर दुवैसँग सम्बन्धित सन्देश हुनसक्छन्।

परमेश्वर आफ्ना प्रजासँग बोल्न मन पराउनुहुन्छ। हामीले उहाँलाई मौका मात्र दिनुपर्दछ।

## सोह्रौं अध्याय
# सभाको लागि अगुवादल

सभाको अगुवाले पवित्र आत्मामा संवेदनशीलतापूर्वक काम गर्नु धेरै महत्वपूर्ण हुन्छ । हामीले परमेश्वर र उहाँको स्वरलाई धेरै ध्यान दिएर सुन्नु पर्दछ ।

परमेश्वरको लागि गाइएको गीत र प्रार्थना पवित्र आत्मामा ठूलो उच्चतामा पुगेपछि परमेश्वरले एउटा सन्देश ल्याउन चाहनुभएपछि पवित्र आत्मा दुःखी हुनुभएको मैले अनुभव गरेको छु । त्यो सन्देशलाई प्रतीक्षा गर्नुको सट्टा सभाको अगुवा अर्को गीतमा वेगसित पसेका हुन्छन्, चाहे त्यो प्रशंसा होस् वा उपासना, अनि अवसर हराएको हुन्छ । उचित समयमा मौन बस्नुसँग के खराबी छ त ? म निश्चित छु, सभाहरूमा अगुवाइ गरिरहेका केही मानिसहरू नीरवता, चूपचापको क्षण खराब हुनेछ भनी अनुभव गर्दछन्, वा सायद तिनीहरू यस्तो क्षणबाट डराउँछन् पनि ।

फेरि, केही अगुवाहरू सभामा पवित्र आत्माको क्रियाकलापबाट डराएका देखिन्छन् । कोही मानिसले अगमवाणीको गलत कुरा वा पवित्र आत्माबाट अभिषेक नगरिएको कुरा बोल्न सक्छ भनी सायद ती अनुभव गर्दछन् ।

मैले यस्तो परिस्थितिको प्रायः सामना गरेको छु । हामीले याद गर्नुपर्दछ, अगमवाणीको कुरा वा व्याख्या “अनात्मिक” राज्यमा उत्पत्ति हुनसक्छ, अर्थात मनको राज्यमा, नकि पवित्र आत्माको राज्यमा । यो पूर्ण असल र वैध कुरा हुनसक्छ, तर पवित्र आत्माको प्रत्यक्ष प्रेरणाबाट नभएर मानिसको दिमागबाट उठेको हुनसक्छ । यस्तो कुरालाई रोक्न म विशेष प्रयास गर्दिनँ, किनकि हामी पवित्र आत्मामा काम गर्न खोजिरहेको कुनै जवान क्रिश्चियनको विश्वासलाई धेरै सजिलोसँग क्षति पुऱ्याउन सक्छौं । अगमवाणी वा व्याख्याका कुराले परमेश्वरको वचनलाई खण्डन गरेमा

मात्र म त्यस मानिसलाई बोल्नबाट रोक्दछु । १कोरिन्थी १४:३ बमोजिम यसले आत्मिक वृद्धि, उत्साह र सान्त्वना दिँदैन बरू धर्मशास्त्रको सन्दर्भमा यसमा प्रशंसनीय केही नभइ दण्डाज्ञाको बलियो कुरो मात्र छ भने मेरो आफ्नै आत्माले त्यो कुराविरूद्ध गवाही दिन्छ ।

> *"तर अगमवाणी बोल्ने हरेकले मानिसहरूसँग नै बोल्दछ । तिनीहरूका आत्मिक वृद्धि, उत्साह र सान्त्वनाको निम्ति ऊ बोल्दछ"* (१कोरिन्थी १४:३) ।

विगत चौध वर्षको अवधिमा मैले सुनेका सयौँ सार्वजनिक सभाहरूमध्ये दुई घटनाहरूमा मात्र यस्तो काम गर्नुपरेको थियो ।

केही परिस्थितिहरूमा मण्डलीका अगुवाहरूले "व्यवसायिक अगमवक्ताहरूलाई" मात्र बोल्न दिन्छन् । म तिनीहरूलाई अपमानजनक हुने अभिप्रायबिना "व्यवसायिक" भन्दछु । तर व्यवहारमा प्रत्येक मानिसले यी मानिसहरूलाई १कोरिन्थी १२ मा उल्लेख गरिएको अगमवाणी बोल्ने वरदानकै अनुसार अगमवाणी बोल्ने रूपमा हेर्दछ, र तिनीहरू कुनै अर्को मानिसतिर हेर्दैनन् ।

मेरो विचारमा यहाँ अगमवाणी बोल्ने वरदान र अगमवक्ताको सेवकाईको बीचमा भ्रम छ । परमेश्वरको अनुग्रहमा केही मण्डलीहरूले "अगमवक्ताहरूलाई" स्वीकार गरेका छन् । हामीले याद गर्नुपर्दछ, अगमवाणीको सेवकाई सबैका निम्ति हो, र हामी सबै यस सेवकाईमा सहभागी हुन योग्य हुनुपर्दछ ।

> *"तिमीहरू सबैले पालैसँग अगमवाणी बोल्न सक्छौ, र यसरी नै सबैले सिक्न सक्छन् अनि सबैले उत्साह पाउन सक्छन्"* (१कोरिन्थी १४:३१) ।

हामीले सिक्न र उत्साह पाउन सकौँ भन्ने क्रममा यस्तो हुन्छ ।

म एउटा मण्डलीमा पवित्र आत्माका वरदानहरूमाथि बोलिरहेको र त्यसपछि मण्डलीका सदस्यहरूलाई यस वरदानमा अगाडि जाने उत्साह दिइरहेको सम्झन्छु । पवित्र आत्माले संकेत गर्नुभयो, त्यस ठाउँमा दश जना मानिसहरू थिए, जसद्वारा उहाँले त्यो दिन काम गर्ने इच्छा गर्नुभयो ।

तसर्थ मैले भनेँ, त्यस अघि अगमवाणी वा अन्य भाषामा सन्देश बोलेको कुनै मानिसले बोल्नेछैन ।

सभा समक्ष आएको पहिलो सन्देश अभिषिक्त थियो, र मैले मेरो आत्मामा त्यस मानिसले पहिले नबोलेको बोध गरेँ । दोस्रो सन्देश असल थियो, र फेरि पहिलोपल्ट बोल्नेबाट आयो । तर तेस्रो सन्देश आएपछि मैले तुरून्त थाहा पाएँ, त्यो मानिसले त्यस मण्डलीमा प्रायः सन्देश ल्याउने गर्दथ्यो ।

ती स्त्रीले सन्देश दिइसकेपछि उनले त्यस अघि पनि अगमवाणी बोलेकी थिइन् भनी मैले सोध्दा उनले होमा जवाफ दिइन् । पहिले अगमवाणी बोलिसकेको कुनै मानिसले सन्देश ल्याउनु हुँदैन मैले भनेको थिएँ भनेर मैले औँल्याएँ ।

चौथो सन्देश फेरि नयाँ सुरु गर्नेबाट आएको थियो, तर बोल्ने पाँचौँ मानिस एक "व्यवसायिक अगमवक्ता" थियो ।

मैले बारम्बार अनुरोध गर्दा पनि यो भइनैरह्यो । केही मानिसहरू सभाको अगुवादलको लागि दिएको परमेश्वरको आज्ञाको उपेक्षामा समेत वचन बोल्न ठूलो दबाब (मित्रबाट वा आफ्ना दौंतरीहरूबाट) अनुभव गर्दछन् । अगमवाणी बोल्न अभ्यस्त भएकाहरूलाई अगमवाणी नबोल्न र अरूहरूलाई बोल्न दिन भनिए तापनि ती बोल्नबाट रोकिएनन् । जसका बारेमा प्रभुले मलाई भन्नुभएको थियो, र जसलाई उहाँले पहिलोपल्ट प्रोत्साहन दिने इच्छा गर्नुभयो त्यो दश जनाको आवश्यक संख्यामा म पुग्नुअघि कममा सत्र जनाले अगमवाणीबाट सन्देश ल्याए ।

मैले पहिले भनिसकेको छु, म विश्वास गर्दछु, पवित्र आत्माले सभाको निर्देशनमा एक सभामा एकजना मानिसद्वारा बोल्नुहुन्छ । त्यो मानिस प्रचार गरिरहेको, अगमवाणी बोलिरहेको वा आराधनामा अगुवाइ गरिरहेको हुनसक्छ । जेसुकै भए तापनि ऊ वा तिनी त्यो खास समयमा परमेश्वरले भनिरहनुभएको कुरोमा धेरै संवेदनशील हुनुपर्दछ । प्रभुले मेरी पत्नी प्याटलाई अगमवाणी बोल्ने वरदानमा ल्याउन मलाई प्रोत्साहन दिन सुरु गर्नुभएको म राम्ररी सम्झन्छु । उहाँले प्याटलाई अगमवाणीको एउटा कुरा दिनुभएको थियो भनेर उहाँले मसँग एकरात भन्नुभयो । त्यसपछि उनले अलिकति हिच्किचाउँदै त्यो कुरा बोलिन्, तर पवित्र आत्माले त्यहाँ

अझ बढी भएको बताउनुभयो । सम्पूर्ण सन्देश प्रस्तुत नगरून्जेल मैले उनलाई अझ बोल्न आग्रह गरेँ ।

अहिले पनि पवित्र आत्माले कतिपय घटनाहरूमा मलाई सम्पूर्ण अगमवाणी बोलिएको छैन भनी देखाउनुहुन्छ, अनि म त्यस मानिसलाई थप कुरा बोल्न प्रोत्साहन दिन्छु ।

हामीले हाम्रो घरमा प्रार्थना सभाहरू निरन्तर आयोजना गर्दैआएपछि संख्यामा धेरै वृद्धि भयो, जसले गर्दा मानिसहरूलाई घरको भूइँ तलामा र परिवारले प्रयोग गर्ने कोठा र विश्राम कक्षमासमेत राख्नु आवश्यक भयो । (आराधनाको केन्द्र विश्राम कक्षमा थियो र हामीले अरू कोठाहरूमा भित्री टेलिफोनको व्यवस्था गरेका थियौँ) । एक रातको मेरो चिन्ताको कल्पना गर्नुहोस्, किनकि पवित्र आत्माले भन्नुभयो, भूइँ तलामा भेला भएकाहरूका माझमा अन्य भाषामा एउटा सन्देश थियो ।

भूइँ तलामा को को थिए र के ती विश्वासीहरू थिए भनेर मलाई थाहा थिएन । तैपनि विश्वासमा काम गर्दै मैले भूइँ तलाबाट अन्य भाषामा एउटा सन्देश बोल्न अनुरोध गरेँ, अनि यो निश्चय नै इन्टरकम प्रणालीमार्फत सुन्दर किसिमबाट प्रवाहित हुँदै आयो । त्यसपछि अर्थचाहिँ परिवारको कोठामा थियो भनेर पवित्र आत्माले संकेत गर्नुभयो, अनि मैले त्यसैबमोजिम त्यो कोठाबाट सुन्दर शब्दले अर्थ खोलिदिन कुनै व्यक्तिलाई अनुरोध गरेँ ।

जुन प्रत्यक्ष चालमा पवित्र आत्मा काम गरिरहनुभएको थियो, त्यसले एक अगुवाको रूपमा मलाई मात्र होइन, उपस्थित प्रत्येक मानिसलाई प्रेरणा दिँदै सभामा विश्वासको प्रबल आत्मा सृजना गऱ्यो । त्यसले गर्दा परमेश्वरका आत्मा मानिसहरूलाई सभा चलुञ्जेलसम्मै सामर्थ्यपूर्ण तवरमा आशिष दिन र छुन योग्य हुनुभएको थियो ।

म बोलिरहँदा पवित्र आत्मा मलाई उहाँ खास अवस्थाको कुनै व्यक्तिलाई निको पारिरहनुभएको छ भनेर कहिलेकाहिँ संकेत गर्नुहुन्छ । म त्यसै ठाउँमा रोकिन र प्रभुले बोलिरहनुभएको भनी मैले विश्वास गरेको कुरा प्रकट गर्न डोऱ्याइन सक्छु । सायद मानिसहरू त्यसै क्षण निको भएर वा कममा परमेश्वरको शक्ति तिनीहरूमाथि आइरहेको बुझ्दै खडा हुनेछन् । यसले सभामा विश्वास र अपेक्षालाई थप उच्चता प्रदान गर्दछ ।

पावलले भने, उनी ठूला ठूला कुराहरू र बुद्धिमा "परमेश्वरका गवाहीको घोषणा गर्दै" आएका थिएनन् (१कोरिन्थी २:१) । उनको उपदेश र प्रचार मानिसहरूको बुद्धिका लोभ्याउने शब्दहरूमा गरिएको थिएन, तर पवित्र आत्माको र शक्तिको प्रदर्शनमा गरिएको थियो,

***"मेरो उपदेश र सन्देश घतलाग्दो र बुद्धिपूर्ण शब्दमा थिएन, तर पवित्र आत्माको र शक्तिको प्रदर्शनमा थियो"*** (१कोरिन्थी २:४) ।

हामी पवित्र आत्माको निम्ति खुला छौँ भने उहाँ आफ्नो प्रेम र शक्ति प्रदर्शन गर्नमा सधैँ तयार रहनुहुन्छ ।

मण्डलीमा अगमवाणी बोल्न कम मानिसहरू मात्र प्रेरित गरिएपछि अरू निरूत्साहित हुन्छन् । यसकारण पावलले भने, हामी सबैले अगमवाणीको सेवकाईमा अगमवाणी बोल्नु पर्दछ । सबै सदस्यहरूलाई अगमवाणी बोल्न प्रेरित गरियो भने परमेश्वरले सभाको सुरुदेखि अन्तसम्म शक्तिशाली तवरमा बोल्नु हुनेछ ।

तसर्थ, तपाईं नेतृत्वको भूमिकामा काम गरिरहनुभएको छ भने याद गर्नुहोस्, पवित्र आत्माले तपाईंद्वारा सभालाई अगुवाई गरिरहेको हुनुहुन्छ, र तपाईंले मेहनत वा संघर्ष गर्नु आवश्यक छैन । उहाँले डोऱ्याउनुभएअनुसार विभिन्न मानिसहरूमार्फत उहाँलाई बोल्न दिँदै सभाको अन्तसम्म काम गर्न मात्र दिनुहोस् । त्यसपछि तपाईंले सभामाथि आइरहेको ठूलो अभिषेक भेट्टाउनुहुनेछ । विश्वासको आत्मा फेरि सजीव हुनेछ, र चंगाईहरू र छुटकाराहरू तपाईंकै आँखा सामुन्ने हुनेछन् ।

सत्रौँ अध्याय

# पवित्र आत्माका वरदानहरू कसरी प्राप्त गर्ने

हामीले पवित्र आत्माका वरदानहरू प्राप्त गर्नसक्ने धेरै उपायहरू छन्। पहिले एल्डरहरूले हामीमाथि तिनका हात राखिदिएर हो । हामी यसको उल्लेख १तिमोथी ४:१४ मा गरिएको पाउँदछौं,

*"तिमीसँग भएका वरदानको अवहेलना नगर, जुन वरदान एल्डरहरूले तिनीहरूका हात तिमीमाथि राख्दा अगमवाणीद्वारा तिमीलाई मिलेको थियो ।"*

प्रेरित पावलले यस घटनालाई २तिमोथी १:६ मा फेरि भनेका छन्,

*"त्यसैकारण म तिमीलाई याद दिलाउँछु, कि मैले तिमीमाथि हात राखिदिएर तिमीले पाएका परमेश्वरको वरदानलाई प्रज्वलित राख ।"*

हामीले पवित्र आत्माका वरदानहरू प्राप्त गर्ने विश्वास गरेपछि परमेश्वरले तिनलाई कहिलेकाहिँ सर्वोच्चतामा दिनुहुन्छ । प्रार्थनामा हामीले उहाँको लागि प्रतीक्षा गर्दै वरदानहरूको निम्ति विश्वास गरेपछि उहाँ सामर्थ्यमा काम गर्नसक्नुहुन्छ ।

मैले पवित्र आत्माका वरदानहरू प्राप्त गर्ने विषयमाथि शिक्षा दिएपछि मानिसहरू यी वरदानहरू प्राप्त गर्न भोकाएका म पाउँदछु, । म अब मैले धेरै घटनाहरूमा सफलतापूर्वक प्रयोग गरेको प्रणाली यहाँ उल्लेख गर्दछु ।

**व्यवहारिक सेवकाई**

- प्रत्येक मानिसलाई जोडा बनाउन प्रोत्साहन दिनुहोस् ।
- प्रभुले तिनीहरूलाई दिइरहनुभएको भनी तिनीहरूले विश्वास गरेका प्रोत्साहनका केही शब्दहरू अर्को मानिसको लागि पूर्ण स्वाभाविक तरिकामा भन्न तिनीहरूलाई भन्नुहोस् ।

ती शब्दहरू यस प्रकारका हुनसक्छन्, "प्रभु तिमीलाई धन्य तुल्याउन चाहनुहुन्छ" वा "परमेश्वर तिमीसँग प्रेम गर्नुहुन्छ" वा "परमेश्वर तिम्रा साथ हुनुहुन्छ" वा "परमेश्वर तिम्रो हृदयको क्रन्दन सुन्नुहुन्छ" आदि।

- अब तिनीहरूलाई यी शब्दहरूलाई विस्तार गर्न उत्साह दिनुहोस्, तर निश्चय गर्नुहोस्, मानिसहरूलाई निर्देशन दिने वा तिनका भविष्य बताउने कुनै कुरा ती भन्दैनन्।
- जसै तिनीहरू कुनै कुरा भन्न सुरु गर्दछन् तिनीहरूले विश्वास गर्नुपर्दछ, परमेश्वरले तिनीहरूलाई दिनुभएका कुराहरू अर्को मानिसको निम्ति आत्मिक वृद्धि, उत्साह र सान्त्वनाका कुराहरू हुनेछन्।

### *पहिलो चरण: अगमवाणी बोल्नु*

सबैलाई एकसाथ फेरि भेला गराउनुहोस् र तिनीहरूलाई छ जना मानिसहरूको समूहमा टुक्रयाउनुहोस् । त्यसपछि दलको लागि बोल्न चाहनुभएको भनेर तिनीहरूले विश्वास गरेका कुनै कुरा भन्नको लागि दलका हरेक मानिसलाई प्रोत्साहन दिँदै अगमवाणी बोल्ने वरदान अभ्यास गराउन सुरु गर्नुहोस् । तिनीहरूले त्यसो गरेपछि प्रथम पुरूषमा बोल्नु पर्दछ, अर्थात "म तिमीहरू मेरा प्रजालाई प्रेम गर्दछु र म यसबेला तिमीहरूसँग छु ।" तिनीहरूले वाक्यको पहिलो भागको निम्ति बनाएका कुनै कुरो ती मानिसलाई बोल्न दिनुहोस्, तर पवित्र आत्मालाई तिनीहरूलाई वाक्य पूरा गर्न सहायता गर्न दिनुहोस्।

भनौं, दश पन्ध्र मिनेटसम्म यसको अभ्यास गरेपछि हामी अर्को चरणमा बढ्नु पर्दछ।

### *दोस्रो चरण: विभिन्न किसिमका भाषाहरूमा बोल्ने र तिनको अर्थ खोलिदिने वरदान*

हरेक समूहलाई फेरि दुई दुई जनाको जोडी बनाउन भन्नुहोस्, र तिनीहरूलाई व्यक्तिगतरुपमा अन्य भाषामा बोल्न प्रोत्साहन दिनुहोस्, र

तिनका साझेदार वा तिनीहरू आफैलाई तिनीहरूले अर्थ भनी विश्वास गरेका कुरा बोल्न दिनुहोस् । यो अर्थ माथि भनिएको अगमवाणीको रूपसमान हुनुपर्दछ, अर्थात, "म मेरा जनहरूलाई उत्साह दिने इच्छा गर्दछु" वा फेरि, "म मेरा प्रजाहरूसँग छु", आदि जस्ता प्रोत्साहनका परमेश्वरले दिनुभएका कुराहरू ।

केही मिनेटपछि दललाई फेरि एकसाथ ल्याउनुहोस्, र दललाई प्रत्येक व्यक्तिगत मानिसलाई तिनका भाषामा बोल्न उत्साह दिन भन्नुहोस् । त्यसपछि त्यो बोल्ने मानिस वा एउटा अर्को मानिसलाई उसले आफ्नो अर्थ भनी विश्वास गरेको वाक्य बोल्न भन्नुहोस् । हामीले मनमा ख्याल राख्नुपर्दछ, तिनीहरूको अर्थ सामान्यतया अगमवाणीजस्तै उत्साहका कुरा हुन्छ ।

हामी अभ्यास मात्र गरिरहेका छौँ, तसर्थ मानिसहरू सहज हुनुपर्दछ भनेर हामीले जोड दिनुपर्दछ ।

### *तेस्रो चरण: ज्ञानका कुरा*

फेरि, यस चरणमा बढ्नुअघि हरेक दलको अगुवाले प्रभुलाई उहाँको बुद्धिका, ज्ञानका कुरा दिन विन्ती गर्दै सानो प्रार्थना गर्नुपर्दछ । अर्को चरण मानिसहरूलाई ज्ञानका कुरामा उत्साह दिनु हो । हामीले हरेक दलमा मानिसहरूलाई पवित्र आत्मालाई तिनीहरूलाई दलमा कुनै अर्को व्यक्तिको सम्बन्धमा विचार वा छाप ल्याउन दिनुपर्दछ भनी भन्नु पर्दछ । तिनीहरूले खास मानिसको नाउँ लिनु हुन्न तर तिनका बारेमा केही विचार प्राप्त गर्नुपर्दछ, अर्थात कुनै व्यक्ति कुनै अवस्थाको बारेमा फिक्री गरिरहेछ वा कुनै खास बिरामी छ वा उसको जीवनमा कुनै समस्या छ, आदि । जुन मानिसको लागि ज्ञानका कुरा लागू हुन्छ, उसले त्यो तुरुन्त सकार्नु पर्दछ । यस चरणमा कसैको निम्ति प्रार्थना गरिनुहुँदैन (दश मिनेट समय दिनुहोस्) ।

### *आत्माहरू छुट्याउने*

हरेक समूहमा कुनै मानिसले अब बिरामी वा डर, व्यसन वा शंका, वा तिनीहरूलाई पेलिरहेको, बाध्य तुल्याइरहेको वा सताइरहेको कुनै

कुरोजस्ता तिनका जीवनमा भएका समस्या प्रकट गर्नुपर्दछ । त्यस मानिसलाई कुन किसिमको आत्माले कष्ट दिइरहेको छ सो जान्न अरूहरूले प्रभुतिर हेर्नुपर्दछ। तिनीहरूले प्रभुबाट आएको कुरा बोल्नुपर्दछ, तर कुनै थिचोमिचो गर्नुहुँदैन, यस चरणमा सचेत मात्र गराउनु पर्दछ। समयले साथ दिएमा अर्को मानिसले आफ्नो समस्या प्रकट गर्नसक्छ, र एउटै कार्यविधि दोहोऱ्याउनुहोस् (दश मिनेट समय दिनुहोस्)।

*बुद्धिका कुरा*

हरेक दलमा दुई वा तीन सदस्यहरूलाई तिनका जीवनमा प्रभाव पारिरहेको स्थितिलाई प्रकट गर्न भन्नुपर्दछ। अरूहरूलेचाहिँ त्यो स्थितिसँग कसरी व्यवहार गर्ने भन्नेबारे प्रभुबाट बुद्धिको छोटो कुरा आउनको लागि उहाँतर्फ हेर्नु पर्दछ। यस चरणमा कुनै प्रार्थना हुनुहुँदैन (दश मिनेट समय दिनुहोस्)।

***चौथो चरण: निको पार्नु र छुटकारा***

समूहहरूमा निको पार्न वा छुटकारा दिनको लागि प्रार्थना गर्न आवश्यक भनेर छुट्याइएकाहरू अब उभिनु पर्दछ, र अरू सदस्यहरूले उभिएर परमेश्वरको अभिषेकको लागि तिनीहरूसँग प्रतीक्षा गर्नुपर्दछ र त्यसपछि तिनीहरूमाथि आफ्ना हात राखिदिनु पर्दछ। तर, त्यसो गर्नुअघि मानिसहरूलाई अरूहरूलाई क्षमा गर्न, तिनका आमा बाबुलाई आदर गर्न र परमेश्वरलाई आफ्ना जीवनमा अग्रस्थानमा राख्न सल्लाह दिनुपर्दछ।

कुनै शैतानी शक्ति प्रस्फुटन भएमा तिनीहरूलाई त्यस समयमा तिनीहरूकै स्थानमा धपाउनु पर्दछ।

**वरदानहरू अभ्यास गर्ने वैकल्पिक तरिका**

- मानिसहरू कसरी वरदानहरूमा आउन सक्छन् सो प्रदर्शन गर्न वरदानहरू कहिल्यै अभ्यास नगरेका चार वा पाँच जना मानिसहरूलाई अगाडि आउन भन्नुहोस् । तिनमा कममा केही स्त्रीहरू पनि हुनुपर्दछ।

- दललाई बाहिर बोलाएपछि तपाईंले कुनै थप चरणहरू चाल्नुपूर्व तिनीहरूमाथि अभिषेक हुनको लागि विन्ती गर्नुपर्दछ।
- प्रभुले झुण्डलाई प्रोत्साहन दिन भनेर तिनीहरूलाई दिनुभएको भनी तिनले विश्वास गरेका केही कुरा भन्न तपाईंले तिनीहरूलाई पालैसँग भन्नु पर्दछ । यसले तिनीहरूलाई अगमवाणी बोल्नुमा डोऱ्याउँछ।
- त्यसपछि एकजनालाई अन्य भाषामा बोल्न भन्नुहोस् र अर्कोलाई उसले त्यसको अर्थ भनी विश्वास गरेको कुराको अर्थ खोल्न भन्नुहोस्। यस्तो प्रकारले विश्वास सभामा बढ्दछ।
- यो काम धेरै पटक गरेपछि अर्को वरदानमा अभ्यास गर्न एउटा नयाँ समूह ल्याउनुहोस्।
- सभामा उपस्थित मानिसको सम्बन्धमा ज्ञानका कुरा प्राप्त गर्न पालैसँग धेरैलाई हौसला दिनुहोस्।
- त्यसपछि सल्लाह दिनुहोस्, ज्ञानको कुरा प्राप्त गरेको मानिसले त्यो मानिसले आफ्नो जीवनको कुनै क्षेत्रमा, अर्थात अक्षमाशीलता पश्चाताप गर्नु जरूरी छ वा छैन, वा उसलाई कुनै आत्माले आक्रमण गरिरहेको त छैन भनी छुट्याउनको लागि प्रभुसँग निवेदन गरोस् । यसले आत्माहरू छुट्याउने वरदानको अभ्यास देखाउँछ।
- त्यसपछि निको हुनको लागि ज्ञानका कुरामा प्रतिकृया गरेको मानिस मंचमाथि आओस् भनी सल्लाह दिनुहोस्। त्यसपछि त्यस मानिसको निम्ति कसरी प्रार्थना गरिनुपर्दछ भनेर समूहका एक वा बढी सदस्यहरूसँग सोध्नुहोस्, अर्थात त्यस मानिसले उसको आफ्नै हात कुन अंगमाथि राख्नु पर्दछ र त्यसको निम्ति वास्तवमा कसरी प्रार्थना गरिनुपर्दछ ? यो निश्चय नै बुद्धिको कुरो हो।
- समूहको एक वा दुई जनालाई निको पार्नको लागि विश्वासको अभ्यास गर्दै सम्बन्धित मानिसमाथि तिनका हात राखिदिन भन्नुहोस् । यसले विश्वासको वरदान र निको पार्ने वरदानलाई

प्रदर्शन गर्दछ। यदि त्यहाँ तुरुन्तै चंगाई भयो भने यसले निश्चय नै अचम्मका कामहरू गर्ने वरदानलाई स्थापित गर्दछ।

- त्यसपछि सल्लाह दिनुहोस्, त्यहाँ उपस्थित सबै मानिसले प्रभुले तिनीहरूलाई दिनुभएअनुसार पवित्र आत्माका यस्ता वरदानहरू ग्रहण गर्न एक अर्काको निम्ति प्रार्थना गरून्। परमेश्वरले अर्को मानिसलाई के वरदान दिनुभएको छ भनी तिनीहरूले गरेको विश्वासलाई तिनले एक अर्कालाई भनून् भनेर सल्लाह दिनुहोस्।

माथि उल्लेख गरिएकामध्ये कुनै एक वा दुवै विधि प्रयोग गर्नसकिन्छ।

**अन्तिम प्रार्थना**

- पवित्र आत्माका नौ वरदानहरूलाई बिस्तारै पढ्नु पर्दछ, ताकि पवित्र आत्माले अर्को मानिसमा राखिदिइरहनुभएको हुनसक्ने वरदानहरूको बारेमा हरेक सदस्यले विचार गर्न सकोस्।
- प्रत्येक व्यक्ति जोडा जोडा बनाएर उभिन प्रोत्साहित गरिनुपर्दछ, पुरुष पुरुषसँग र स्त्री स्त्रीसँग। तिनीहरूले एक अर्कामाथि हात राख्नु पर्दछ र यसै समान एउटा प्रार्थना गर्नुपर्दछ,
  *"हे स्वर्गमा हुनुहुने प्रिय पिता, येशूको नाउँमा म तपाईंलाई मेरो भाइ (वा बहिनी) मा तपाईंले इच्छा गर्नुभएबमोजिमका तपाईंका आत्माका वरदानहरू हालिदिन प्रार्थना गर्दछु, ताकि अन्तमा तिनीहरू स्थापित हुनसकून्।"*
- अन्तमा परमेश्वरले अर्को मानिसलाई दिनुभएको भनी तिनीहरूले विश्वास गरेका पवित्र आत्माका वरदानहरू तिनले एक अर्कालाई बताउनुपर्दछ। त्यसपछि तिनीहरूले एकसाथ प्रार्थना गर्नुपर्दछ र सभा समाप्त गर्नुपर्दछ।

अठारौँ अध्याय

# अन्तिम व्यवहारिक अन्तर्दृष्टिहरू

- हामी थाकेको समयमा सेवकाई गर्नुहुँदैन । निश्चय नै हामी यसबाट उम्कन नसक्ने यस्ता समयहरू पनि हुन्छन् । थाकेका समयमा हामी ठूलो आक्रमणमुनि हुन्छौँ, र यो बेला प्रभुको वाणी सुन्नु झन् कठीन हुने मैले पाएको छु ।
- नम्र भइरहनुहोस् । स्मरण गर्नुहोस्, शैतानले तपाईं अर्को मानिसभन्दा उत्तम हुनुहुन्छ भनेर तपाईंलाई विश्वास दिलाउने कोसिस गर्नेछ । त्यसले तपाईंलाई घमण्डमा आक्रमण गर्नेछ, यो नै उसको पतनको कारण हो । जसका निम्ति तपाईं सेवकाई गरिरहनुभएको छ तिनीहरूले तपाईं विनित हुनुहुन्छ कि हुनुहुन्न भनी तुरुन्तै थाहा पाउनेछन् । सधैं प्रेममा काम गर्नुहोस् । यदि तपाईं परमेश्वरको प्रेममा काम गरिरहनुभएको छ भने पवित्र आत्मा तपाईंद्वारा काम गर्नुहुनेछ । तपाईंले सेवकाइ गरिरहेको व्यक्तिले तपाईंको सेवकाइमा भरोसा गर्नेछ । उनीहरू बुझ्नेछन्, तपाईं तिनको इन्साफ गरिरहनुभएको छैन र परमेश्वरले तिनीहरूलाई तपाईंद्वारा दिइरहनुभएको छ भन्ने कुराहरू तिनीहरू प्राप्त गर्न योग्य हुनेछन् ।
- तपाईंको जीवनमा परमेश्वरको बोलावटको लागि सधैं खुला रहनुहोस् । परमेश्वरले आफ्नो सन्देश ल्याउन अभिषेक गरेर सबैभन्दा कमजोर पात्रलाई प्रायः प्रयोग गर्नुहुन्छ ।
- याद गर्नुहोस्, परमेश्वरले हामीलाई उच्चतामा निर्माण गर्न, प्रेरित गर्न र आफ्नो राज्य फैलाउने ध्येयले ख्रीष्टको शरीरमा वरदानहरूको सेवकाई गरिन चाहनुहुन्छ । पवित्र आत्माका

वरदानहरूमा काम गर्न कहिल्यै नडराउनुहोस्, किनकि यो एउटा प्रमुख मार्ग हो, जसमा पवित्र आत्मा सभामा आफ्नो उपस्थिति देखाउन योग्य हुनुहुन्छ । अनि गैरक्रिश्चियनहरू हाम्रा माझमा आएपछि तिनीहरू यसो भन्न सफल हुनेछन्, *"साँच्चै यो त परमेश्वरले गर्नुभएको काम हो ।"*